गन्यापधुरा गाँउपालिकाको

# विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना २०८०



गन्यापधुरा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गणेशपुर, डडेल्धुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

पुस, २०८०

**सर्वाधिकार ©: गन्यापधुरा गाँउपालिका, डडेल्धुरा**

**योजनाको नाम : गन्यापधुरा गाउँपालिकाको विपद पूर्व तयारी तथा प्रतिकार्य योजना**

**तयार गरिएको वर्ष : २०८०**

**योजना तर्जुमा गर्ने :**

गन्यापधुरा गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

**सहकार्य:**

(सिमान्तकृत समाजको आर्थिक तथा सामाजिक सशक्तिकरण परियोजना)
एफसीए
एकिकृत विकास समाज
अमरगढी–५ डडेल्धुरा

**सहजीकरण :**

झिल्को मिडिया एण्ड कन्सलटेन्सी सर्विस प्रा.लि.
अमरगढी नगरपालिका–५
डडेल्धुरा

**गन्यापधुरा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**गणेशपुर, डडेल्धुरा**
**सुदूरपश्चिम प्रदेश, नेपाल**



विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अहिले विश्वव्यापी चुनौतीको रुपमा देखिएको छ । हाम्रो समाजमा रहेको गरिवी र सामाजिक असमानतालाई विपद्ले झनै बढावा दिएको छ। खडेरी, अनियमित बर्षा र अत्याधिक एवं पटक पटक आउने पहिरो, बाढी, हुरी वतास, खडेरी, चटयाङ, भूकम्प जस्ता सबै प्रकारका प्रकोपहरुले विपद्को रुप लिँदा गरिव तथा विपन्न वर्गको जीविकोपार्जनमा असर पारिरहेको छ । परिवर्तित जलवायुका कारण विपद्का घटनाहरुमा ल्याएको बृद्धिले विकासका कार्यक्रमहरुलाई प्रत्यक्ष रुपमा असर पारेको अनुभव गरिएको छ। पहिरो, बाढी , रोग किरा, खडेरी, आगलागी, हुरी वतास, जंगली जनावरहरुको आतंक र महामारी गन्यापधुरा गाँउपालिकामा देखिएका मुख्य विपद्हरु हुन। यस्ता प्राकृतिक तथा मानवीय प्रकोपहरुको कारण निम्तिने विपद्हरुले यस गन्यापधुरा गाँउपालिका बासिन्दाहरुलाई दिन प्रतिदिन प्रभावित तुल्याउने गरेको छ। यहाँको मुख्य पेशा कृषि तथा पशुपालन हो, जुन शतप्रतिशत विपद्संग जोडिएको छ। यहाँका अधिकाँस घरधुरीहरु विपद् जोखिम तथा जलवायु परिवर्तनको असरबाट दिन प्रतिदिन प्रभावित भईरहेको सन्दर्भलाई मध्य नजर गरेर एफसीए/एकिकत विकास समाज डडेल्धुरासँगको सहकार्यमा झिल्को मिडिया एण्ड कन्सलटेन्सी प्रा.लि.को प्राविधिक सहयोग र सहजीकरणमा गन्यापधुरा गाँउपालिकाले विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०८० तर्जुमा गरेको छ।

यो योजना विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धि कानूनलाई संसोधन र एकिकरण गर्न बनेको ऐन २०७४, विपद् जोखिम पुर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ को पहिलो संसोधन २०७६ तथा गन्यापधुरा गाँउपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन २०७५ अनुरुप तयार गरिएको छ। यस योजनामा विपद्को जोखिम क्षेत्रहरुलाई विश्लेषण र पहिचान गरी व्यवस्थापन गर्नको लागि कार्ययोजना तर्जुमा गरिएको छ । यस योजनालाई गाँउपालिकाको नियमित योजना तर्जुमा प्रक्रियामा समायोजन गरी सम्बन्धित सबै सरोकारवालाहरुको सहयोग, समन्वय तथा सहकार्यमा प्रभावकारी रुपमा कार्यान्वयन गरिने विश्वाल लिएको छु। यस योजनाको कार्यान्वयन प्रक्रियामा स्थानीय श्रोत साधन परिचालन गर्न गन्यापधुरा गाँउपालिका तत्पर रहने प्रतिबद्धताका साथै आवश्यकता अनुसार सम्बन्धित सबै सरोकारवालाहरुको विभिन्न श्रोतहरुको उपलब्धतासँगै सक्रिय सहयोग तथा सहकार्यको अपेक्षा गर्दछौं। साथै यो योजना निर्माण गर्न सहयोग गर्नु हुने सबै प्रति हार्दिक कृतज्ञताका साथ धन्यवाद ज्ञापन गर्दछु।

**(इन्द्रबहादुर कार्की)**
**अध्यक्ष**

# गन्यापधुरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# गणेशपुर, डडेल्धुरा
# सुदूरपश्चिम प्रदेश, नेपाल



विपद् जोखिमका दृष्टिले निकै संकटासन्न मानिने गन्यापधुरा गाँउपालिकामा बर्षेनी हुने विपद्का घटनालाई रोक्न नसकिए पनि यसको जोखिम न्युनीकरणगरि जनधनको क्षती कम गर्न सकिने भएकाले यस गाउँपालिकाले विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना २०८० तयार गरेको छ। गाउँपालिकास्तरमा कार्यरत सरकारी, गैर सरकारी क्षेत्रबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरुलाई विपद् व्यवस्थापनमा मुलप्रवाहीकरण गर्दै विपद् उत्थानिशील समाज निर्माणमा गन्यापधुरा गाउँपालिकाको पहिचान दिन यस योजनाले मार्गनिर्देशन गर्नेछ भन्ने विश्वास लिएका छौ। प्रस्तुत योजनाको प्रभावकारी कार्यान्वयनसँगै आगामी वर्षहरुमा चुरे गाउँपालिकामा विपद्वाट क्षति कम हुनुको साथै यस गाउँपालिकाको दिगो विकासमा समेत ठुलो टेवा पुऱ्याउने छ भन्ने विश्वास लिएका छौ। पर्याप्त श्रोत, साधन तथा मावन संसाधनको अभाव मात्र हैन, विश्वव्यापी रुपमा देखिएको आर्थिक सङ्कट झेलिरहका बेला स्थानीय तहले आफ्नै श्रोत, साधन र क्षमताबाट विपद् जोखिम न्युनीकरणका लागि गरिरहेको प्रयासहरुमा सबै सरोकारवाला निकायहरुको हातेमालो जरुरी रहेको छ।

विपद् व्यावस्थापन पुर्व तयारी तथा प्रतिकार्य योजना निर्माणका लागी प्रयाप्त साधन श्रोत, छलफल र समयको समेत असहज अवस्था रहेका बेला यस गाउँपालिकाले उपलब्ध सूचना र तथ्य, तथ्यांकहरुको आधारमा निरन्तर दोहोरिरहने बाढी, हुरीबतास, भुकम्प, खडेरी, महामारी, आगालागी जस्ता धेरै प्रकारका प्रकोपका घटनाबाट हुने क्षतिलाई न्युन गर्न यो योजना तयार पारी कार्यन्वयनमा ल्याउने जमर्को गरेको हो। स्थानीय सरकार सञ्चालन ऐन २०७४ का अनुसार विपद् व्यवस्थापनलाई विकासका सवै विषयगत क्षेत्रमा मुलप्रवाहीकरण गर्ने व्यवस्था भए अनुसार यो योजना गन्यापधुरा गाउँपालिकाको आगामी योजना तर्जुमा र कार्यन्वयनमा कोषे ढुङ्गा सावित हुने विश्वास लिएकी छु। प्रस्तुत योजनाले विपद् व्यवस्थापनको लागि सञ्चालन हुने पूर्वतयारी, विपद्को समयमा र विपद् पश्चात गरिने क्रियाकलापहरु, सरोकारवाला निकाय लगायत विभिन्न क्षेत्रगत रुपमा गहिरो अध्ययन गरेकोले यस क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकाय हरुको लागि मार्ग उपयोगी दस्तावज हुने र उत्थानशील समाजको निर्माण भई दिगो विपद् व्यवस्थापन हुनेमा विश्वस्त छु। अन्तमा यस योजना निर्माणका लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने सिमान्तकृत समाजको आर्थिक तथा सामाजिक सशक्तिकरण परियोजना, एफसीए र एकीकृत विकास समाज डडेल्धुराकासाथै योजना तर्जुमा कार्यमा योगदान पुगाउने सबैलाई हार्दिक धन्यवाद ज्ञापनगर्दै योजनाको सफल र प्रभावकारी कार्यान्वयनको शुभकामना व्यक्त गर्दछु। धन्यवाद ॥

**(ज्ञानुकुमारी सेटी देउवा)**
**उपाध्यक्ष**

# गन्यापधुरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# गणेशपुर, डडेल्धुरा
# सुदूरपश्चिम प्रदेश, नेपाल



नेपालमा बाढी, ढुवान, पहिरो, आगलागी, हुरीवतास, महामारी जस्ता प्रकोपबाट हरेक वर्ष ठूलो जनधनको क्षति हने गर्दछ भने भूकम्पबाट पनि नेपाल अत्यन्तै जोखिम सूचिकृत क्षेत्रमा रहेको यथार्थ नकार्न सकिँदैन। यस गन्यापधुरा गाँउपालिकाको परिपेक्ष्यमा विगत्का घटनाक्रमलाई केलाउँदा, बाढी, ढुवान तथा पहिरोका कारण बर्षेनी यँहाका नागरिकहरु आक्रान्त बन्दै आएका छन। बिभिन्न प्रकारका विपद्ले संकटासन्न अवस्थामा रहेका महिला, बालबालिका, अपाङ्ग, जेष्ठ नागरिकहरुमा बढि मात्रामा असर परेको देखिन्छ। विभिन्न मानव सृजित तथा जलवायू परिवर्तनका कारण विपद्को असर बढिरहेका छन भने वढ्दो जनसंख्याका कारण अव्यवस्थित शहरीकरणले पनि गन्यापधुरा गाउँपालिकामा विपद्जन्य घटनाले जनधनको क्षति बढ्दो छ। विश्लेषकहरुले विभिन्न भुभाग मध्ये नेपालको पश्चिम भागमा भूकम्पको जोखिमको तह उच्च देखाइरहेका छन। जसले गर्दा बहुप्रकोपको पूर्वतयारी र प्रतिकार्यमा उत्रनु गन्यापधुरा गाँउपालिकाका लागि वाञ्छनीय देखिएको छ।

यसै सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उप दफा २) बमोजिम स्थानीय तहले आ-आफ्नो क्षेत्रको विपद् व्यवस्थापनका लागि विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्नुपर्ने कानूनी प्रावधान बमोजिम यस गन्यापधुरा गाँउपालिकाले गाँउपालिकास्तरमा हुन सक्ने् विपद् व्यवस्थापनमा सहजताका लागि यो योजना प्रथम पटक तर्जुमा गरेको छ। नेपाल सरकारको गृहमन्त्रालयको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ र जिल्ला विपद् व्यवस्थापन योजना तर्जुमा २०६९ को अवधारणामा रहेर यो योजना तयार गरिएको हो। योजना तर्जुमाका क्रममा विभिन्न बैठक तथा छलफल कार्यक्रममा उपस्थित भइ आवश्यक सूचना र सुझाव, सल्लाह प्रदान गरी दस्तावेज तयार गर्न प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने सम्पुर्ण सरकारी तथा गैहसरकारी सरोकारवाला निकायहरु प्रति पनि आभार व्यक्त गर्दछु।

सिमान्तकृत समाजको आर्थिक तथा सामाजिक सशक्तिकरण परियोजना, एफसीए र एकीकृत विकास समाज डडेल्धुरासँगको सहकार्यमा भिल्को मिडिया एण्ड कन्सलटेन्सी प्रा.लि.को सहजीकरणमा गाँउपालिकाका जनप्रतिनिधिहरु, कार्यपालिका सदस्यहरु र सरोकारवालाहरुको अगुवाईमा जलवायु जोखिमता तथा क्षमता विश्लेषण गरेर सोको आधारमा गन्यापधुरा गाँउपालिकाको विपद पूर्व तयारी तथा प्रतिकार्य योजना २०८० तयार गरिएको छ। विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०८० तयारीमा सहजीकरण गर्ने भिल्को मिडिया एण्ड कन्सलटेन्सी प्रा.लि.का सहजकर्ताहरुलाई धन्यवाद दिन चाहन्छु। अन्तमा, योजना कार्यान्वयनमा हातेमालो गर्न सबै पक्षसँग गन्यापधुरा गाँउपालिका डडेल्धुरा हार्दिक अनुरोध गर्दछ।

**(दिलिपकुमार तामाङ)**
**प्रमुख प्रशासकीय अधिकृत**

# गन्यापधुरा गाउँपालिकाको वडासहितको नक्सा




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# गन्यापधुरा गाउँपालिकाको समग्र वस्तुस्थिती नक्सा

## Detail Map of Ganyapdhura Rural Municipality

Dadeldhura, Nepal




**Legend**

- Aashram
- Bank/Sahakari
- Bridge
- Bus Stop
- Chautara
- Health Post
- Jungle
- Office
- Pani Tank
- Police Station
- Post Office
- School
- Tap
- Temple
- Tower
- Traffic Post
- roads
- River
- Ward Boundary

0 1 2 4 6 8 10 Kilometers

1:100,000

| | | |
|---|---|---|
| Name of Municipality | | Ganyapdhura Rural Municipality, Dadeldhura |
| Consultants | | AP-ECC-Nepal P. Ltd. |

Projected Coordinate System: MUT
Projection: Transverse Mercator
False Easting: 500000.00 m
False Northing: 0.00 m
Central Meridian: 81.00 m
Scale Factor: 0.9999

# गन्यापधुरा गाँउपालिका डडेल्धुराको अनुरोध

- जन्म, मृत्यु, बिवाह, बसाईसराई जस्ता व्यक्तिगत घटनाहरु घटना भएको ३५ दिनभित्रै सम्बन्धित वडा कार्यालयमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।
- विद्यालय जाने उमेर समुहका बालबालिकाहरुलाई बिद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सफा राखौं । खानेपानी शुद्धिकरण गरेर मात्रै पिउने बानीको विकास गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले बालविवाह नगरौं । २० बर्ष उमेर पार गरेपछि मात्रै विवाह गरौं र गराऔं ।
- आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाँउघरमा रहेका पुराना पोखरी, कुवा र पानीका श्रोतहरुको संरक्षण सम्वर्द्धन गरौं ।
- सम्भावित स्थानहरुमा पोखरी निर्माणगरि पानीका मुहानहरु प्रवर्द्धन गरौं ।
- आफ्नो पायकपर्ने स्थानको सडकको छेउछाँउमा घाँस तथा अन्य बिरुवा रोपी हरियाली बनाऔं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं । बर्षातका बेला बग्ने भलको उचित व्यवस्थापन गरौं ।
- दक्ष स्वास्थ्यकर्मीहरुबाट स्वास्थ्य संस्थामै गएर प्रसुती गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउबिजनको प्रयोगगरि कृषिजन्य बस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धी गरौं ।
- आफ्नो क्षेत्र र समुदायमा रहेका सम्भावित पर्यटकीयस्थलहरुको संरक्षण सम्वर्द्धन र विकासमा योगदान पुगाउदै पर्यटन पर्वद्धनमा टेवा पुगाऔं ।
- सडक छेउछाउमा घर निर्माण नगरौ । नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- आ-आफ्नो घर अगाडिको सडक सफाराखि नगरपालिकालाई सुन्दर बनाउन सहयोग गरौं ।
- गन्यापधुरा गाउँपालिका गाँउपालिकाबासीहरुलाई प्रचलित कानून प्रद्रत हरेक सेवा दिन तयार रहेकोछ । त्यसैले सेवाका लागी हातमा हात बढाएर अघि बढौं ।
- गाउँपालिकाद्वारा गरिने विकास निर्माणका कार्यहरुमा अनियमितता र मनोमानीका साथै भ्रष्टाचार भएको शंका भएमा तुरुन्त गाँउ कार्यपालिकाको कार्यालयमा उजुरी दिई जिम्मेवार नागरिकको कर्तव्य निर्वाह गरौं ।
- आवश्यक कागजात र प्रकृया पुरागरेर गाँउपालिकाको सेवा सहजै प्राप्त गर्नुहोस् ।
- भ्रष्टाचाररहित गाँउपालिकाको निर्माण गरौं । शुशासन प्रवर्द्धनका लागि हातेमालो गरौं ।
- गाँउपालिकास्तरमा कृयासिल सबै निकायहरु समन्वय र सहकार्यकासाथ प्रभावकारी र उपलब्धीमुलक रुपमा योजना कार्यान्वयन गरौं ।

| (ज्ञानुकुमारी सेटी देउवा) | (दिलिप कुमार तामाङ) | (इन्द्रबहादुर कार्की) |
|---|---|---|
| उपाध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |

**गन्यापधुरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय गणेशपुर, डडेल्धुराद्वारा जनहितमा जारी सन्देश**

# विषय सुची


| सि.नं. | विषयबस्तु | पेज संख्या | |
|---|---|---|---|
| | | देखि | सम्म |
| १ | गन्यापधुरा गाउँपालिकाको संक्षिप्त परिचय | १० | २६ |
| २ | गन्यापधुरा गाउँपालिकाको संगठनात्मक ढाँचा | २७ | २७ |
| ३ | गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्षहरुको विवरण, निर्वाचित जनप्रतिनिधीहरुको विवरण | २८ | २९ |
| ४ | गन्यापधुरा गाउँपालिकाको विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना २०८० को पृष्ठभूमि | ३० | ३१ |
| ५ | गन्यापधुरा गाउँपालिकाको धरातलीय अवस्था | ३२ | ३३ |
| ६ | विपद् पुर्व तयारी तथा प्रतिकार्य योजनाका उदेश्यहरु | ३४ | ३४ |
| ७ | विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रकृया | ३५ | ३६ |
| ८ | गन्यापधुरा गाउँपालिकामा विपद् जोखिम र व्यवस्थापनको अवस्था | ३७ | ४७ |
| ९ | सम्भाव्य विपद्को पुर्वानुमान, क्षतिको आकलन तथा विपद् जोखिम विश्लेषण | ४८ | ५५ |
| १० | विषयगत क्षेत्रहरू तथा जिम्मेवार निकायहरु | ५६ | ५७ |
| ११ | विषयगत क्षेत्रहरुको समान्य पुर्व तयारी योजना | ५८ | ६७ |
| १२ | पुर्वानुमानमा आधारित पुर्व तयारी योजना | ६८ | ७५ |
| १३ | आपतकालिन प्रतिकार्य योजना | ७६ | ८५ |

# विषय सुची


| सि.नं. | विषयबस्तु | पेज संख्या | |
|---|---|---|---|
| | | देखि | सम्म |
| १४ | गन्यापधुरा गाउँपालिकासँग रहेका बन्दोबस्तीका सामाग्रीहरुको आकलन तथा आवश्यकताको लेखाजोखा | ८६ | ८९ |
| १५ | थप आवश्यकता र अनुमानित लागत | ९० | ९० |
| १६ | आर्थिक श्रोत उपलब्ध हुने विधि र संयन्त्र | ९१ | ९१ |
| १७ | अनुगमन, मुल्यांकन तथा सिकाई योजना | ९२ | ९३ |
| १८ | क्षमता विकास रणनीति र योजना | ९३ | ९४ |
| १९ | लैगिंक समानता तथा सामाजिक समावेशीकरण | ९४ | ९५ |
| २० | अनुसुची १ गन्यापधुरा गाउँपालिका स्थानीय विपद् व्यवस्थापन समितिका पदाधिकारीहरुको विवरण | ९६ | ९६ |
| २१ | अनुसुची २ विषयगत क्षेत्रका नेतृत्वकर्ताहरुको विवरण | ९७ | ९७ |
| २२ | अनुसुची ३ विषयगत क्षेत्र अन्तर्गतका सरोकारवाला निकाय तथा संस्थाहरूको विवरण | ९८ | १०४ |
| २३ | अनुसुची ४ महत्वपुर्ण टेलिफोन नम्बरहरु | १०५ | १०७ |
| २४ | अनुसुची ५ विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा गोष्ठीका सहभागीहरुको विवरण | १०८ | ११३ |
| २५ | तस्बिर खण्ड | ११४ | १२३ |

# परिच्छेद-१

## १) गन्यापधुरा गाउँपालिकाको संक्षिप्त परिचय



गन्यापधुरा गाउँपालिका नेपालको सुदुरपश्चिम प्रदेश अन्तर्गत डडेल्धुरा जिल्लामा पर्दछ। नेपालको संघीय राजधानी काठमाडौँबाट पश्चिम-उत्तरमा १३५.९३ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएर रहेको यस गाउँपालिकाको पूर्वमा डोटी जिल्लाको शिखर नगरपालिका, पश्चिममा डडेल्धुरा जिल्लाको अमरगढी नगरपालिका, उत्तरमा डडेल्धुरा जिल्लाकै नवदुर्गा गाउँपालिका छन भने दक्षिणमा डडेल्धुरा जिल्लाको आलिताल गाउँपालिका र डोटी जिल्लाको जोरायल गाउँपालिका पर्दछन। साविकका असिग्राम, गणेशपुर, मष्टामाण्डौ , कैलपालमाण्डौ गरेर कुल चार वटा गाउँ विकास समितिहरु मिलाई पाँच वडामा विभाजन गरेर गन्यापधुरा गाउँपालिका स्थापना गरिएको हो। गन्यापधुरा गाउँपालिमामा रहेको प्रशिद्ध धार्मिकस्थल तथा सम्भाव्य पर्यटकीयस्थल गन्यापधुराको नामबाट यस गाउँपालिकाको नामाकरण गरिएको हो। यस गाउँपालिकाको स्थापना नेपाल सरकारले मिति २०७३/११/२२ को निर्णय गरेर २०७३/११/२७ मा राजपत्रमा प्रकाशित गरिएको थियो। २०७५ को घरधुरी सर्वेक्षण अनुसार गन्यापधुरा गाउँपालिकाको जनसंख्या १८,३९३ रहेको छ जसमध्ये महिलाको जनसंख्या ८,९०४ (४८.४० प्रतिशत) र पुरुषको जनसंख्या ९४८९ ( ५१.६० प्रतिशत) रहेको छ। गन्यापधुरा गाउँपालिका जनसंख्याका

हिसाबमा डडेल्धुरा जिल्लाको दोस्रो सानो गाउँपालिका हो । यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ। गन्यापधुरा गाउँपालिकामा औषत पारिवारिक आम्दानीको हिस्सामा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको अन्य आर्थिक क्रियाकलापहरुमा व्यापार व्यवसाय, नोकरी, सेवामुलक व्यवसाय तथा वैदेशिक रोजगारी पनि हुन। परम्परागत प्रणालीको कृषि ब्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जिवनशैली तर्फ उन्मुख हुदै गईरहेका छन्। स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम पनि बढिरहेको छ। गन्यापधुरा गाउँपालिकामा आधारभूत देखि माध्यमिक शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्थाहरु रहेका छन। ती शैक्षिक संस्थाहरुमा अध्ययनका लागि यस गाउँपालिकाका स्थानीय विद्यार्थीहरुको वाहुल्यता रहेको छ। गाउँपालिकाका सवै वस्तीहरुमा राष्ट्रिय प्रशारण लाईन जडान भई विद्युतीकरण भएको छ। विगतमा लामो समयदेखि स्थानीय निकायमा जनप्रतिनिधीको अभाव, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले गन्यापधुरा गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन्। विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको गन्पाधुरा गाउँपालिकामा विभिन्न चाडपर्व मनाउने गरिन्छ। अधिकांस हिन्दु धर्मावलम्वीहरु रहेको यस गाउँपालिकामा केहि वौद्ध धर्मावलम्वीहरु पनि बसोबास गर्दछन। मुख्यगरी बिषु संक्रान्ति (नयाँ वर्ष), ओल्के संक्रान्ति, गौरा पर्व, बुन्ढुनी संक्रान्ति, दशैं, तिहार, विभिन्न देवि देवताका जात्राहरु, माघे संक्रान्ति, महाशिवरात्री, पुसे १५ , चैते दशैं, होली, कृष्ण जन्माष्टमी, राम नवमी, स्थानीय देवीदेवताहरुका मेला जात्रा आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ।

## क) भौगोलिक अवस्थिति :

गन्यापधुरा गाउँपालिका भौगोलिक क्षेत्रको हिसाबले पहाडी क्षेत्रमा पर्दछ। गाउँपालिका नेपालको मानचित्रमा हेर्दा ८० डिग्री ३६ मिनेट ५ सेकेन्ड पूर्वी देशान्तर देखि ८० डिग्री ४५ मिनेट ३० सेकेन्ड पूर्वी देशान्तर सम्म र २९ डिग्री १० मिनेट २९ सेकेन्ड उत्तरी अक्षांश देखि २९ डिग्री २६ मिनेट ५१ सेकेन्ड उत्तरी अक्षांशसम्म फैलिएको छ। यो गाउँपालिका समुद्र सतहबाट ६०० मिटर देखि २६४० मिटर सम्मको उचाइमा अवस्थित रहेको पाइन्छ। गन्यापधुरा गाउँपालिकाको केही भू-भाग, पहाडी र मध्य पहाडी क्षेत्र रहेको छ। भू-आकृतिमा भएको यस फरक अवस्थाअनुसार यस गाउँपालिकालाई पहाडी क्षेत्र। मध्य पहाडी क्षेत्र र बेसी गरेर तीन क्षेत्रमा विभाजन गर्न सकिन्छ। यस गाउँपालिकाको भौगोलिक बनावटको अवस्थालाई हेर्दा यहाँको अधिकांश माटोमा उब्जाउ क्षमताको कमी देखिन्छ। यहाँ बढी मात्रामा बलौटे, कडा चट्टान तथा पत्रे चट्टान बलौटे दोमट र खेतीयोग्य माटो पाईन्छ। तथापि, पहाडी टार तथा वेशीहरु उत्पादनका दृष्टिकोणले ज्यादै संभावनायुक्त देखिन्छन। यहाँका बेसी सरहका तल्लो भु:भागमा पाँगो माटोको प्रचुरता छ। जहाँ पर्याप्त अन्न उत्पादन र तरकारी बालीको संभावना छ। खोलाहरुरुले बगाई ल्याएको सडेको पातपतिङ्गर र अन्य कम्पोष्ट मलजन्य पदार्थलाई छेउछाउका भागमा निक्षेप गर्दै जाँदा यी भागहरु अत्यधिक उब्जाउयोग्य रहेका छन्। तथापि, वर्तमान समयमा रसायनिक मलको व्यापक प्रयोगको कारण यहाँको माटोमा अम्लीयता वृद्धि भई उत्पादन ह्रासको स्थिति देखापरेको छ। लगातार भू-क्षय तथा वन विनाशका कारण पाँगो माटोको गुणस्तरमा विस्तारै ह्रास आइरहेको छ। गाउँपालिकाको पहाडी

भागहरुमा यो माटोको बाहुल्यता छ। अपेक्षाकृत कम मात्रामा मात्र दलहन,आलुर मकै बालीको मात्र यहाँ उत्पादन हुन्छ। यहाँ सिँचाइको समेत अभाव रहेको छ। यहाँको माटोको बनावटमा ढुँङ्गा माटो, कङ्कड, चुना, फलाम, जीवाष्मको तत्व नभएको माटोको प्रचुरता हुन्छ।

## ख) गाउँपालिकाको केन्द्र

मुलुकको पुर्नसंरचना पश्चात डडेल्धुरा जिल्लामा रहेका सात वटा स्थानीय तहमध्ये गन्यापधुरा गाँउपालिका भौगोलिक र जनसंख्याको हिसाबले तुलनात्मक रुपमा सानो स्थानीय तह मानिन्छ। तत्कालीन चार वटा गाँउ विकास समितिहरु अशिग्राम, गणेशपुर, मष्टामाण्डौं र कैलपालमाण्डौ मिलाएर बनाईएको गन्यापधुरा गाँउपालिकामा जम्मा पाँच वटा वडा रहेका छन। तत्कालीन गणेशपुर गा.वि.स. को बडालमा गन्यापधुरा गाँउपालिका केन्द्र स्थापना गरिएको छ । गन्यापधुरा गाउँपालिकाका सबै वडाहरुको पायक पर्ने स्थलमा गन्यापधुरा गाउँपालिकाको केन्द्र स्थापना गरिएको छ। गाँउपालिकाको केन्द्र हाल व्यापारिक केन्द्र बन्न थालेको छ।

## ग) हावापानी :

गन्यापधुरा गाउँपालिका समुद्री सतहबाट ६०७ मिटरदेखि २६०८ मिटरसम्मको उचाइमा अवस्थित छ। अधिकांस क्षेत्रमा चट्टानी पहाड र भिरालो भ-ूबनौट रहेको छ। जलवायुको हिसाबले यस गाउँपालिकामा उष्ण तथा समशितोष्ण प्रकारको हावापानी रहेको छ। प्रदेशीय हावापानी पाइएता पनि बाह्रै महिना एकैनासको हावापानी छैन। चैत्र महिनादेखि आश्विन महिनाको शुरुसम्म गर्मी हुन्छ। आश्विन। कार्तिक र फागुन महिनामा यँहाको हावापानी समशितोष्ण हन्छ भने मंसिर, पौष र माघ महिनामा निकै जाडो हुन्छ। जेष्ठ महिनाको अन्त्यदेखि आश्विन महिनाको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त बर्षा हुने गर्छ। गर्मीयाममा यहाँको तापक्रम औसत अधिकतम २२.५ सेल्सियस सम्म पुग्छ भने हिउँदमा न्यनुतम ३.० डिग्री सेल्सियस सम्म पग्ने गरेको छ। यस क्षेत्रको जलवायु तल्लो भेगमा खोलाहरुको भागमा उष्ण, पहाडी भागतिर समशितोष्ण किसिमको हावापानी पाइन्छ भने मध्य पहाडी क्षेत्रमा शितोष्ण हावापानी पाइन्छ। यस गाउँपालिकाको खोला तटीय क्षेत्रहरुको औसत अधिकतम तापक्रम २४.५ डिग्री सेल्सीयस हुने गर्दछ भने आषाढ, श्रावण र भाद्र महिनामा सबैभन्दा बढी वर्षा हुने गरेको पाइन्छ।

## घ) मुख्य नदी तथा ताल तलैयाहरु

गन्यापधुरा गाउँपालिकामा खासै ठुला नदीहरु नभए तापनि लमखेती गाड, सकायल गाड, कोराल गाड, रुमायल गाड, रेल गाड लगायत साना साना खोलाहरु छन। ति मध्ये रेल गाडवाट एक लघु जलविद्युत उत्पादन भएको छ भने अन्य खोलाहरुबाट खानेपानी तथा सिँचाईको लागि पानी प्रयोग भएको देखिन्छ। गन्यापधुरा गाउँपालिकामा रहेका नदी र खोलाहरु जलश्रोतका अपार सम्पदा हुन। यँहा रहेको अपार जलश्रोतको सदुपयोग गरेर गाउँपालिकाबासीहरुको जीवनस्तरमा सुधार ल्याउन सकिन्छ। गन्यापधुरा क्षेत्रमा रहेको प्रशिद्ध गन्याप ताल र नाङरी तालको धार्मिक महत्वसमेत रहेको छ। निकै मनमोहक मानिने गन्याप ताल र नाङरी ताल सम्भाव्य पर्यटकीय क्षेत्रका रुपमा समेत परिचित छ।

## ङ) जनसंख्याको विवरण :

कुनै पनि स्थानको जनसंख्या विकासको साधन र साध्य दुवैको रुपमा रहेको हुन्छ । विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरुको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरुको अध्ययन र विश्लेषण आवश्यक हुन्छ। नेपालमा गाउँपालिका स्तरमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै गाउँपालिका स्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ। यहाँ घरधुरी सर्वेक्षणबाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरुको विश्लेषण गरिएको छ। घरधुरी सर्वेक्षण, २०७५ अनुसार गन्यापधुरा गाउँपालिकाको जनसंख्या १८,३९३ रहेको छ, जसमध्ये पुरुष ९,४८९ (५१.६० प्रतिशत र महिला ८,९०४ (४८.४०) प्रतिशत छन्। प्रति वर्ग किलोमिटरमा जनघनत्व १३५.३१ जना रहेको छ। घरधुरी सर्वेक्षण २०७५ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या मध्ये ९.३६ प्रतिशत ० देखि ४ वर्ष उमेर समूहका, १०.२२ प्रतिशत ५ देखि ९ वर्ष उमेर समुहका, ११.६० प्रतिशत १० देखि १४ वर्ष उमेर समुहका, १०.४४ प्रतिशत १५ देखि १९ वर्ष उमेर समुहका, १०.९६ प्रतिशत २० देखि २४ वर्ष उमेर समुहका, ८.८८ प्रतिशत २५ देखि २९ वर्ष उमेर समुहका, ७.४३ प्रतिशत ३० देखि ३४ वर्ष उमेर समुहका, ६.५९ प्रतिशत ३५ देखि ३९ वर्ष उमेर समुहका, ५.६९ प्रतिशत ४० देखि ४६ वर्ष उमेर समुहका, ४.२७ प्रतिशत ४५ देखि ४९ वर्ष उमेर समुहका, ३.५८ प्रतिशत ५० देखि ५४ वर्ष उमेर समुहका, ३.३१ प्रतिशत ५५ देखि ५९ वर्ष उमेर समुहका, २.८१ प्रतिशत ६० देखि ६४ वर्ष उमेर समुहका, २.३३ प्रतिशत ६५ देखि ६९ वर्ष उमेर समुहका, २.५३ प्रतिशत ७० भन्दामाथी उमेर समुहका रहेको देखिन्छ।

गन्यापधुरा गाउँपालिकाका ५ वडाहरुमा जनसंख्याको तुलनात्मक अध्ययन गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडामा वडा नं ३ रहेको छ। जसमा जम्मा जनसंख्या ४,८०५ (पुरुष २,४०९ जना र महिला २,३९६ जना) रहेको छ। यस वडाको औसत परिवार आकार ५.४२ र घरधुरी संख्या ८८५ रहेको छ। त्यस्तै सबैभन्दा थोरै जनसंख्या भएको वडामा वडा नं. ४ रहेको छ , जसको जनसंख्या २,८२६ (पुरुष १,४५८ जना र महिला १,३६८ जना) रहेको छ भने घरधुरी संख्या ४८६ र औसत परिवार संख्या ५.८१ रहेको छ। गन्यापधुरा गाउँपालिकाको वडा नं. १ मा जम्मा जनसंख्या  ३,८०६ (पुरुष १,९६१ र महिला १,८४५ जना) रहेको छ भने घरधुरी संख्या ६२२ रहेको छ। यसैगरि वडा नं. २ मा जम्मा जनसंख्या ४,०९६ (पुरुष २,१३८ र महिला १,९५८ जना) रहेको छ भने घरधुरी संख्या ७६१ रहेको छ भने वडा नं. ५ मा जम्मा जनसंख्या २,८६० (पुरुष १,९६१ र महिला १,८४५ जना) रहेको छ भने घरधुरी संख्या ६२२ रहेको छ।

## च) जनजिविका

गन्यापधुरा गाउँपालिकाको अर्थतन्त्र मुख्यतयाः व्यापार, व्यवसाय, नोकरी, कृषि, वन, कुखुरापालन, बाख्रापालन, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवाजस्ता क्षेत्रमा भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट भएको गन्यापधुरा गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको पहाडी क्षेत्र भएको हुँदा यँहाका अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। गाउँपालिकाको सबै वडा र बस्तीहरूमा क्रमिक रुपमा सडक सञ्जालको विस्तार भईरहेका कारण गाउँपालिकाको पूर्वाधार विकासमा थप

सहज भएको छ । कृषि, व्यापार, सेवामूलक व्यवसाय साथै यस नगरपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरू यहाँका आर्थिक कृयाकलापहरू हुन् । गन्यापधुरा गाउँपालिकाको वैकल्पिक आर्थिक आधार वैदेशिक रोजगार समेत रहेको देखिन्छ । प्राकृतिक सौन्दर्यको धनी, जैविक विविधता एवं साँस्कृतिक विविधताले भरिपूर्ण रहेका कारण गन्यापधुरा गाउँपालिका पर्यटन प्रवर्द्धनका लागि पनि महत्वपूर्ण स्थानका रुपमा रहेको छ । विभिन्न किसिमका जातजातिको विभिन्न किसिमका संस्कृति, रहनसहन तथा चाडपर्वलगायत ऐतिहासिक धार्मिक, पौराणिक महत्वका स्थलहरू यस गाउँपालिकाका प्रमुख पर्यटकीय आकर्षणको रूपमा रहेका छन् । गन्यापधुरा गाउँपालिकामा आधुनिक कृषि तथा पशुपालनलाई बढि जोड दिनुको साथै विभिन्न जडिबुटीहरू अमला, चुत्रो, सुगन्धवाल, सजिवन, दालचिनी, राजवृक्ष, हर्रो, बर्रो, कुरिलो जस्ता विभिन्न अमूल्य जडीबुटीहरूको सम्भावना भएको हुँदा प्राकृतिक स्रोत र उपलब्ध कच्चा पदार्थको उपयोग गरी साना उद्योगमा लगानी गरी पर्यटकीय क्षेत्रलाई व्यवस्थित बनाई पर्यटक भित्र्याउन सकेको खण्डमा गाउँपालिकाको अर्थतन्त्र मजबुद हुने सुनिश्चित देखिन्छ । गन्यापधुरा गाउँपालिकामा विशेषगरी गाई, भैँसी, बाखा, बुँगुर नै यहाँका मुख्य घरपालुवा जनावर हुन । यसबाट गाउँपालिकाबासीहरूको जीविकोपार्जनमा उल्लेख्य सुधार भइरहेको छ । पशुजन्य उत्पादनहरू जस्तै, दुध, दही, घ्यू तथा मासुका लागि कुखुरा, बंगुर, खसी, बोकाहरूको बिक्रीबाट आम्दानी बढेको देखिन्छ । यहाँ डेरी उद्योग, व्यापारिक फार्म, गाई, भैसी, कुखुरा फार्महरू लगायतका कृषिजन्य उद्योगहरू रहेका छन । गन्यापधुरा गाउँपालिकामा पशुपालन अधिक मात्रामा हुने गरेको पाइन्छ । प्रयाप्त वन क्षेत्र रहेकाले पनि पशुपालनका लागि उपयुक्त स्थान रहेको गन्यापधुरा गाउँपालिकामा यँहा घरेलु तथा साना कुटीर उद्योगहरुको पनि सम्भावना रहेको छ ।

## छ) भू–उपयोगको विवरण :

गन्यापधुरा गाउँपालिकाको विधमान भू-उपयोग हेर्दा कुल भूभागको ०.००१ प्रतिशत (०.१६ वर्ग कि.मी.) जग्गा हाल खन-जोत नभएको बाँझो जमिनको रुपमा रहेको छ भने २.१७४ प्रतिशत (३४.९४ वर्ग कि.मी.) खेती गरिएको जमिन रहेको छ । खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ । गाउँपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित यस गाउँपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ। यस गाउँपालिकामा ९६.५२८ प्रतिशत (१५५१.५७ वर्ग कि.मी.) क्षेत्रफलमा जंगलले ढाकेको छ। गन्यापधुरा गाउँपालिकामा जलाशय क्षेत्रले करिव ०.१३३ प्रतिशत (२.१३७ वर्ग कि.मी.) त्यस्तै अन्य (घाँस, बगर) क्षेत्रले करिव ४.५१ प्रतिशत (०.२८१.वर्ग कि.मी.) जग्गा ओगटेको पाइन्छ। यस गाउँपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा गाउँपालिकाबासीहरुको आर्थिक हैसियत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के-कस्ता उत्पादन प्रणाली तथा नीति नियमहरु अवलम्बन गर्न सकिन्छ भन्ने विषयमा विस्तृत अध्ययन गरेर योजना तर्जुमागर्दै प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ। यसै आवश्यकतालाई मध्यनजर गरेर गन्यापधुरा गाउँपालिकाले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर योजना तर्जुमागर्दै कार्यान्वयन गरिरहेको छ। बर्षेनी बाढी र पहिरोका कारण कृषियोग्य जमिनमा क्षति पुग्ने गरेको पाइन्छ।

## ज) धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु :

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषिक, बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्य स्थलको रुपमा सुपरिचित छ । विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले समस्त विश्व एउटा गाउँको रुपमा परिणत हुँदै गइरहेको वर्तमान अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ। पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ। यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्नु अत्यावश्यक भएको छ भने अर्को तर्फ अर्न्तराष्ट्रिय हवाई यातायात सेवा, आन्तरिक हवाई सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ। गन्यापधुरा गाउँपालिकाको नङरी ताल, गन्याप ताल जस्ता धार्मिक महत्वका स्थलहरु र घण्टेश्वर जाँत, शिखर जाँत, मष्टा जाँत ,कलारी जाँत, बडाल जाँत, कुलेडी जाँत, दुर्गा देवी जाँत (चौका जाँत), असिग्राम जाँत, कैलपाल जाँत, लाटाबण्डाली जाँत, लाटानङरी जाँत, भागेश्वर जाँत, लाटा गन्याप जाँत, भुमिदेउली जाँत, र अन्य धेरै मन्दिरहरुमा लाग्ने जाँत तथा विभिन्न मठ मन्दिरहरुको संरक्षण, सम्वर्द्धन र प्रचार प्रसार गरि आन्तरिक तथा वाह्य पर्यटकहरु आकर्षित गर्न सकिने प्रशस्त सम्भावना रहेको छ।

गन्यापधुरा गाउँपालिकामा नयाँ वर्ष (बिसु), गौरा, बुन्धुनी पर्व, बडादशैं, तिहार, बडाल जाँत, कैलपालमाण्डौं जाँत, घण्टेश्वर जाँत, रामनवमी, महाशिवरात्री, हरितालिका तिज, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, फागु-होली, चैते दशैं, साउने/माघे संक्रान्ति, कर्कट संक्रान्ति, मातातीर्थ औंसी, कुशे औंसी, अक्षय तृतीया, हरिशयनी/हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), बालाचतुर्दशी,कोजाग्रत पूर्णिमा, श्रीस्वस्थानी पूर्णिमा, सोह्रश्राद्ध, बुद्धजयन्ती आदि चाडपर्वहरु धुमधामका साथ मनाउने गरिन्छ। यस्ता चाडपर्वहरु मनाएर स्थानीय संस्कृतिको संरक्षण सम्वर्द्धनका साथै पर्यटकहरुलाई आकर्शिता गर्न सकिन्छ। यस गाउँपालिकाको पाँच वटै वार्डहरुमा रहेका ऐतिहासिक ढुङ्गेधारा पनि पर्यटनका लागि आर्कषण हुन सक्ने देखिन्छ। मिनि खप्तड भनेर चिनिने गन्यापधुरा शिखर क्षेत्र धार्मिक तथा विदेशी पर्यटकहरुको आकर्षक गन्तव्य बन्न सक्ने क्षमता भएको सम्भाव्य पर्यटकीय स्थल हो । यस गाउँपालिकामा रहेका मनोरम प्राकृतिक झरनाहरु, तालतलैयाहरु, खोला नाला, डाँडाकाँडा, सुन्दर वस्तीका दृश्यहरु, धार्मिक मठ मन्दिरहरु, गुफा र अन्य मनोरमस्थलहरु पर्यटन प्रवर्द्धनका लागि महत्वपुर्ण गन्तब्य बन्न सक्छन्। गन्यापधुरा गाउँपालिका वन वातावरण र जैविक विविधताको दृष्टिकोणले निकै सम्पन्न मानिन्छ । पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धी गरेर गन्यापधुरा गाउँपालिकाबासी नागरिकहरुको जीवनस्तरमा सधुार ल्याउन गन्यापधुरा गाउँपालिकाले प्रमुख प्राथमिकताका साथ पर्यटन प्रवर्द्धनका लागि योजनावद्ध प्रयास गरिरहेको छ।

# २) गन्यापधुरा गाउँपालिकाको समग्र विकास गर्नका लागि विद्यमान समस्या र चुनौतीहरूः

गन्यापधुरा गाउँपालिकाको समग्र विकास निर्माणमा देखिएका समस्याहरुलाई केलाउँदा जनसहभागितामा आधारित योजना कार्यान्वयन विधिको पालना हुनुपर्नेमा स्थानीय उपभोक्ता समितिले पनि योजना कार्यान्वयनमा ठेकेदारको प्रयोग गर्ने गरेकाले शुशासन प्रवर्द्धनमा समस्या उत्पन्न हुने गरेको छ । गन्यापधुरा गाउँपालिकामा सामाजिक, सांस्कृतिक, आर्थिक तथा पर्यटकीय विकासका सम्भावना सँगसँगै चुनौतीका चाङहरू पनि प्रशस्त रहेका छन् । दीर्घकालिन सोचका आधारमा योजनावद्ध विकास प्रक्रिया अघि बढाउने परिपाटीको थालनी भए तापनि सोही अनुरूप कार्यान्वयन हुन सकेको छैन । योजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी सोही अनसुार स्रोत परिचालनका आधारमा योजना र कार्यक्रम सञ्चालन हुन नसक्नु, ुगाउँपालिकाभित्र रहेका विषयगत शाखाहरूमा जनशक्तीको अभाव हुनु तथा कर्मचारीको छिटो छिटो अप्रत्यासित सरुवा हुने प्रणालीको विकासका कारण कार्यक्रम कार्यान्वयनमा समस्या हुने गरेको छ । विपद् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरणको संर क्षण जस्ता विषयमा आवश्यकता अनुसार नयाँ प्रविधी प्रयोग गर्न नसक्नु तथा यसको प्रभाव न्युनीकरणमा ठोस कार्यक्रम कार्यान्वयनमा समस्या देखिन्छ । भौतिक पुर्वाधार सम्बनिध योजनाहरु एउटा पुरा नहुँदै अर्को नयाँ योजना छनौट गर्ने प्रकृयाले एकातिर लक्षित समुदायले लाभ लिन नसकेको अवस्था छ भने अर्कोतिर स-साना योजना छनौट गदा यसबाट सिर्जना हुने लाभ  सानो जनसंख्याले मात्र प्राप्त गर्ने अवस्था हुनु विकासको सिद्धान्त विपरित भएको देखिन्छ । गाउँपालिकामा उपलब्ध स्रोत, साधन र सीपको सदपुयोग गर्ने तर्फ अपेक्षित रूपमा ध्यान पुग्न नसक्दा गाउँपालिका बाह्य स्रोतमा निर्भर रहनुपर्ने अवस्था छ । वन विनाश र वातावरणको संरक्षण विकासको समस्याको रूपमा देखिएका छन् । विकासका आधारभतू मापदण्डहरूको संरक्षणमा समस्या देखिएको छ । एक वडा एक पहिचानका कार्यक्रमहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिएको छैन । विकासका पूर्वाधारहरूको समान वितरण गर्न सकेको अवस्था छैन । उत्पादन भएका वस्तहुरूको बजार र मूल्य निर्धारणको समस्या देखिएको छ । गन्यापधुरा कृषि र पर्यटन क्षेत्रको विकास र विस्तारका लागि डीपीआर तयार हनु सकेको छैन । देशभरिका अन्य स्थानीय तह जस्तै गन्यापधुरा गाउँपालिकामा पनि समग्र विकासको प्रमखु चनुौती भनको नै आर्थिक स्रोतको व्यवस्था गरी दीर्घकालिन र दिगो किसिमको भौतिक पूर्वाधारको विकास र निर्माण गर्नु रहेको छ ।

स्थानीय तहहरूको वित्तीय आत्मनिर्भरता र प्रशासनिक स्वायत्तता प्रवर्धन गर्नु आजको प्रमुख चुनौती हो । समष्टिगत आर्थिक सूचकहरुको विश्लेषण गर्नु र समुचित रूपमा प्राकृतिक स्रोत साधनको बाँडफाँड गर्नु, स्थानीय शासन व्यवस्था सञ्चालनको लागि संविधान द्वारा प्रदान गरिएको अधिकार अनुरूप आवश्यक ऐन, नियमहरू निर्माण गरी कार्यान्वयन गर्नु, स्थानीय सञ्चित कोषको लागि आवश्यक कर तथा सेवा शुल्कका मापदण्ड तथा क्षेत्रहरू पहिचान तथा निर्धारण गरी स्थानीय राजश्व अभिवृद्धि गर्नु र प्रभावकारी कार्यन्वयन गर्नु, स्थानीय सेवा प्रवाहलाई जनकेन्द्रित, प्रभावकारी र जनउत्तरदायी बनाउनु तथा सेवा प्रवाहलाई व्यवस्थित

तुल्याउनु, आवश्यकतामा आधारित, समावेशी, सन्तुलित र दिर्घकालीन विकास निर्माणलाई आत्मसाथ गर्नु, जातीय, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधतालाई सम्बोधन गर्नु, संघ, प्रदेश र स्थानीय तह बिचको क्षेत्र अधिकारमा हुनसक्ने दोहोरोपनको अन्त्य गर्नु, स्थानीय तहको विकास निर्माणमा तथा प्रशासनिक कार्यमा हुनसक्ने अनियमितता, ढिलासुस्ती तथा भ्रष्टाचारको अन्त्य गर्नु, दक्ष जनशक्तिको विकास गर्नु र स्थानीय सेवा प्रवाहलाई छिटो छरितो, मितव्ययी, प्रभावकारी, पारदर्शी, पूर्व अनुमानयोग्य तथा गुणस्तरीय बनाउनु यस अवधीमा गन्यापधुरा गाउँपालिकाले सामना गरिरहेको प्रमुख चुनौतीहरु हुन । उल्लेखित समस्या र चुनौतीहरुलाई समाधानगर्दै गन्यापधुरा गाउँपालिकाले दिर्घकालिन रणनीतिक योजना तर्जुमागर्दै प्रभावकारी रुपमा कार्यान्वयन गरेर गन्यापधुरा गाउँपालिकाबासीहरुको जीवनस्तरमा सुधार ल्याउन पहल गरिरहेको छ। विद्यमान अवशर र चुनौतीहरुको समिक्षागर्दै गन्यापधुरा गाउँपालिकाले सबै सरोकारवाला निकायहरुसँग समन्वय सहकार्य गरेर गन्यापधुरा गाउँपालिकाको मुहार फेर्नका लागि यस अवधीमा थुप्रै सार्थक र उपलब्धीमुलक संस्थागत प्रयासहरु भएका छन ।

# ३) गन्यापधुरा गाउँपालिकाको समग्र विकास गर्न हाल भइरहेका प्रयासहरू र विद्यमान सम्भावनाहरू

गन्यापधुरा गाउपाँलिका क्षेत्र भित्र रहको प्राकृतिक तथा सास्ँकृतिक सम्पदाहरु, आर्थिक अभ्यास र उपलब्ध मानवीय पूँजी तथा पूर्वाधार लगायतको अवस्थालाई हेर्ने हो भने गन्यापधुरा गाउँपालिकामा विकासका प्रशस्त सम्भावनाहरुको आँकलन गर्न सकिन्छ। संवैधानिक रूपमा स्थानीय तहलाई अधिकार सम्पन्न तथा जनताको म्यान्डेटबाट प्रत्यक्ष रूपमा चुनिने राजनीतिक नेतृत्वसहितको सरकारको रूपमा परिभाषित गरिएको छ। संघ र प्रदेशमा भएको राजनीतिक अस्थिरताले स्थानीय तहमा कुनै असर नहुने भएकाले स्थानीय तहलाई राजनीतिक रूपमा बलियो बनाएको छ। राजनीतिक रूपमा मात्र होइन, बिगतको तुलनामा वित्तीय रूपमा पनि स्थानीय सरकार दाम, काम र स्रोत-साधनयुक्त छन्। आम नागरिकलाई गाउँमै सिंहदरबार आएको अनुभूति दिलाउन, भौगोकि विकटताका कारण विकासका पुर्वाधार निर्माण हुन नसकेको गन्यापधुरा गाउँपालिकामा दिगो विकासको जग बसाल्न तथा स्थानीय तहलाई युवा रोजगारीको केन्द्र बनाउन यस अवधिमा थुप्रै प्रयास भएका छन । संविधानले दिएको अधिकारको उच्चतम प्रयोग गरेर गन्यापधुरा गाउँपालिकालाई समग्रमा आर्थिक तथा सामाजिक विकासको केन्द्रको रूपमा विकास गर्न ठोस योजना तर्जुमागर्दै प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ। गन्यापधुरा गाउँपालिकामा रहेका विकासका सम्भावनाहरुलाई देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ । संघ, प्रदेश तथा स्थानीय तहको विकास प्रारूपमा एकरूपता कायम गर्न तीनै तहको आवधिक विकास प्रारूपलाई मूलभूत रूपमा आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकास गरी पाँच भागमा विभाजन गर्ने अभ्यास हालसम्म प्रचलनमा रहेको छ । यही अभ्यासलाई मजबुत पार्न स्थानीय तहमा प्रमुख तथा उपप्रमुखका साथसाथै कार्यपालिका सदस्यलाई आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण र सुशासन तथा संस्थागत विकास संयोजकको

जिम्मेवारी दिने प्रचलन पनि स्थानीय तहमा रहेको छ ।

गन्यापधुरा गाउँपालिकाको आर्थिक विकास अन्तर्गत कृषि, पशुपन्छी पालन, उद्योग, व्यापार तथा व्यवसाय, पर्यटन, बैंक वित्तीय संस्था तथा सहकारी र वैदेशिक रोजगार तथा सुरक्षित आप्रवासनलगायतका मूलभूत उपक्षेत्रहरूमा यस गाउँपालिकाले योजनाबद्ध रूपमा काम गरेको छ । आर्थिक विकासको मूलभूत उद्देश्य गाउँपालिकालाई रोजगार केन्द्रको रूपमा विकास गर्नु, कृषि तथा पशुपालनमा आत्मनिर्भर बनाउनु तथा आन्तरिक स्रोतको अभिवृद्धि गर्नु हो। स्थानीय तहमा आय तथा रोजगारी सिर्जनाको मेरुदण्ड नै आर्थिक विकास हो। आर्थिक विकासका लागि यस गन्यापधुरा गाउँपालिकाले हालसम्म सम्पन्न गरेका योजना तथा महत्वपुर्ण कामहरूले पूँजी निर्माण तथा रोजगारीमा योगदान पुऱ्याएको छ । खासगरी कृषि तथा पशुपालन अन्तर्गत गन्यापधुरा गाउँपालिकाको मुख्य ध्यान पकेट क्षेत्र घोषणा, कृषिको यान्त्रीकरण तथा आधुनिकीकरणका लागि ट्रेलर वितरण, बीउमा अनुदान, पशुपालनमा अनुदान लगायत कार्यक्रम सञ्चालनमा केन्द्रित भएको छ। उच्चस्तरमा रोजगारीका अवसर बढाउन, रोजगारीका लागि विदेश वा सहरकेन्द्रित हुने युवा वर्गलाई स्थानीय तहमै रोक्न, कृषि तथा पशुपन्छी पालनको उत्पादकत्व वृद्धि गर्न, बैंक, सहकारी तथा वित्तीय क्षेत्रको परिचालन गर्न गन्यापधुरा गाउँपालिकाले योजनावद्ध रुपमा काम गरिरहेको छ। वास्तवमा आर्थिक विकासका सन्दर्भमा ध्यान पुऱ्याउनुपर्ने एउटा महत्वपूर्ण पक्ष भनेको स्थानीय जनताको क्रयशक्ति बढाउनु हो। त्यसका लागि गन्यापधुरा गाउँपालिकाले गाउँपालिकाबासीको आर्थिक क्षमता बढाउन आयआर्जन बढाउने र स्वरोजगारी बढाउने किसिमका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गरेको छ ।

स्थानीय उत्पादनको बजारीकरण गरी आम नागरिकको आर्थिक क्षमता बढाउने उदेश्यले गन्यापधुरा गाउँपालिकाले व्यवसायीक कृषि उत्पादनका क्षेत्रमा प्रयाप्त लगानी गरेको छ । कृषि तथा पशुपन्छीजन्य उत्पादनका लागि गन्यापधुरा गाउँपालिकाले त्यस्ता वस्तुको मूल्य शृंखला सृजना गर्न नीतिगत व्यवस्था तथा कार्यान्वयनमा पनि ध्यान दिएको छ। स्थानीय तहलाई स्थानीय आर्थिक विकास र अर्थतन्त्रको खम्बा मानिएको छ। निर्वाहमुखी आर्थिक क्रियाकलापको व्यावसायिकरणको सम्भावना र उपयोगमा आउन नसकेका आर्थिक क्रियाकलापको खोज तथा पहिचान गरेर गन्यापधुरा गाउँपालिकाले आर्थिक विकास सम्बन्धि योजना तर्जुमा गर्ने गरेको छ । बढ्दो बेरोजगारी, गाउँपालिकाबासीहरुको आयमा असमानता, आर्थिक विकासका अवशरहरुमा असन्तुलन, उद्योग धन्दाको विकास हुन नसक्नु, लगानीकर्तामा आएको उदासीनता, निर्यात व्यापारमा दिनानुदिन बढ्दै आएको ह्रास, आयात व्यापारमा देखिएको उच्च चाप, बढ्दो व्यापारघाटा, न्यून आर्थिक वृद्धिदर, युवा श्रमशक्तिको विदेश पलायनता, रेमिट्यान्समुखी परजीवी अर्थतन्त्र, उपभोग खर्चमा बढोत्तरी, बचत र पुँजी निर्माणदरमा न्यूनता, मुलुकको अर्थतन्त्रभित्र रहेका गम्भीर समस्या र चुनौती हुन्। उल्लेखित चुनौतीहरुलाई चिर्दै उपलब्ध स्रोत साधनको सही परिचालन गरेर आन्तरिक उत्पादन बढाउने र प्रशोधित चिजवस्तु माग अनुसार निर्यात गर्ने विषय नीतिका रूपमा अघि सार्दै गन्यापधुरा गाउँपालिकाले आर्थिक विकासको मौलिक मोडल तयार गरेको छ। सोहि मोडेलका आधारमा आर्थिक विकासका गतिविधीहरु सञ्चालन हुने गरेका छन।

प्रत्येक स्थानमा रहेका सम्भावनाहरूको परख वा पहिचान गरी खासगरी निजी क्षेत्रको अगुवाइ तथा अन्य सरोकारवालाहरुको सकारात्मक भूमिका र सहकार्यमा स्थानीय आर्थिक विकास सम्भव छ। स्थानीय आर्थिक

विकासको विशेषतालाई केलाउँदा मूलतः पूर्वाधारको विकास मार्फत लगानी वातावरण तयार गर्नु, अध्ययन वा सम्भावनाको नक्शांकन गर्नु, सीपमूलक तालिमको व्यवस्था, प्राविधिक र वित्तीय सेवाको व्यवस्था, सहकार्य र खरिद प्रक्रियाका लागि सहयोगी नीति तथा कानुनको व्यवस्था, असल अभ्यास एवम् सफलताका कथाहरूको प्रचारप्रसार र बजारीकरणको उपयुक्त रणनीति तर्जुमा गरेर गन्यापधुरा गाउँपालिकाले आर्थिक विकासका कार्यक्रमहरु कार्यान्वयन गरिरहेको छ। आर्थिक विकास सम्बन्धि कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउन सुरुमा संघीय तहबाट रणनीतिक खाका, व्यवसाय प्रर्वद्धनसम्बन्धी कानुन तर्जुमा गरेर स्थानीय तहमा उत्पादन बढाउनमा प्रोत्साहनको वातावरण सिर्जना गर्नु जरुरी छ। विकासको साध्य मानवीय समृद्धि नै हो। विभिन्न साधनको प्रयोग गरी साध्य प्राप्तिको यात्रा तय गरिनु पर्दछ। स्थानीय समुदायको संलग्नतामा स्थानीय स्रोतको अधिकतम उपयोग गरी रोजगारीको सिर्जना र महिला एवम् पुरुष दुवैको जीवस्तरमा गुणात्मक सुधार ल्याउने रणनीतिको रुपमा अंगीकार गरिएको यो अवधारणा केवल आर्थिक वृद्धिमा मात्र सीमित छैन। यो त न्यायपूर्ण समाज निर्माणको आधार हो। सबैका लागि सम्मानित काम, सबैका लागि सम्मानित जीविकोपार्जन, सबैका लागि सम्मानित जीवन, सबै व्यक्तिहरूले आफुले छनौट गरेको जीवन बाँच्न पाउने अवस्थाको सिर्जनाका लागि अगाडि गन्यापधुरा गाँउपालिकाले अघि सारेको आर्थिक विकासको अवधारणा परनिर्भरताको अन्त्य र आत्मनिर्भर अर्थतन्त्र निर्माणको आधार बन्ने विश्वास लिइएको छ।

गन्यापधुरा गाउँपालिकाले सामाजिक विकास अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी, सामाजिक समावेशीकरण, युवा तथा खेलकुद र भाषा, साहित्य तथा संस्कृति जस्ता उपक्षेत्रमा योजनाबद्ध रूपमा काम गरेको छ। सामाजिक विकास मूलभूत रूपमा मानव विकाससँग सम्बन्धित हुने गर्दछ। सामाजिक विकास अन्तर्गत गरेको लगानीले गन्यापधुरा गाउँपालिकाको मानव संसाधनको क्षमता, स्वच्छता, बौद्धिकता तथा समावेशी सहभागिता अभिवृद्धिको अपेक्षित नतिजा हासिल गरेको छ। सामाजिक विकासअन्तर्गत शिक्षा क्षेत्रमा विद्यालय भवन निर्माण, छात्रवृत्ति, अनुदान शिक्षक नियुक्ति, विद्यालय खाजा कार्यक्रम, विद्यालयमा सूचनाप्रविधिको विस्तार जस्ता कार्यक्रम सम्पन्न गरिएका छन। त्यसैगरी स्वास्थ्यतर्फ अस्पताल निर्माण, आधारभूत स्वास्थ्य इकाइको निर्माण, औषधि वितरण, वर्थिङ सेन्टर निर्माण, स्वास्थ्य कर्मचारीको व्यवस्था, स्वास्थ्य शिविर सञ्चालन तथा स्वास्थ्य उपकरणको व्यवस्थापन जस्ता कार्यक्रमलाई मुख्य प्राथमिकता दिइएको छ। त्यसैगरी खानेपानी सरसफाइ अन्तर्गत खानेपानी आयोजनाको निर्माण, एक घर एक धारा कार्यक्रम तथा सरसफाइमा ल्याण्डफिल्ड साइटको निर्माण, स्वास्थ्य र सरसफाई सम्बन्धि जनचेतनामुलक अभियानहरु सम्पन्न भएका छन। युवा तथा खेलकुद अन्तर्गत खेल मैदान निर्माण, विद्यालय स्तरीय बिभिन्न खेलकुद प्रतियोगिताहरु तथा पालिकास्तरीय खेलमैदान र खेलकुदका लागि आवश्यक संरचनाहरुको निर्माणलाई प्राथमिकतामा राखेर काम सम्पन्न भएका छन। गन्यापधुरा गाउँपालिकालाई खेलकुद पर्यटनको हवको रूपमा विकास गर्न सकिने प्रयाप्त सम्भावनाहरु छन। यसका लागि डडेल्धुरा जिल्लामा रहेको सात वटै स्थानीय तहहरुको समन्वय बैठकको आयोजनागरि पालिकाहरूबीच अन्तरपालिका समन्वय हुनु आवश्यक थियो। गन्यापधुरा गाउँपालिकाले डडेल्धुरा जिल्लाका सात वटै स्थानीय तहको समन्वय बैठक आयोजना गरेर पर्यापर्यटन क्षेत्रको विकासका लागि सामुहिक पहल गर्ने निर्णय भएअनुसार पर्यटन प्रवर्द्धन सम्बन्धि कतिपय योजनाहरु सामुहिक रुपमा तर्जुमा गरेर कार्यान्वयन गरिएको छ।

डोटीको शिखर नगरपालिकासँग समन्वय गरेर संयुक्त लगानीमा सडक र पर्यटन प्रवर्द्धनका क्षेत्रमा प्रभावकारी किसिमले संयुक्त योजना तर्जुमा भई कार्यान्वयन गरिएको छ। सामाजिक समावेशीकरण अन्तर्गत विपन्न समुदाय तथा महिलालाई सीप विकास तालिम लगायत विभिन्न तालिम कार्यक्रम, अपाङ्गता परिचय पत्र वितरण, ज्येष्ठ नागरिक सम्मान कार्यक्रम, बाल क्लब गठन, बालमैत्री पालिका घोषणाको तयारी तथा सामाजिक सुरक्षा कार्यक्रम आदि कार्यक्रमहरु कार्यान्वयन भएका छन भने भाषा, साहित्य, कलाको संरक्षणका लागि सांस्कृतिक तथा साहित्यिक कार्यक्रम तर्जुमागरि प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ। उच्च क्षमतायुक्त मानव संसाधन तयार पार्न सामुदायिक विद्यालयलाई व्यावसायिक तथा प्राविधिक विद्यालयमा रूपान्तरण गर्न गाउँपालिकाले प्रयास गरिरहेको छ। विद्यार्थीको क्षमता अभिवृद्धिका लागि गुणस्तरीय शिक्षाको आवश्यकता परिपूर्ति गर्नुलाई उच्च प्राथमिकताका साथ राखेर योजनावद्ध पहलको शुभारम्भ गरिएको छ। स्वास्थ्यतर्फ भौतिक संरचनाको निर्माण, स्वास्थ्य उपकरण, औषधि तथा खोप व्यवस्थापनमा उल्लेखनीय काम भएका छन। गन्यापधुरा गाउँपालिकाबासीहरुको स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्न र आम नागरिकले स्वास्थ्यमा गर्ने खर्च कम गर्नु पनि उत्तिकै आवश्यक ठानेर पालिकास्तरमा अस्पताल निर्माणकासाथै गाउँपालिकाभरिका स्वास्थ्य संस्थाहरुको संस्थागत क्षमता सुदृढीकरणका लागि योजनावद्ध पहल थालिएको छ।

अनावश्यक खानपान तथा बढ्दै गएको अस्तव्यस्त जीवनशैलीले मधुमेह, उच्च रक्तचाप, क्यान्सर जस्ता दीर्घरोगबाट ग्रस्त मानिसको संख्या सहरी मात्र नभएर ग्रामीण क्षेत्रमा पनि बढ्दै गएको छ। मैदाजन्य वस्तुको उपभोग अत्यधिक बढ्दा मानिसको स्वास्थ्य अवस्थामा गम्भीर असरपर्दै गएको छ भने स्वास्थ्यमा हुने खर्च पनि बढिरहेको छ। यसका लागि गन्यापधुरा गाउँपालिकाले नीतिगत कार्यक्रम ल्याउनुका साथै योग अभ्यास, आर्युवेदिक स्वास्थ्य केन्द्र स्थापना जस्ता कृयाकलापहरु पनि प्रभावकारी रुपमा कार्यान्यन गरिएका छन। सामाजिक सुरक्षाका नाममा परम्परागत वितरणमुखी परिपाटी अपनाउँदा राज्य स्रोतको ठूलो हिस्सा अनुत्पादक क्षेत्रमा खर्च भइरहेको भए पनि यसलाई उपलब्धीमुलक बनाउन गन्यापधुरा गाउँपालिकाले सक्दो प्रयास गरेको छ। सामाजिक समावेशीकरण अन्तर्गत विपन्न समुदाय तथा शारीरिक रूपमा अशक्तता भएका बालबालिकालाई लक्षित गरी व्यावसायिक आवासीय विद्यालयको निर्माण गरी त्यस्ता बालबालिकालाई गुणस्तरीय शिक्षाको प्रबन्ध गर्न गन्यापधुरा गाउँपालिकाले विशेष कक्षालाई निरन्तरता दिएको छ। पूर्वाधार विकास अन्तर्गत सडक, पुल, आवास तथा बस्ती विकास, विद्युत् तथा वैकल्पिक ऊर्जा, सिँचाइ, र सूचना तथा सञ्चारप्रविधि लगायतका उप क्षेत्रमा बजेट विनियोजन गरेर आवश्यकतामा आधारित योजना तर्जुमागर्दै कार्यान्वयन गरिएको छ। आवास तथा बस्ती विकासमार्फत अव्यवस्थित शहरीकरण तथा अस्तव्यस्त आवासको अवस्थामा सुधार ल्याउने प्रयास गरिएको छ। विद्युत् तथा वैकल्पिक ऊर्जाको क्षेत्रमा सौर्य बत्ती जडान, ग्रामीण विद्युतीकरण, सुधारिएको चुलो वितरण जस्ता कार्यक्रमहरू कार्यान्वयन गरिएका छन। त्यसैगरी सूचना तथा सञ्चारप्रविधि अन्तर्गत प्रविधि मैत्री प्रशासन निर्माण, सामुदायीक विद्यालयहरूलाई प्रविधि मैत्री बनाउन निःशुल्क इन्टरनेट र उपकरणहरुको व्यवस्थालगायत कार्यक्रमहरुलाई प्राथमिकता दिइएको छ। स्थानीय तहमा प्राप्त बजेटको ठूलो हिस्सा पूर्वाधार विकासमा खर्च हुने गरेको छ, तसर्थ स्थानीय तहहरूले दिगो पूर्वाधार विकासमा ध्यान दिनुपर्ने आवश्यकतालाई मध्यनजर गरेर यस गन्यापधुरा गाउँपालिकाले सडक निर्माणमा ठूला उपकरणको प्रयोग गर्नुको साटो स्थानीय

स्रोत तथा उपकरणको प्रयोगमा जोड दिने नीति अवलम्वन गरेको छ।

सडक निर्माणको परम्परागत शैलीलाई हटाई 'हरित सडक' वा 'बगैंचा सडक' को अवधारणालाई अभ्यासमा ल्याउने प्रयास गरिएको छ। गन्यापधुरा गाउँपालिकाले आफू मातहत रहेको सार्वजनिक जग्गालाई अन्तरपालिका, निजी क्षेत्र वा सहकारीहरूसँगको सहकार्यमा उच्च पूँजी निर्माणयुक्त आयोजना सञ्चालन गरी पालिकाको आयआर्जन तथा रोजगारी बढाउन सक्ने किसिमले नमुना काम गरेको छ । वन, वातावरण तथा विपद् व्यवस्थापन अन्तर्गत वन तथा जैविक विविधता, जलाधार तथा भू-संरक्षण, वातावरणीय स्वच्छता तथा विपद् व्यवस्थापन जस्ता उपक्षेत्रमा बिभिन्न कार्यक्रम तथा योजनाहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिएका छन। वातावरणको दिगो व्यवस्थापन, जलवायु अनुकूलन कार्यक्रम, वनजन्य उद्यमशीलता विकास लगायत क्षेत्रमा यस गाउँपालिकाले लगानी गरेअनुरुप प्रतिफलहरु हासिल भएका छन। वन तथा जलस्रोत क्षेत्र संघीय मोडल अन्तर्गत साझा अधिकारमा पर्ने भएकाले स्थानीय तहले चाहेरै पनि उल्लेखनीय काम गर्न सकिने अवस्था छैन। तथापि वन क्षेत्रमा तारबार निर्माण, भूक्षय रोक्न तारबार सहितको पर्खाल निर्माण, पोखरी तथा ताल निर्माण, वृक्षरोपण, फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ साइटको निर्माण, विपद् व्यवस्थापन कोषको स्थापना, राहत वितरण जस्ता कृयाकलापहरु भने उल्लेखनीय रुपमा सम्पन्न भएका छन । गन्यापधुरा गाउँपालिकामा स्थानीय सामुदायिक वनसँगको सहकार्यमा पर्या-पर्यटन तथा वनजन्य उद्यमशीलताको विकास गर्न सक्ने प्रशस्त आधार छन । सामुदायिक वनमा रहेका अनुत्पादनशील वन (कु-काठ) लाई विस्थापन गरी रक्तचन्दन, अगरहुड, बोधिचित्त, रुद्राक्ष लगायत उच्च आर्थिक लाभ दिने वनस्पतिको विकास गरी आय आर्जनको क्षेत्र विस्तार गर्ने प्रयाप्त सम्भाव्यता देखिन्छ।

सुशासन तथा संस्थागत विकास अन्तर्गत स्थानीय तहले ऐन, नियम, कानुन निर्माण, जवाफदेहिताको प्रर्वद्धन, संगठनात्मक विकास, वित्तीय स्रोत परिचालन तथा योजना व्यवस्थापन जस्ता उपक्षेत्र विभिन्न योजना तथा कार्यक्रमहरु सम्पन्न भएका छन । सुशासन तथा संस्थागत विकास अन्तर्गत ऐन, नियम, कानुन तथा कार्यविधिको निर्माण, पालिकाको प्रशासनिक भवन निर्माण, उपभोक्ता समितिको गठन लगायत कामहरू सञ्चालनमा रहेका छन। संघीय संविधानले सरकारको दर्जा दिएको सन्दर्भमा गन्यापधुरा गाउँपालिकाले एकल अधिकार क्षेत्रभित्रका सम्पूर्ण क्षेत्र तथा त्यस अन्तर्गतका उपक्षेत्रमा स्थानीय आवश्यकता सुहाउँदो कानुन तथा विधीहरु निर्माण गरी स्थानीय विकासका अभ्यासहरूलाई अगाडि बढाउने प्रयास गरेको छ। आफ्नो आवश्यकताका आधारमा कानुन निर्माण गर्ने, त्यसै अनुरूप नीति, योजना तथा कार्यक्रम तर्जुमा गरेर कार्यान्वयन तहमा पुग्नु स्थानीय तहका लागि संवैधानिक म्यान्डेट हो। आफ्नो अधिकार क्षेत्रभित्र रही आन्तरिक राजस्वको दायरा बढाई आन्तरिक आय बढाउन सक्ने सम्भावनालाई मध्यनजर गरेर गन्यापधुरा गाउँपालिकाले निजी क्षेत्र, सहकारी तथा जनतासँग सहकार्य गरी उच्चतम पुँजी निर्माण हुने क्षेत्रमा लगानी गर्दै आन्तरिक आय वृद्धि गर्ने अवसर सिर्जना गर्न सफल भएको छ। गाउँपालिकाबासीलाई करको भार कम गर्न करको दर नभई दायरा बढाउने किसिमका कार्यक्रमहरु सञ्चालन भईरहेका छन । गन्यापधुरा गाउँपालिकाको आन्तरिक श्रोत प्रवर्द्धनगर्दै वाह्य श्रोत परिचालनका लागि बिभिन्न सरकारी तथा गैर सरकारी निकायहरुसँग समन्वय सहकार्य बढाउन गन्यापधुरा गाउँपालिका दत्तचित्त भएर लागेको छ। संघीय तथा प्रदेश सरकारबाट डडेल्धुरा जिल्लाभरिका स्थानीय तहमध्ये

सबैभन्दा न्युन बजेट प्रवाह हुने गरेको गन्यापधुरा गाउँपालिकाले समन्वय सहकार्यकै कारण यस अवधिमा अपेक्षा भन्दा बढि बजेट खर्च गरेर नमुना गाउँपालिकाका रुपमा आफुलाई उभ्याउन सफल भएको छ। गन्यापधुरा गाउँपालिकाले पनि स्थानीय तहको यहि विषयत क्षेत्रका आधारमा गठित राजनीतिक तथा प्रशानिक संयन्त्रलाई प्रभावकारी बनाउने प्रयत्न गरेको छ।

| **क्र.सं.** | **विषय क्षेत्र** | **विद्यमान सम्भावनाहरु** |
|---|---|---|
| १ | प्राकृतिक श्रोत तथा साधन | प्राकृतिक सम्पदाले भरिपुर्ण मानिने गन्यधपधुरा गाउँपालिकामा पवित्र धार्मिक तथा सम्भाव्य पर्यटकीयस्थल गन्यापधुरा र गन्यापतालको विकास गर्न सकिएमा पर्यटन उद्यममा टेवा पुग्ने देखिन्छ । गाँउपालिकाभित्र रहेका बिभिन्न धार्मिकस्थलहरु, मनोरम तथा रमणीय प्राकृतिक स्थलहरु, ताल तलैया, झरना, नदी, वन जंगल र जैविक विविधताको संरक्षण, सम्वर्द्धन र विकास मार्फत गाँउपालिकाको मुहार फेर्न सकिन्छ । व्यवसायीक कृषि उत्पादनका लागि उपयुक्त माटो, सिँचाईको प्रबन्ध गर्न नदी खोलाहरु तथा पशुपन्छी पालनका लागि प्रयाप्त जंगल भएकाले कृषि क्षेत्रको विकासका लागि गन्यापधुरा गाउँपालिका प्रचुर सम्भावना भएको स्थान मान्न सकिन्छ। प्राकृतिक तथा वन पैदावारमा आधारित घरेलु, साना र कुटीर उद्योग सञ्चालन गर्नका लागि पनि गन्यापधुरा गाउँपालिकामा कञ्चा पदार्थको प्रचुरता छ । गाउँपालिकामा भएका खोला र तालतलैयाहरूलाई माछापालन, सिँचाइ, पर्यटन प्रवर्द्धन लगायत जीविकोपार्जन र आर्थिक विकासका विविध क्षेत्रहरूमा परिचालन गर्न सकिने अवस्था छ । माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवशरहरु बढ्ने र अन्य क्षेत्रबाट आयात हुने माछा प्रतिष्स्थापन भई स्थानीय उत्पादनले बजार पाउने छ । गन्यापधुरा गाउँपालिकामा ओगटेका वन क्षेत्रहरु सल्लाको वन, वाँज, साल लगायतको उच्च व्यवसायिक महत्वका वनस्पति प्रजातियुक्त वन क्षेत्र हुनु, वन क्षेत्रको पुनरुत्पादन दर राम्रो हुनु आदि कारणले गर्दा वनको वैज्ञानिक व्यवस्थापन मार्फत् जीविकोपार्जनमा टेवा पुर्‍याउन र राजश्वमा वृद्धि गर्न सकिने अवस्था छ। |

| क्र.सं. | विषय क्षेत्र | विद्यमान सम्भावनाहरु |
|---|---|---|
| | | जैविक विविधताको संरक्षण, प्रवर्द्धन र विकास मार्फत आर्थिक विकासमा उपयोग गर्न सकिने अवस्था छ। वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटीको खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारमुखी गर्न सकेमा आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ। गन्यापधुरा गाउँपालिकामा रहेको जलवायु क्षेत्रहरूको विविधताका कारण सिर्जित असाधारण जैविक विविधताले कृषि र वनक्षेत्रको विकासमा अथाह सम्भावनाहरू निर्माण गरेको छ। उचित तकनिकी दक्षता, प्रविधि, पूँजी लगानी र व्यवसायिक वातावरण भएमा यस जैविक विविधताले गन्यापधुराको भावी समुन्नतिका लागि इञ्जिनको काम गर्न सक्दछ भने आफ्नो जीवनयापनका लागि परम्परागत रूपमा कृषिक्षेत्रमा निर्भर रहेका गन्यापधुराबासीको जीवनको रूपान्तरण गर्ने सामर्थ्य रहन्छ। गन्यधपुरा गाउँपालिकामा भएका प्राकृतिक श्रोत /साधनलाई व्यवस्थित तथा वातावरणीय मित्रवत प्रविधि अपनाएर उचित प्रयोग गर्न सकिएमा स्थानीयस्तरमा रोजगारी सिर्जना गर्नका साथै स्थानीय श्रोत परिचालनमा दिगोपना ल्याउन सकिने छ। |
| २ | आर्थिक | सबैका लागि सम्मानित काम, सबैका लागि सम्मानित जीविकोपार्जन, सबैका लागि सम्मानित जीवन, सबै व्यक्तिहरूले आफुले छनौट गरेको जीवन बाँच्न पाउने अवस्थाको सिर्जन ागर्न गन्यापधुरा गाँउपालिकाले अघि सारेको आर्थिक विकासको अवधारणा परनिर्भरताको अन्त्य र आत्मनिर्भर अर्थतन्त्र निर्माणको आधार बन्ने विश्वास लिइएको छ। कृषिजन्य उत्पादनका लागि अग्रणी रहेको गन्यापधुरा गाउँपालिकामा व्यवसायीक कृषि उत्पादन मार्फत कृषि क्रान्ती गर्न सकिन्छ। मूलतः हाम्रो अर्थतन्त्र कृषिमुखी भएकाले यस क्षेत्रको आधुनिकीकरण गर्ने, औद्योगिकीकरण एवम् बैज्ञानीकरण गर्ने खालको आधुनिक प्रबधि एवं पुँजी लगायत तुलनात्मक लाभ भएका क्षेत्रहरू जस्तै पर्यटन, कृषि र वनपैदावर तथा जलविद्युत् जस्ता उद्योग तथा सेवा क्षेत्रलाई विशेष प्राथमिकता दिदै त्यही अनुरुपको नीति अबलम्बन गरेर राजनीतिक स्थिरतासहितको लगानीमैत्री वातावरण निर्माण गर्नसकेमा पक्कै पनि गाँउपालिकाको भविष्य उज्वल हुनसक्छ। कृषि, उद्योग, पर्यटन र सेवाक्षेत्रजस्ता अर्थतन्त्रका मुख्य चालक शक्तिका लागि पर्याप्त लगानी र उचित योजना तथा त्यसको कार्यान्वयन हुनु अति अपरिहार्य छ। कृषिजन्य उत्पादनका साथै फलफूल तथा बागवानीको विकासमा मार्फत कृषि पर्यटनको विकास गर्न सकिन्छ। मौलिक संस्कृति, धार्मिक तथा ऐतिहासिक गाउँपालिका भएकोले गन्यापधुरा गाउँपालिकालाई पर्यटकीय गन्तव्यका रुपमा सहजै विकास गर्न सकिन्छ। सम्भाव्य पर्यटकीयस्थलहरुको संरक्षण, सम्वर्द्धन, विकास, प्रचार प्रसार र |

| क्र.सं. | विषय क्षेत्र | विद्यमान सम्भावनाहरु |
|---|---|---|
| | | पर्यटक प्रवद्धनमा केन्द्रित रहेर गाउँपालिका अघि बढन सकेमा पर्यटन उद्यममार्फत गरिवी न्युनिकरण र आर्थिक विकासमा टेवा पुग्छ। गन्यापधुरा गाउँपालिकामा प्रयाप्त प्राकृतिक धरोहर छन्। तिनीहरुको संरक्षण गर्नुपर्छ। खोला, नदी नालाको सरसफाई गर्नु आवश्यक छ।<br>पर्यटन विकास गर्दा सकभर स्थानीयले पनि लाभ लिनेगरी गर्नुपर्छ। ट्रेकिङ, ऱ्याफटिङ, पदयात्रालगायतका क्षेत्र विकास गरेर स्थानीयले लाभ लिने व्यवस्था मिलाउनु पर्छ। प्रशिद्ध धार्मिक तथा मनमोहक पर्यटकीयस्थल गन्यापधुरा क्षेत्रमा धार्मिक पर्यटन पर्वद्धनमार्फत छिमेकी मुलुक भारतका हिन्दु धर्मावलम्बीहरुलाई भित्र्याउन सकिन्छ। सुदूरपश्चिम क्षेत्रका सात वटै पहाडी जिल्ला र तराईका दुई जिल्लाहरुको केन्द्र विन्दुका रुपमा रहेको डडेल्धुरा जिल्लामा कृषिजन्य उत्पादनको संकलन, प्रशोधन र बजारीकरणमा योगदान पुगाउने किसिमले कृषि उद्यम केन्द्र तथा अनुसन्धान केन्द्र स्थापना गर्न सकिन्छ, जसबाट कृषिको दिगो व्यवसायीक विकास र युवा बेरोजगारी केहि हदसम्म घटाउन सकिन्छ। आर्थिक रूपले अत्यन्तै पिछडिएको र अति विकट बस्ती र ग्रामीण क्षेत्रहरुमा फलफूल खेती र नगदे बाली प्रवर्द्धनमार्फत कृषिक्रान्ती गर्न सकिन्छ। आफ्नो भूभागको झण्डै दुईतिहाइ अंश वनक्षेत्रले ढाकेको गन्यापधुरा गाउँपालिकामा व्यवसायीक तथा उन्नत पशुपालन मार्फत आर्थिक विकासका प्रयाप्त सम्भावना छन भने सम्भाव्यता हेरी व्यवसायीक रुपमा बाह्रैमास माछापालन, मौरीपालन, जडिबुटी खेती, कुखुरापालन, बंगुरपालन, च्याउखेती जस्ता आर्थिक विकासका कृयाकलापहरु गर्न सकिन्छ। कृषकलाई आधुनिक उत्पादनका साधनहरु, भौतिक पुर्वाधारहरु उपलब्ध गराई सहकारी, बैंक तथा वित्तीय संस्थाहरुबाट सस्तो सरल कर्जा उपलब्ध गराएर, सहकारी तथा सामुहीक ढंगले खेतिपाती गर्ने नीति नगर सरकारले कृषि क्षेत्रको दिगो विकास र व्यवसायीकरणमा ध्यान दिनुपर्छ। जबसम्म हरेक नागरिकले काम गर्दैनन्, हरेक नागरिकले देश निर्माणको लागि योगदान गर्दैनन्, तबसम्म देशको ढुकुटीमा आवश्यक श्रोत जुट्दैन्। जब ढुकुटीमा सम्पति न्युँन वा रित्तो हुन्छ, त्यसबेला सरकारले ठूला पूर्वाधार विकासका योजनाहरुमा लगानी गर्न सक्दैन। यसर्थ, आर्थिक विकासका अपार सम्भावनाहरुको खोजी गरेर अथक प्रयत्न र योजनावद्ध काम गरेर आर्थिक विकासका लागि योगदान पुऱ्याउन आवश्यक छ। गन्यापधुरा गाउँपालिकामा विद्यमान के कस्ता स्रोतहरू छन् र आन्तरिक आम्दानी प्रवर्द्धन गर्न कसरी अघि बढनु पर्छ भन्ने विषयमा सुक्ष्म अध्ययन र अनुसन्धान गरिनु पर्छ। अध्ययन अनुसन्धानको नतिजाका आधारमा प्रभावकारी योजना तर्जुमा गरेर कार्यान्वयन गरिनुपर्छ। |

| क्र.सं. | विषय क्षेत्र | विद्यमान सम्भावनाहरु |
|---|---|---|
| ३ | **सामाजिक** | रमाइलो हावापानी, अनुपम आतिथ्य र संरक्षित प्राकृतिक सौन्दर्यले भरिएको उत्कृष्ट पृष्ठभूमिको गाउँपालिका भएकाले गन्यापधुरा गाउँपालिकालाई शिक्षा, स्वास्थ्य र घरबाहिर खेलिने खेलहरूको केन्द्रबिन्दु बनाउन सकेमा यो नै समृद्ध गाउँपालिका निर्माणको लागि मियो हुन सक्दछ। यसकालागि गन्यापधुरा गाउँपालिकामा सुदूरपश्चिम प्रदेश स्तरीय खेलकुद स्टेडियम निर्माण गरिनु आवश्यक छ। गन्यापधुरा गाउँपालिकालाई स्वच्छ, सफा, हराभरा नगरका रुपमा विकास गर्ने, फोहोरको उचित व्यवस्थापन गर्ने, हरेक वडामा बाल उद्यानको व्यवस्था, खेलकुद मैदानको प्रवन्ध गर्नुपर्ने हुन्छ। यँहाका शैक्षिक संस्थाहरुलाई व्यवस्थित र मर्यादित बनाउने, शैक्षिक स्तर सम्मुन्नत गर्न शैक्षिक तालिमको व्यवस्था गुणस्तरीय शिक्षा प्रदान गर्न र शैक्षिक जनशक्ति उत्पादन गर्न स्वावलम्बी तथा सिपमुलक शिक्षाको खाँचो छ। गाउँपालिकास्तरमा कम्तीमा पनि स्नातक तह सम्मको प्राविधिक कलेजको स्थापनागर्ने, गाउँपालिकामा स्तरीय यातायात सेवा सञ्चालन गर्ने र जनतालाई आबश्यक सेवाहरु घरदैलोमा उपलब्ध गराउने किसिमको संयन्त्रको विकास गर्न सकिने प्रयाप्त सम्भावनाहरु छन । गन्यापधुरा गाउँपालिकामा रहेका अति विपन्न, अल्पसंख्यक, पिछिडिएका बर्ग, दलित, महिला, जनजाती, अपांगता भएका व्यक्तिहरु तथा अवशरविमुख समुदायलाई स्थानीय सरकारको प्रत्याभुती दिनकालागि उनीहरुको शशक्तिकरण, क्षमता विकास र आर्थिक विकासमा स्थानीय सरकारले स्मार्ट योजना बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिन्छ। |
| ४ | **भौतिक पुर्वाधार विकास** | आर्थिक विकास र समृद्धिका लागि चाहिने अर्को असाध्यै महत्वपूर्ण कुरा भौतिक पूर्वाधार हो । यदि बाटोघाटो, ठूला सिंचाइ योजना, एयरपोर्टजस्ता भौतिक पूर्वाधार भएनन् भने औद्योगिक लगानी हुन सक्दैन। त्यसैले आर्थिक विकास र लगानीका निम्ति तथा ग्रामीण अर्थतन्त्र विकासका लागि आन्तरिक सडक, खानेपानी, एयरपोर्टजस्ता भौतिक पूर्वाधार विकासमा विशेष ध्यान दिनुपर्छ। कुनै पनि क्षेत्रको भौतिक पुर्वाधार विना आर्थिक विकास र समृद्धि हुनै सक्दैन । गन्यापधुरा गाउँपालिकामा ठूला भौतिक पूर्वाधारहरु निर्माणमा लगानी गर्न सक्ने नीजि क्षेत्रको विकास भईसकेको छैन र बाह्य पूँजी भने जस्तो सजिलै लगानीको लागि तयार भएको अवस्था छैन। कुनै पनि स्थानीय तहको आन्तरिक आम्दानी राम्रो नभएसम्म विकास निर्माणका कामहरु जनताको चाहनाअनुसार गर्न सकिँदैन । गन्यापधुरा गाउँपालिकाको आन्तरिक श्रोत बढाउन गाउँपालिकाबासीको आर्थिक अवस्थामा सुधार हुनुपर्छ। गन्यापधुरा गाउँपालिकाको समग्र विकासका लागि विभिन्न संघ संस्था, राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायहरुसँग |

| क्र.सं. | विषय क्षेत्र | विद्यमान सम्भावनाहरु |
|---|---|---|
| | | समन्वय सहकार्य बढाउदै अनुदान सहयोग भित्र्याउनु पनि आबश्यक देखिएको छ। गाउँपालिकाको विकास बजेट बढाउँदै सडक सञ्जाल विकास, नदी नियन्त्रण तथा सिँचाई पुर्वाधार, खानेपानी योजना निर्माणलगायतका भौतिक पुर्वाधार विकासमा जोड दिइनु पर्छ। आवश्यकता अनुसार सामुदायीक शैक्षिक प्रतिष्ठानहरु, सुविधा सम्पन्न अस्पतालहरु, सामुदायीक अध्ययन केन्द्रहरु, वाल उद्यान, अनाथालय, वृद्धाश्रम, सुरक्षित आवास गृहहरु, सार्वजनिक पार्क, रंगशाला, व्यवस्थित बधशाला, वहुउद्देश्यीय सिटी हल (सभागृह) लगायतका संरचना निर्माणमा लगानी जुटाइनु पर्छ। गाउँपालिका सबै बस्तीहरु छुने कृषि सडक, विद्युतीकरण संरचनाहरु, दुरसञ्चार र इन्टेरनेट सम्बन्धी संरचनाहरु निर्माण गरिनु पर्छ। सूचना प्रविधीसँगै विज्ञान तथा प्रविधीको विकासकालागि आबश्यक भौतिक संरचनाहरु निर्माण गरिनु पर्छ। गाउँपालिकाका हरेक वडाहरुमा सूचना केन्द्रको स्थापना र सञ्चालन आबश्यक छ। उल्लेखित पुर्वाधारहरुको विकासमार्फत गन्यापधुरा गाउँपालिकालाई आर्थिक विकासका क्षेत्रमा नमुना स्थानीय तह बनाउने आधारहरु खडा गर्न सकिन्छ। गन्यापधुरा गाउँपालिकामा बस्ती व्यवस्थापन समेत समस्याको रुपमा देखिएको छ। गाउँपालिकाको गुरुयोजना मार्फत बस्ती व्यवस्थित गरेर नमुना गाउँपालिकाका लागि आवश्यक पुर्वाधारहरु तयार गर्ने कार्यको नेतृत्व गन्यापधुरा गाउँपालिकाले गर्नुपर्छ। |
| ५ | **सुशासन तथा संस्थागत** | आम नागरिकको घर दैलोको सरकार भएकाले स्थानीय सरकारले शुशासन र पारदर्शीताका क्षेत्रमा समेत पहल गर्नुपर्छ। गन्यापधुरा गाउँपालिकाले 'शून्य भन्सार दर', 'पारदर्शी तथा मितव्यायी सरकार', 'मेरिटोक्रेसी' र 'भ्रष्टाचारमा शून्य सहनशीलता' जस्ता प्रावधान अगाडि बढाउदै सुशासन प्रवर्द्धनमा उल्लेखनीय काम गर्न सक्छ। परम्परागत मान्यताहरूलाई वर्तमान यथार्थसँग समायोजन गर्नुपर्ने खालका नीति निर्माण गर्नु र विधिको शासनलाई कार्यान्वयन गर्न गाउँपालिकाले सुशासन र संस्थागत विकासमा थुप्रै सफलता हासिल गर्नसक्छ। निर्माण गरिएका नीति तथा कानूनहरु सरल, सहज प्रविधी र समयानुकुल प्रभावकारी हुनेगरि निर्माण गरिनु पर्छ र कार्यान्वयनमा ठोस कदम चालिनु पर्छ। आम नागरिकलाई सुशासनको प्रत्याभुती दिलाउन गन्यापधुरा गाउँपालिकाले जनमैत्री र पारदर्शी भएर काम गर्नुपर्छ। सुशासन प्रवर्द्धनका लागि आवश्यक औजारहरुको विकास गरेर विधि र पद्धतिलाई आत्मसाथगर्दै जनउत्तरदायी, पारदर्शी र जनमुखी स्थानीय सरकारका रुपमा गन्यापधुरा गाउँपालिकाले आफुलाई उभ्याउन सक्नुपर्छ। |

## ४) गन्यापधुरा गाउँपालिकाको संगठनात्मक ढाँचा



# ५) गन्यापधुरा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष तथा सबै वडाका वडा अध्यक्षहरूको विवरण

**(मङ्सिर, २०७९ देखि २०८४ सम्म)**



(इन्द्रबहादुर कार्की )
अध्यक्ष



(ज्ञानुकुमारी सेटी देउवा )
उपाध्यक्ष



(नरेशराज भण्डारी)
वडा अध्यक्ष
वडा नं. १



(दीलिपकुमार तामाङ )
प्रमुख प्रशासकीय अधिकृत



(चक्रबहादुर देउवा)
वडा अध्यक्ष
वडा नं. ३



(नरेन्द्रकुमार भट्ट)
वडा अध्यक्ष
वडा नं. १



(मनोज बहादुर देउवा )
वडा अध्यक्ष
वडा नं. २



(चन्द्रप्रसाद रोस्यारा)
वडा अध्यक्ष
वडा नं. ५

# ६) जननिर्वाचित प्रतिनिधिहरूको विवरण

## (मङ्सिर २०७९ देखि २०८४ सम्म)

| सि. नं. | नाम थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | श्री इन्द्रबहादुर कार्की | अध्यक्ष | ९८५८७४५५८० |
| २ | श्री ज्ञानुकुमारी सेटी देउवा | उपाध्यक्ष | ९८४१७४०२७१ |
| **वडा नं. १ का निर्वाचित जनप्रतिनिधीहरु** | | | |
| ३ | नरेशराज भण्डारी | वडा अध्यक्ष | ९८४८७६८८१९ |
| ४ | भागरथी कुमारी भट्ट | वडा सदस्य | ९८६८८६०१८६ |
| ५ | पदम बहादुर महता | वडा सदस्य | ९८६७७६४६०६ |
| ६ | बहादुर दमाई | वडा सदस्य | ९८४८९९१५३९ |
| ७ | गोमा कामी | वडा सदस्य | ९८६८७५१७१३ |
| **वडा नं. २ का निर्वाचित जनप्रतिनिधीहरु** | | | |
| ८ | मनोज बहादुर देउवा | वडा अध्यक्ष | ९८५१३३२४४७ |
| ९ | खेमराज पनेरु | वडा सदस्य | ९८४८८०२०९५ |
| १० | करुणाकर जोशी | वडा सदस्य | ९८४८७६५००९ |
| ११ | राधा बिक | वडा सदस्य | ९८४७५४०३०७ |
| १२ | कृष्णा देवी देउवा | वडा सदस्य | ९८४८८०५६५० |
| **वडा नं. ३ का निर्वाचित जनप्रतिनिधीहरु** | | | |
| १३ | चक्रबहादुर देउवा | वडा अध्यक्ष | ९८६९३३६४२८ |
| १४ | बमबहादुर देउवा | वडा सदस्य | ९८४८८७१७९५ |
| १५ | प्रसाद सिंह बोहरा | वडा सदस्य | ९८४९२९२३४८ |
| १६ | टिकेश्वरी हमाल विष्ट | वडा सदस्य | ९८६०८०५२९७ |
| १७ | प्रमिला बिक | वडा सदस्य | ९८४८७६६९४४ |
| **वडा नं. ४ का निर्वाचित जनप्रतिनिधीहरु** | | | |
| १८ | नरेन्द्रकुमार भट्ट | वडा अध्यक्ष | ९८४८७६५५१० |
| १९ | ममता विष्ट प्रधान | वडा सदस्य | ९७४८८५६९६९ |
| २० | गगनसिंह साँउद | वडा सदस्य | ९७४२४१३८५३ |
| २१ | पार्वतीदेवी भुल सार्की | वडा सदस्य | ९८६५६१८५१७ |
| **वडा नं. ५ का निर्वाचित जनप्रतिनिधीहरु** | | | |
| २२ | चन्द्रप्रसाद रोस्यारा | वडा अध्यक्ष | ९८४८७१०२५८ |
| २३ | सरस्वती भट्ट | वडा सदस्य | ९८४८८०६२७१ |
| २४ | योगेन्द्रबहादुर देउवा | वडा सदस्य | ९८६०३५४४१८ |
| २५ | रुपा भुल | वडा सदस्य | ९८६४६२६५०९ |
| २६ | भिमबहादुर लोहार | वडा सदस्य | ९८४२८७४८०० |

# परिच्छेद-२

# १) गन्यापधुरा गाउँपालिकाको विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना २०८० को पृष्ठभूमि

नेपाल विपद्को दृष्टिले अति जोखिमपुर्ण देशहरुमध्ये एक हो। विश्वका १८० मुलुकमध्ये नेपाल भूकम्पका हिसाबले ११ औं, बाढीको हिसाबले ३० औं स्थानमा र जलवायु परिवर्तनको हिसावमा चौथो तथा एशियामा छैठौं जोखिमपूर्ण देशको रुपमा रहेको छ। नेपालमा विशेषगरी नियमित रुपमा हुने बाढी, पहिरो, हुरिबतास, आगलागी, चट्याङ, सडक दुर्घटना, असिना, हिमपहिरो तथा महामारीजस्ता मौसमी विपद्बाट हरेक वर्ष लगभग बीस हजारभन्दा बढि परिवारहरु प्रभावित हुने गरेका छन। नेपालमा प्रतिबर्ष बिभिन्न विपद्हरुबाट सरदर औषतमा एक हजारको हाराहारीमा मानिसहरुको मृत्यु हुने गर्दछ। जसमध्ये बार्षिक तीन सय जनाको मृत्यु बाढी तथा पहिरोका कारणले मात्रै हुने गर्दछ। यसैगरी आगलागीका कारण पशु चौपाया, पंक्षी, जग्गाजमिन, वन क्षेत्र र बालीनाली, धन सम्पत्तीको नोक्सानी हुने गरेको छ। विपद्को कारण नेपालले हरेक बर्ष औसतमा एक अर्ब २१ करोडको बराबरको सम्पत्तिको क्षति व्यहोर्नु परेको छ। नेपालको विकास दर ३ देखि ४ प्रतिशतले रहेको छ भने विपद्ले विनाश गर्ने दर ८ देखि २५ प्रतिशतसम्म हुने गरेको देखिएको छ। कमजोर भू-बनोट, जटिल भूगर्भीय संरचनाका कारण नेपाल विपद्को उच्च संकटासन्नताको अवस्थामा रहेको छ। विपद् व्यवस्थापन र उद्धार कार्यलाई अर्न्तराष्ट्रियस्तरमा मानव अधिकारका रुपमा अघि बढाउन १८ देखि २२ जनवरी २००५ मा जापानको ह्योगो शहरमा प्राकृतिक विपद् न्युनीकरण सम्बन्धी दोश्रो विश्व सम्मेलन भएको थियो।

सो सम्मेलनका अवसरमा नेपालले विपद् न्युनीकरण एवं समन्वय परिषदको गठन, विपद् सम्बन्धी राष्ट्रिय रणनीति तयार गरी त्यसको अध्यावधिक गर्ने, विकसित मुलुकका उच्च प्रबिधि र अनुभवहरुलाई अनुशरण गर्ने, दिगो विकास र सुरक्षित भविष्य निर्माणका लागि शिक्षा भन्ने नारालाई साकार पार्न शैक्षिक पाठ्यक्रममा सुधार गर्ने र विपद् न्यूनीकरणका लागि विश्वकोषको स्थापना गर्ने जस्ता कुराहरुमा आफ्नो प्रतिबद्धता जाहेर गरेको थियो। साथै २५ असोज २०६६ मा नेपाल सरकारबाट स्वीकृत गरिएको रणनीतिमा पनि प्रकोप जोखिम न्यूनीकरण सम्बन्धी अवधारणाहरूलाई आपत्कालीन पूर्वतयारी (Preparedness), प्रतिकार्य (Response), तथा पूर्नलाभ (Recovery) सम्बन्धी कार्यक्रममा व्यवस्थित रूपमा समावेश गर्ने उल्लेख गरिएको छ। विपद्को सवाल भनेको राहत र उद्धारसंग मात्र सीमित छैन। आधारभुत मानव अधिकार, मानवीय कानून, विकास निर्माण, गास, बास, कपास, शान्ति सुरक्षा एवं सामाजिक, आर्थिक, साँस्कृतिक लगायतका हरेक बिषयहरुसंग यसको प्रत्यक्ष सम्बन्ध छ। यस्तै सम्वेदनशील सवालहरुलाई हृदयगम गरी विपद् व्यवःथापनका गतिबिधिहरुलाई विकासका हरेक पक्षसंग समाहित गर्दै दिगो विकासको अवधारणाभित्र एकीकृत गरिनुपर्ने आजको आवश्यकता रहेको छ। यसका लागि आवश्यक पर्ने अल्पकालीन एवं दीर्घकालीन योजनाका साथ विपद्

व्यवस्थापनका गतिबिधिहरुलाई बिभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरु र सरोकारवाला निकायहरुबीचको साझेदारी, समन्वय र सहकार्यमा प्रतिबद्धता र ऐक्यबद्धताका साथ योजना तर्जुमादेखि कार्यान्वयनसम्म कार्य गर्नुपर्ने आजको सान्दर्भिकता हो ।

डडेल्धुरा जिल्लाको गन्यापधुरा गाँउपालिका भू-क्षय, बाढी र पहिरोको दृष्टिले निकै जोखिमपुर्ण स्थान मानिन्छ । वर्षेनी भूक्षय, बाढी, पहिरो, नदी कटान हुने गरेको यस गाँउपालिकामा वातावरणीय असन्तुलनका कारण हुने प्राकृतिक प्रकोपका कारण ठुलो जनधनको क्षति समेत हुने गरेको छ । गन्यापधुरा गाउँपालिकामा विभिन्न प्रकोपहरु जस्तै भूकम्प, बाढी, पहिरो, सडक दुर्घटना, आगलागी, जंगली जनावरहरुको आतंक, खडेरी र महामारीले प्रत्यक्ष प्रभाव पारिरहेको छन । हावाहुरी, चट्याङ, असिना, जस्ता प्रकोपको प्रभावबाट बर्षेनी यस गाँउपालिकाका बासिन्दाहरु प्रभावित हुने गरेका छन । गन्यापधुरा गाँउपालिकामा हुनसक्ने विपद्का समस्या र कारणहरु पहिल्याएर समाधानको लागि एक निकायलाई मात्र जिम्मेवार नठानी सम्बद्ध सबै निकायहरूले समन्वय र साझेदारी गरेर मात्र विपद्संग सामना गर्न सकिन्छ भन्ने विश्वासका साथ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा २ मा तोकिए बमोजिम स्थानीय तहको विपद् व्यवस्थापन अधिकार, जिम्मेवारी र दायित्व बहन गर्न विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०७६ अनुरूप तत्काल कार्यान्वयन गर्न गन्यापधुरा गाउँपालिकाको विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना २०८० तयार गरिएको छ ।

विपद्को जोखिममा रहेका समुदायहरु सामाजिक, आर्थिक तथा साङगठनिक रुपमा कमजोर हुन्छन । खाद्य असुरक्षा, शौचालय, स्वास्थ्य तथा सरसफाइका सुविधाहरुको सिमितता, प्राकृतिक विपद्का कारण सुरक्षित बासस्थानको सही पहिचान तथा उपयुक्त व्यवस्थापन गर्न नसक्नु आदि विपद् प्रभावित समुदायहरुले सामना गर्ने मुख्य समस्याहरु हुन । परिणाम स्वरुप प्राकृतिक तथा मानवजन्य विपद्संग समुदायको सामना गर्ने क्षमता निकै कमजोर हुन्छ । यस्ता समस्याहरुलाई सम्वोधन गर्न समुदायलाई सशक्तीकरण गर्ने, विपद्को समयमा मानवीय सेवा प्रदायक निकायहरुको क्षमता अभिवृद्धि गर्ने र प्रभावकारी समन्वयको संयन्त्र बनाउनु अत्यन्त जरुरी छ । गन्यापधुरा गाउँपालिकामा विपद् पूर्व तयारी तथा प्रतिकार्य क्षेत्रमा काम गर्ने विभिन्न सरोकारबालाहरु वीच समन्वय गर्ने र क्षमता अभिवृद्धिका लागि मार्ग निर्देश गर्ने र प्रभावकारी समन्वयात्मक प्रतिकार्यमा सघाउ पुऱ्याउन महत्वपूर्ण साधनको रुपमा यो योजना रहनेछ । विपद्को अवस्थामा प्रभावकारी मानवीय सहयोग तथा सम्भावित विपद्को जोखिम कम गर्न तथा विपद्को अवस्थामा आइपर्ने समस्याहरुलाई समाधान गर्नका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना आवश्यक पर्दछ । यसै आवश्यकतालाई महसुष गर्दै गन्यापधुरा गाउँपालिकाले विपद्बाट हुने क्षतिलाई कम गर्न तथा विपद्को बेला प्रभावकारी समन्वयात्मक प्रतिकार्यमा योगदान गर्नका निमित्त मानवीय सहयोगलाई व्यवस्थित तथा प्रभावकारी बनाउन पुर्वतयारी तथा प्रतिकार्य दस्तावेजका रुपमा गन्यापधुरा गाँउपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८० तयार गरिएको हो । विपद्का बेला मानवीय सहयोगको प्रत्याभुति गराउन, विपद् जोखिम न्युनीकरणमा समुदायलाई सहयोग गर्न, प्रतिकार्यमा समान पहुँच पुऱ्याउन, सामाजिक, सांस्कृतिक मर्यादा कायम राख्न, खानेपानी तथा सरसफाई एवं स्वास्थ्य प्रवर्द्धन गर्न र श्रोतको सहि पहिचान तथा परिचालन गर्न जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गराउन पनि यस योजनाले सहयोग गर्ने विश्वास लिइएको छ ।

## २) गन्यापधुरा गाउँपालिकाको धरातलीय अवस्था

गन्यापधुरा गाउँपालिका धरातलीय स्वरूपका हिसाबले पहाडी क्षेत्रको अधिकांश जमिनको बनोट भिरालो प्रकृतिको छ भने नदीतटीय क्षेत्र लगायतका अन्य क्षेत्रमा पनि समथर जमिन पनि रहेको छ। पहाडी श्रृङ्खलाले बनेको यस गाउँपालिकामा कडा खालको चट्टानी भू-भाग, भिरपाखा तथा वसोवास योग्य क्षेत्रसहितको विविधतायुक्त धरातलीय अवस्थिति रहेको छ । गन्यापधुरा गाँउपालिकाका विभिन्न स्थानमा गरि करिब १४ प्रतिशत समथर भू-भाग रहेको छ र कडा खालको चट्टान र भिररहेको स्थानमा चरिचरनका लागि पाटन क्षेत्रसमेत रहेका छन ।

## ३) छानाको आधारमा घरको बनोट विवरण

| सि.नं. | घरको प्रकार | जम्मा घर संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | फुस तथा खरले छाएको | ७१ | २.२० |
| २ | जस्ता/च्यादरले छाएको | ४३२ | १३.४२ |
| ३ | टायल तथा ढुंगाले छाएको | २२७२ | ७०.६० |
| ४ | आर.सी.सी. | ४४३ | १३.७६ |
| ५ | काठले छाएको | ० | ० |
| ६ | माटोले छाएको | ० | ० |
| ७ | अन्य | ० | ० |
| ८ | जम्मा | ३२१८ | १०० |

**स्रोत: गन्यापधुरा गाउँपालिकाको पार्श्वचित्र**

गन्यापधुरा गाउँपालिकामा भूकम्प प्रतिरोधी घरहरुको संख्या न्युन रहेको छ भने अधिकांस घरहरु पहिरो, बाढी, आगलागी र हावाहुरीको जोखिममा रहेका छन। पछिल्लो समयमा सार्वजनिक भवनहरु निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गर्ने परम्पराको थालनी भइरहेको छ भने पक्की घर निर्माण गर्दा प्राविधिकहरुको परामर्शमा बलियो घर बनाउन थालिएको छ। नयाँ घर निर्माण गर्दा बलियो घर बनाउने प्रवृतिको विकास हुन थालेको भए पनि अधिकांस घरहरु पुरानै भएकाले यँहाका बासिन्दाहरु विपद्को उच्च जोखिममा छन । गन्यापधुरा गाँउपालिकाले नक्सा पास गरेर भवन आचारसंहिता अनुसार घर निर्माणमा कडाई गर्न जरुरी छ।

# ३) अपाङ्गताको प्रकारका आधारमा जनसंख्या विवरण

विपद्ले मानव जगत सबैलाई असर पारे तापनि विशेषगरि अपांगता भएका व्याक्ति, बालबालिका, गर्ववती लगायतका विषेश व्याक्तिहरुलाई बढि प्रभाव पर्ने गर्दछ। अपाङ्ताको प्रकारअनुसार गन्यापधुरा गाउँपालिकाको जनसंख्याको अवस्था यसप्रकार छ :




**स्रोतः राष्ट्रिय जनगणना २०७८**

# ४) उमेर समुह अनुसार जनसंख्या विवरण

| उमेर समूह | जम्मा | प्रतिशत |
|---|---|---|
| ०-४ | १७२२ | ९.३६ |
| ५-९ | १८८० | १०.२२ |
| १०-१४ | २१३५ | ११.६० |
| १५-१९ | १९२१ | १०.४४ |
| २०-२४ | २०१७ | १०.९६ |
| २५-२९ | १६३५ | ८.८८ |
| ३०-३४ | १३६८ | ७.४३ |
| ३५-३९ | १२१३ | ६.५९ |
| ४०-४४ | १०४८ | ५.६९ |
| ४५-४९ | ७८६ | ४.२७ |
| ५०-५४ | ६६० | ३.५८ |
| ५५-५९ | ६०९ | ३.३१ |
| ६०-६४ | ५०३ | २.८१ |
| ६५-६९ | ४२९ | २.३३ |
| ७० भन्दा माथी | ४६७ | २.५३ |
| जम्मा | १८३९३ | १०० |

**स्रोतः गन्यापधुरा गाउँपालिकाको पार्श्वचित्र**

# ५) विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनाका उद्देश्यहरू

गन्यापधुरा गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० तर्जुमा गरेर कार्यान्वयन गर्नुका प्रमुख उद्देश्यहरु गन्यापधुरा गाँउपालिकामा विपद् पुर्वतयारी र प्रतिकार्य सम्बन्धि कृयाकलापहरुलाई गुणस्तरीय र प्रभावकारी बनाउँदै जनधनको क्षति कम गर्नु रहेको छ। स्थानीय तह स्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मूख्य उद्देश्य स्थानीय तहभित्रका संकटासन्न तथा जोखिम क्षेत्रहरुको पहिचान गर्ने साथै विषयगत र क्षेत्रगत कार्यालय तथा संघ सस्थाहरुको क्षमता विश्लेषण गर्नु र आवश्यक पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई गाँउपालिकाको विपद्‌को क्षति न्यूनीकरण गर्नु हो। विपद् जोखिम व्यवस्थापन (विपद् पुर्व, विपद्‌को समय र विपद् पश्चात) का लागि सरोकारवालाहरुको सक्रिय सहभागितामा आवश्यक गतिविधिहरु प्रभावकारी रुपमा सञ्चालन गरी विपद् उत्थानशील समुदाय निर्माण गर्ने उद्देश्यले तर्जुमा गरिएको गन्यापधुरा गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० का देहाय बमोजिमका विशिष्टिकृत उद्देश्यहरू छन :-

(क) गन्यापधुरा गाँउपालिका भित्र बसोबास गर्ने जनसमुदायहरुमा विपद् जोखिम व्यवस्थापन र प्रतिकार्य क्षमता अभिवृद्धी गर्न जनचेतनामुलक कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु।

(ख) विपद् पुर्व तयारी र प्रतिकार्यका लागि मुख्य जिम्मेवार तथा सहयोगी निकायहरूको पहिचान र अद्यावधिक गर्दै विपद् प्रतिकार्यका लागि विषयगत क्षेत्रहरूको जिम्मेवारी तथा भूमिका निर्धारण गरेर प्रभावकारी विपद् पुर्वतयारी र प्रतिकार्य गर्नु।

(ग) विपद् प्रतिकार्यका लागि सामान्य पुर्वतयारी, पुर्वानुमानमा आधारित पुर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापहरू तर्जुमा गर्दै हाल उपलब्ध स्रोत, साधन र जनशक्तिको लेखाजोखा र सम्भावित विपदको सामना गर्न आवश्यक क्षमताको आँकलन गर्नु।

(घ) गन्यापधुरा गाँउपालिकाको संकटासन्नता र जोखिमको विश्लेषण र विपद् प्रतिकार्यका लागि विद्यमान क्षमताको पहिचान र आवश्यक क्षमता विकासको योजना तयार गर्नु।

(ङ) विपद् जोखिम र क्षमताको विश्लेषणको आधारमा गन्यापधुरा गाँउपालिकामा रहेका विषयतग क्षेत्रहरुको आ-आफ्नो विपद् पुर्वतयारी, पुर्वानुमानमा आधारित पुर्वतयारी र प्रतिकार्य योजनाहरु तयार गर्नु।

(च) विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयनको लागि बजेट व्यवस्थापन तथा अनुगमन, मुल्याङ्कन र सिकाई योजना तयार गर्नु।

(छ) गन्यापधुरा गाँउपालिकाको विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना निर्माण तथा कार्यान्वयनमा सरोकारवाला निकायहरुसँगको समन्वय तथा सहकार्य साथै लैङ्गिक समानता र सामाजिक समावेशिकरणलाई मुख्य प्राथमिकताको विषयको रुपमा समावेश गर्नु।

(ज) गन्यापधुरा गाउँपालिको समग्र विकास प्रकृयामा विपद् जोखिम न्युनीकरण, व्यवस्थापन र प्रतिकार्य सम्बन्धि कृयाकलापहरुलाई मुलप्रवाहीकरण गर्नु।

(झ) सम्भावित विपद् जोखिम न्युनीकरणमा योगदान पुर्‍याँउदै विपद् प्रभावित समुदायलाई स्थानीय सरकारको प्रत्याभुति दिलाउनका लागि योजनावद्ध प्रयासको थालनी गर्नु।

# ६) विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रकृया

गन्यापधुरा गाँउपालिकाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०८० को तर्जुमा नेपाल सरकारको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना मार्गदर्शन २०६७ को पहिलो संशोधन २०७६ मा उल्लेख गरिएको विधि तथा प्रकृया बमोजिम गरिएको छ। उक्त मार्गनिर्देशनले स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्व तथा विपद् व्यवस्थापनका क्षेत्रमा काम गर्ने अन्य सरोकारवाला निकायहरु तथा विषयगत क्षेत्रको सहभागितामा स्थानीय तहको विपद पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गर्नुपर्ने वैधानिक व्यवस्था गरेको छ। मार्गदर्शनले तोके बमोजिम सहभागितामुलक प्रकृया अपनाई गन्यापधुरा गाँउपालिकाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०८० तर्जुमा गरिएको हो । योजना तर्जुमा गर्न गन्यापधुरा गाँउपालिका, एफसीए र एकिकृत विकास समाज डडेल्धुराको साझेदारी रहेको छ। योजना तर्जुमा कार्यको सहजीकरण स्वतन्त्र परामर्शदाताका रुपमा झिल्को मिडिया एण्ड कन्सलटेन्सी सर्विस प्रा.लि. डडेल्धुराले गरेको छ। गन्यापधुरा गाँउपालिकाको विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना २०८० तर्जुमा गर्न निम्न विधी र प्रकृयाहरु अवलम्वन गरिएको थियो ।

**(क) गाँउपालिका स्तरीय विपद् व्यवस्थापन समितिको बैठक**

गन्यापधुरा गाउँपालिकाको विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना २०८० तयार गर्नका लागि गन्यापधुरा गाँउपालिका स्तरीय विपद् व्यवस्थापन समितिको बैठकबाट आठ वटा बिषयगत क्षेत्रहरुको निर्धारण गरिएको थियो । गन्यापधुरा गाउँपालिकाको विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन २०७५ अनुसार विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना २०८० तर्जुमा गर्ने निर्णय पारित भएअनुसार गाउँसभाबाट चालु आर्थिक बर्ष २०८०/०८१ मा बजेट स्वीकृत भएको हो। प्रयाप्त बजेट नभएकाले गाउँपालिकाले आग्रह गरे बमोजिम एकीकृत विकास समाज डडेल्धुरा र एफसीएसँग सहकार्य गरेर बजेट व्यवस्थापन गरिएको छ भने भिल्को मिडिया एण्ड कन्सलटेन्सी सर्विस प्रा.लि.ले स्वतन्त्र परामर्शदाताका रुपमा प्राविधिक सहयोग गरेको छ।

**(ख) विषयगत क्षेत्रहरूको बैठक**

गन्यापधुरा गाउँपालिका अन्तर्गत विषयगत क्षेत्रका सरोकारवाला निकायहरूको पहिचान, सामान्य पुर्वतयारी योजना, पुर्वानुमानमा आधारित पुर्वतयारी योजना, आपतकालीन प्रतिकार्य योजनाका गतिविधिहरु, विषयतगत क्षेत्रसँग सम्बन्धित रही स्रोत साधनहरूको आँकलन, आवश्यकताको लेखाजोखा आदि विषयहरूमा छलफल गर्न गन्यापधुरा गाँउपालिका स्तरीय विपद् व्यवस्थापन उप-समितिको आयोजनामा आवश्यकताअनुसार बैठकहरू सञ्चालन गरिएको थियो ।

**(ग) विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गोष्ठी**

गन्यापधुरा गाउँपालिकाको विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमाका क्रममा गन्यापधुरा गाउँपालिकाका पाँच वटै वडाहरुमा वडा स्तरीय विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा गोष्ठी सम्पन्न गरिएको छ। पाँच वटै वडाका जननिर्वाचित प्रतिनिधिहरु, वडा कार्यालयमा कार्यरत कर्मचारीहरु, जेष्ठ नागरिक, महिला, सिमान्तकृत समुदाय, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरु, शिक्षक, सहकारी संस्थाका प्रतिनिधीहरु, महिला स्वास्थ्य स्वयमसेविका, नागरिक समाजका प्रतिनिधिहरु, स्थानीयस्तरमा क्रियासिल राजनीतिक दलका प्रतिनिधीहरु,

शिक्षक, बुद्धिजिवीहरुको सहभागितामा वडास्तरमा विद्यमान प्रकोपहरुको ऐतिहासिक समय रेखा, विपद्को अबस्था विश्लेषण र लेखाजोखा, प्रकोप स्तरीकरण, सम्भाव्य प्रकोपको प्रभाव विश्लेषण, वडास्तरमा व्याप्त सवल तथा दुर्वल पक्षहरु, अवशर, सम्भावनाहरु र समस्या तथा चुनौतीहरुको विश्लेषण, सरोकारवाला र उनीहरुको भूमिका विश्लेषण, स्रोत साधन र क्षमता विश्लेषण, आवश्यकता पहिचान र योजना तर्जुमा कार्य सम्पन्न गरिएको थियो ।




यसैगरि गन्यापधुरा गाउँपालिका स्तरमा पालिका स्तरीय विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा गोष्ठी सम्पन्न गरिएको छ। गाँउपालिकास्तरमा रहेका सरोकारवालाहरु, विषयगत क्षेत्रका प्रमुख तथा प्रतिनिधिहरु, गाउँ कार्यपालिकाकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरु, कार्यपालिका सदस्यहरु र कार्यरत कर्मचारीकासाथै राजनीतिक दलका प्रतिनिधीहरु, नागरिक समाजका अगुवाहरु, सिमान्तकृत समुदायका प्रतिनिधीहरु, जेष्ठ नागरिक, अल्पसंख्यक, अपाङ्गता प्रतिनिधीहरुको सहभागितामा गन्यापधुरा गाउँपालिका स्तरमा विद्यमान प्रकोपहरुको ऐतिहासिक समय रेखा, विपद्को अबस्था विश्लेषण र लेखाजोखा, प्रकोप स्तरीकरण, सम्भाव्य प्रकोपको प्रभाव विश्लेषण, सवल तथा दुर्वल पक्षहरु, अवशर, सम्भावनाहरु र समस्या तथा चुनौतीहरुको विश्लेषण, सरोकारवाला र उनीहरुको भूमिका विश्लेषण, स्रोत साधन र क्षमता विश्लेषण, आवश्यकता पहिचान र योजना तर्जुमा कार्य सम्पन्न गरिएको थियो ।

**(घ) विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा तयार**

पाँच वटै वडा र पालिकास्तरमा सम्पन्न योजना तर्जुमा गोष्ठीका निष्कर्षहरु, विषयतगत क्षेत्रहरूको छलफल र प्रारम्भिक तथा माध्यामिक स्रोतबाट संकलन गरिएका सूचनाहरू संश्लेषण एवं विश्लेषण गरेर गन्यापधुरा गाँउपालिकाको विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना २०८० को प्रारम्भिक मस्यौदा तयार गरिएको थियो ।

**(ङ) योजना परिक्षण पृष्ठपोषण संकलन र अन्तिम मस्यौदा तयार**

विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनाको प्रारम्भिक मस्यौदामा विभिन्न सरोकारवाला निकाय, संघ संस्था र व्यक्तिहरूको सुझाव, सल्लाह र परामर्श लिइएको थियो। गन्यापधुरा गाँउपालिका स्तरीय विपद् व्यवस्थापन समितिले पुनरावलोकन गरी समितिका सदस्यहरू र विषयगत क्षेत्रका सदस्यहरूको सुझाव समावेश गरेर गन्यपाधुरा गाउँपालिकाको विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना २०८० लाई अन्तिम रुप दिईएको हो। यस क्रममा गन्यापधुरा गाउँ कार्यपालिकाको कार्यालयले प्रस्तुत योजनाका महत्वपुर्ण कृयाकलापहरुको परिक्षण कार्य सम्पन्न गरेको छ ।

# परिच्छेद-३

## ३.१) विपद् जोखिम र व्यवस्थापनको अवस्था



**क) गन्यापधुरा गाँउपालिकाकामा विद्यमान प्रमुख प्रकोपहरू**

डडेल्धुरा जिल्लाको गन्यापधुरा गाँउपालिकामा बाढी, पहिरो, खडेरी, असिना, चट्याङ, महामारी, पशुमा भएको महामारी, भूकम्प, आगलागी, जङ्गली जनावरको आतंक जस्ता प्रकोपहरुले वेला वेलामा विपद्को रुप लिएको पाइन्छ । गन्यापधुरा गाउँपालिकाका पाँच वटै वडा स्तरको छलफल र पालिका स्तरको छलफल अन्तरक्रिया र सहभागितात्मक किसिमले प्रकोप स्तरीकरण पश्चात गन्यापधुरा गाउँपालिका पाँच वटै वडा र पालिका स्तरको विपद् जोखिमको अवस्थाको विश्लेषण गरिएको छ ।

**ख) गन्यापधुरा गाँउपालिकाको विपद् श्रृंखला, ऐतिहासिक समय रेखा**

गन्यापधुरा गाउँपालिका क्षेत्रमा भएका विभिन्न विपद्का घटनाहरुको विवरणअनुसार पछिल्ला बर्षहरुमा हरेक वडा र बस्तीहरुमा जंगली जनावरको आतंक प्रमुख प्रकोपको रूपमा देखिएको छ साथै बाढी, पहिरो, माहामारी, असिना, खडेरी र चट्याङ्ग जस्ता प्रकोपहरुले प्रभाव पारिरहेको अवस्था छ। यस विश्लेषणका क्रममा

भूकम्पीय घटनाले विगतमा केहि घरहरु चर्किनुवाहेक खासै असर नगरेको देखिए तापनि नेपाल भूकम्पीय जोखिममा रहेको मुलुक भएकोले सरकारले विपद् व्यवस्थापनका कार्यक्रम तय गर्दा भूकम्पीय जोखिम व्यवस्थापनलाई पहिलो प्राथमिकता दिने भएकाले भूकम्पीय प्रकोपलाई गन्यापधुरा गाउँपालिकाले पहिलो प्राथमिकताको सूचीमा समेटेको छ। गन्यापधुरा गाउँपालिकामा हालसम्म देखिएका प्रमुख विपद्को ऐतिहासिक समय रेखा विधी मार्फत बिभिन्न समयमा देखिएका प्रकोप र विपद्का घटनाहरुको विश्लेषण गरिएको छ। यसविधीमा पछिल्लो ३० बर्ष यता गन्यापधुरा गाँउपालिकामा भएका प्रकोप र विपद्का घटनाहरुबाट परेका असर र प्रभावका साथै समुदायले गरेका महत्वपुर्ण प्रयासका बारेमा समेत समुदायस्तरमा छलफल गरिएको थियो। यस विश्लेषणको नतिजालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**विपद्: पहिरो**

| प्रभाव | विपद् भएको वर्ष | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०१८ | २०२२ | २०२९ | २०४० | २०५३ | २०५७ | २०६० | २०६२ | २०६३ | २०६४ | २०६७ | २०७२ | २०७३ | २०७६ | २०८० |
| प्रभावित घरधुरी | | २० | ० | ६०० | ० | ० | १९ | ० | १५० | १६ | १६० | ० | ० | १९५ | ० |
| पूर्ण क्षति घरधुरी | | १ | ० | ११ | ० | ० | १ | ० | ० | ० | ३ | ० | ० | २२ | १ |
| मानवीय मृत्यू | १ | १ | ५ | १ | ० | ० | ० | ० | ० | ० | १७ | ० | ० | ३ | ० |
| घाईते | ६ | ० | ० | २ | | ० | ० | १ | ० | ० | २ | ० | १ | ० | ० |

गन्यापधुरा गाउँपालिकाका बिभिन्न बस्तीहरुमा पहिरोले बर्षेनी खेती योग्य जमिनमा क्षति पुगाउने गरेको छ। गन्यापधुरा गाउँपालिकाका बिभिन्न बस्तीहरुमा बारम्बर बर्षेनी दोहरिने गरेको पहिरोका कारण कृषियोज्य भूमि पहिरोमा पुरिदैं गईरहेको र उत्पादनमा कमि भईरहेको स्थानीय बासिन्दाहरुको अनुभव छ। पहिरोले सामुदायीक वनमा क्षति पुग्ने गरेको छ भने पशुचौपायाहरुको चरिचरन क्षेत्र बर्षेनी मासिँदै गएको छ। पहिरोको जोखिममा रहेका बस्तीहरुमा परम्परागत र कच्ची घरहरुको बाहुल्यता रहेकाले जन धनको क्षति हुनसक्ने उच्च जोखिम कायमै रहेकोको छ। पहिरोबाट हुनसक्ने सम्भावित क्षति र विपद् जोखिम न्युनीकरणका लागि योजनावद्ध रुपमा पहिरो नियन्त्रणका लागि पहल गरिनु जरुरी छ।

**विपद्: बाढी**



| प्रभाव | विपद् भएको वर्ष | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०१८ | २०३२ | २०३९ | २०४० | २०४८ | २०५३ | २०५८ | २०६२ | २०६३ | २०६४ | २०६५ | २०७१ | २०७३ | २०७८ | २०८० |
| प्रभावित घरधुरी | ० | ० | ० | ८९९ | १५० | ५० | ४०० | २५ | ६८ | ० | ३३० | ० | १५० | ६१० | ० |
| पूर्ण क्षति घरधुरी | ० | ० | ० | ८ | ० | १ | ० | ० | २ | ० | ४ | ० | ५ | १ | १ |
| मानवीय मृत्यू | ० | ० | ० | २ | ० | ० | ० | ० | १ | १ | ० | ३ | ० | १ | १ |
| घाईते | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ० |

प्रमुख खाद्य बाली धान र गहुँ उत्पादनका लागि प्रशिद्ध मानिने गन्यापधुरा गाउँपालिका भएर बग्ने बिभिन्न नदी तटीय क्षेत्रका बिभिन्न बस्तीहरुमा बाढीले बर्षेनी खेती योग्य जमिनमा क्षति पुगाउने गरेको छ। बर्षेनी दोहरिने गरेको बाढीका कारण कृषियोज्य भूमि कटान हुँदै गईरहेको र उत्पादनमा कमि भईरहेको स्थानीय बासिन्दाहरुको अनुभव छ। लखखेती गाड, सकायल गाड, कोराल गाड, रुमायल गाड र रेल गाड जस्ता नदीका तटीय क्षेत्रमा रहेका दर्जनौ बस्तीहरु बर्षेनी बाढीको जोखिममा छन। पछिल्ला दिनहरुमा बाढी नियन्त्रणका लागि समान्य प्रयास गरिन थालिएको भए पनि नदी तटीय क्षेत्रहरुमा दिर्घकालिन योजनाका साथ नदी नियन्त्रण गर्न जरुरी छ। बाढीका कारण बर्षेनी मानवीय मृत्यु हुनसक्ने जोखिमलाई मध्यनजर गरेर नदीहरुमा झोलुङ्गे र पक्की पुल निर्माण गर्न जरुरी छ। नदीमा पानीको वहाव नियन्त्रण गर्न वन जङ्गल संरक्षण, सम्वर्द्धन गर्न र तटीय क्षेत्रमा हरियाली बढाउन सकेमा कृषि योग्य जमिनमा क्षति न्युन गर्न सकिन्छ।

**विपद्: खडेरी**

| प्रभाव | विपद् भएको वर्ष | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०१८ | २०२२ | २०५१ | २०५३ | २०५८ | २०७३ | २०७५ | २०७६ | २०७७ | २०८० |
| प्रभावित घरधुरी | ८५० | ९०० | ७०० | १०७४ | ३५० | १०७४ | ७०० | ७०० | ३९५ | ७०० |
| पूर्ण क्षति घरधुरी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| मानवीय मृत्यू | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| घाईते | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

**विपद्: आगलागी**

| प्रभाव | विपद् भएको वर्ष | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०२३ | २०३८ | २०५३ | २०५८ | २०६४ | २०६५ | २०६९ | २०७२ | २०७४ | २०७५ | २०७६ | २०७८ | २०७९ | २०८० |
| प्रभावित घरधुरी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | |
| पूर्ण क्षति घरधुरी | १ | ८ | ३ | २ | २ | १ | १ | १ | २ | ० | ४ | ६ | १ | |
| मानवीय मृत्यू | १ | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | १ | ० | ० | |
| घाईते | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | |

**विपद्: चट्याङ**

| प्रभाव | विपद् भएको वर्ष | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०१३ | २०२२ | २०५४ | २०५७ | २०६२ | २०६५ | २०७२ | २०७५ | २०७६ | २०७८ | २०८० |
| प्रभावित घरधुरी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| पूर्ण क्षति घरधुरी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ७ | १ |
| मानवीय मृत्यू | १ | १ | १ | १ | १ | १ | ० | १ | १ | ० | ० |
| घाईते | ० | १ | ० | ० | १ | ४ | ६ | ० | ० | ० | ० |

**विपद्: असिना**

| प्रभाव | विपद् भएको वर्ष | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०३९ | २०४५ | २०४३ | २०४८ | २०५० | २०५१ | २०५२ | २०६४ |
| प्रभावित घरधुरी | १५० | ५०० | ७०० | ३०० | १००० | १६०० | ४५० | ६५० |
| पूर्ण क्षति घरधुरी | ० | ० | ० | ० | ० | ० | ० | ० |
| मानवीय मृत्यू | ० | ० | ० | ० | ० | ० | ० | ० |
| घाईते | ० | ० | ० | ० | ० | ० | ० | ० |

**विपद्: जंगली जनावरहरुको आतंक**

| प्रभाव | विपद् भएको वर्ष | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०७० | २०७१ | २०७२ | २०७३ | २०७४ | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ | २०८० |
| प्रभावित घरधुरी | २८५० | २८९० | २९०० | २९१० | २९३० | ३००० | ३१०० | ३१५० | ३१५० | ३२०० | ३२१८ |
| पूर्ण क्षति घरधुरी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| मानवीय मृत्यू | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| घाईते | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

**विपद्: हावाहुरी**

| प्रभाव | विपद् भएको वर्ष | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०३९ | २०४२ | २०४५ | २०४८ | २०५३ | २०५९ | २०७२ | २०७८ | २०७८ | २०७९ | २०८० |
| प्रभावित घरधुरी | ५० | ७९ | ६३ | ३० | १३४ | ११० | ५० | ७० | ६९ | ७८ | ४५ |
| पूर्ण क्षति घरधुरी | ८ | ३ | १६ | ११ | ८ | ९ | १३ | ७ | ७ | ३ | ७ |
| मानवीय मृत्यू | ० | १ | ० | १ | ० | १ | ० | १ | ० | ० | ० |
| घाईते | ० | ३ | १ | २ | ३ | १ | १ | २ | १ | ० | ० |

**ग) प्रकोपको बारम्बारता**

ऐतिहासिक समय रेखामा आएको प्रकोपलाई तालिकामा राखेर हेर्दा गन्यापधुरा गाँउपालिकामा पहिरो र बाढी बारम्बार अन्य आएका प्रकोपहरुको तुलनामा बढि मात्रामा देखिएको छ। पहिरो तथा बाढीबाट भएको जनधनको क्षतिदेखि लिएर अन्न तथा मानव ज्यानसँग जोडिएको छ भने अन्य प्रकोपहरु जस्तै, खडेरी, सितलहर, हावाहुरी, असिना पानी, महामारी र जंगली जनावरहरुको आतंक केहि बर्ष यता लगातार रुपमा देखापर्न थालेका छन । विशेषगरि विपन्नमुखी आयआर्जन अथवा विपन्न लगायत आम नागरिकको आर्थिक अवस्था कमजोर गराई उनीहरुको विपद् प्रतिकार्य क्षमतामा कमि ल्याएको छ। सकायल क्षेत्रमा बर्षेनी हावाहुरीको प्रकोप देखा पर्ने गरेको छ भने आगलागी केहि रुपमा देखिएको स्थानीय बताउछन ।

| सि.नं. | प्रकोप | बारम्बारता |
|---|---|---|
| १ | बाढी | प्रत्येक बर्ष केहि वडाका निश्चित स्थानहरुमा |
| २ | पहिरो | प्रत्येक बर्ष केहि वडाका निश्चित स्थानहरुमा |
| ३ | वन्यजन्तुहरुको आतंक | १० बर्ष यता निरन्तर बढि रुपमा |
| ४ | हावाहुरी | निरन्तर स-साना हावाहुरी बर्षेनी आउने गरेको । |
| ५ | सितलहर | १५ बर्ष यता निरन्तर |
| ६ | खडेरी | २० बर्ष यता निरन्तर |
| ७ | आगलागी | छिटपुट रुपमा हरेक बर्ष |
| ८ | असिना | अनियमित रुपमा बर्षेनी |
| ९ | महामारी | कोभिड-१९ र पशुपन्छीमा लम्पी स्कीन महामारी |
| १० | चट्याङ | छिटपुट रुपमा हरेक बर्ष |

पछिल्ला बर्षहरुमा विपद्का सबै पक्षको जानकारी नहुँदा पूर्वाधार निर्माणका नाममा हुने विनास वा विपद्को समान्य आँकलन समेत गर्न नसक्ने अवस्थामा स्थानीय सरकार छन। फलस्वरुप, डोजरमा आधारित विकासले हरेक वर्ष गम्भीर प्रकृतिका विपद् निम्तिने गरेको छ। विपद् व्यवस्थापन सम्बन्धमा संस्थागत, ज्ञान सीप र क्षमता विकासले प्राथमिकता नपाउँदा यस्तो भएको हो। आफ्नो संवैधानिक अधिकार उपयोग गरेर विपद् व्यवस्थापनमा आफ्नो औचित्य स्थापित गर्न नसक्दा स्थानीय सरकारका निर्वाचित प्रतिनिधिहरू शासकीय अधिकार विनाका जिल्ला प्रशासन कार्यालय र अन्य कार्यालयहरुमा झोली बिच्छ्याउने अवस्थामा अझै छन। स्थानीय सरकारहरूले विपद् व्यवस्थापनलाई खोज उद्धार र राहतको कार्यको रुपमा मात्र बुझ्न छोडेर यसलाई समग्र विपद् व्यवस्थापन चक्रको एउटा भागको रुपमा लिनु पर्छ। विपद् पूर्वतयारी, प्रतिकार्य, पुर्नलाभ, पुर्ननिर्माण वा पुर्नस्थापना जस्ता विपद् व्यवस्थापन चक्रका हरेक चरणलाई उत्तिकै प्राथमिकतामा राखेर यसलाई निरन्तर अघि बढाइराख्नु पर्ने विषयलाई महत्वपूर्ण संस्थागत जिम्मेवारीका रुपमा लिइनु पर्छ। विपद् व्यवस्थापनको नीतिगत र संस्थागत संरचना तयारीका लागि समेत प्रतिक्षा गर्ने समय स्थानीय तहलाई छैन। त्यसैले विपद् व्यवस्थापन इकाई गठन, न्यूनतम जनशक्ति व्यवस्थापन र कमी पुर्तिका लागि साझेदारी वा सम्बन्धित निकायसँग सहयोग लिनु आवश्यक छ । सुरक्षित नीजि र सार्वजनिक पूर्वाधार निर्माणको मापदण्ड तयारी त्यसको कार्यान्वनको प्रभावकारी नियमनलाई विपद् पूर्व तयारीको अंग बनाउन गन्यापधुरा गाउँपालिकाले पहल गरिरहेको छ।

# ३.२) प्रकोप स्तरीकरण



ऐतिहासिक समय रेखा र छलफलको आधारमा यस गन्यापधुरा गाउँपालिकामा देखिएका बिभिन्न प्रकारका प्रकोपमध्ये सबैभन्दा बढि असर पारेको प्रकोप र त्यसको असरको लेखाजोखागरि जोखिम तथा प्रकोपको विश्लेषण गर्न जोडागत प्रकोप स्तरीकरण विधीको प्रयोग गरिएको छ। प्रकोप स्तरीकरणका लागि उपलब्ध तथ्यांक तथा वडा स्तरबाट थप तथ्यांकहरु संकलन गरेर आवधिक गर्दै विपद जोखिम विश्लेषण गरिएका आधारमा जोडागत रुपमा गन्यापधुरा गाउँपालिकास्तरमा हालसम्म देखिएका प्रकोपहरुको स्तरीकरण गरिएको छ। ऐतिहासिक समय रेखाका आधारमा पछिल्ला ३० बर्ष यता गन्यापधुरा गाँउपालिकामा स-साना भूकुम्प र चट्याङ पर्ने गरेको भए पनि ७ रेक्टर स्केल भन्दा माथिको भुकुम्पको सामना गर्नु नपरेको भए पनि कमजोर भूबनोट, वनजंगल विनासका कारण जतातत‍ै खहरे खोलाहरुको प्रकोप रहेको गन्यापधुरा गाँउपालिकामा भूकुम्पीय जोखिम उच्च रहेको सो सम्बन्धि जानकारहरुले चेतावनी दिदैं आएका छन। गन्यापधुरा गाउँपालिकामा बर्षेनी बाढी र पहिरोबाट ठुलो क्षति हुने गरेको पाइएको छ भने खडेरी, जंगली जनावरहरुको आतंक, असिना, सितलहर, चट्याङ, हावाहुरी, आगलागी र महामारी जस्ता प्रकोपहरुको सामना गर्नु परिरहेको छ।

**गन्यापधुरा गाउँपालिकास्तरमा सम्पन्न योजना तर्जुमा गोष्ठीमा गाउँपालिका स्तरीय प्रकोप स्तरीकरण**

| क्र. सं. | प्रकोप | बाढी | पहिरो | खडेरी | आगलागी | चट्याङ | शितलहर | महामारी | असिना | जंगली जनावरको आतंक | हावाहुरी | स्तरियकरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | भुकम्प | | | | | | | | | | | |
| १ | बाढी कटान | | पहिरो | खडेरी | आगलागी | कृषि रोग | बाढी | बाढी | बाढी | जनावर आतंक | हावाहुरी | VII |
| २ | पहिरो | | | खडेरी | पहिरो | कृषि रोग | पहिरो | पहिरो | पहिरो | जनावर आतंक | पहिरो | IV |
| ३ | खडेरी | | | | खडेरी | खडेरी | खडेरी | खडेरी | खडेरी | जनावर आतंक | खडेरी | II |
| ४ | आगलागी | | | | | कृषि रोग | आगलागी | आगलागी | आगलागी | जनावर आतंक | हावाहुरी | VI |
| ५ | चट्याङ | | | | | | कृषि रोग | कृषि रोग | कृषि रोग | जनावर आतंक | कृषि रोग | III |
| ६ | शितलहर | | | | | | | महामारी | असिना पानी | जनावर आतंक | हावाहुरी | X |
| ७ | महामारी | | | | | | | | असिना पानी | जनावर आतंक | हावाहुरी | IX |
| ८ | असिना पानी | | | | | | | | | जनावर आतंक | हावाहुरी | VIII |
| ९ | जनावर आतंक | | | | | | | | | | जनावर आतंक | I |
| १० | हावाहुरी | | | | | | | | | | | V |
| | जम्मा | ४ | ७ | ९ | ५ | ८ | १ | २ | ३ | १० | ६ | |

गन्यापधुरा गाँउपालिकामा देखापर्ने प्रकोपहरुको जोडा स्तरीकरण गर्दा यस गाउँपालिकामा भूकुम्पपछि प्रमुख प्रकोप जनावर आतंक रहेको छ। दोस्रेमा खडेरी, तेस्रोमा कृषि रोग -बाली तथा पशु रोग) देखिएको छ। त्यसैगरि पहिरो, हावाहुरी, आगलागी र बाढीको असर प्रभाव मध्यम खालको रहेको पाइएको छ भने असिना पानी, महामारी र शितलहरको असर न्युन रुपमा देखा परेको छ।

**गन्यापधुरा गाउँपालिका वडा नं. १ मा सम्पन्न योजना तर्जुमा गोष्ठीमा वडा स्तरीय प्रकोप स्तरीकरण**

| प्रकोप | पहिरो | बाढी | आगलागी | भूकम्प | असिना | हिमपात | खडेरी | जं.ज.आ. |
|---|---|---|---|---|---|---|---|---|
| पहिरो | × | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो |
| बाढी | × | × | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| आगलागी | × | × | × | भूकम्प | असिना | आगलागी | खडेरी | जं.ज.आ. |
| भूकम्प | × | × | × | × | भूकम्प | भूकम्प | भूकम्प | जं.ज.आ. |
| असिना | × | × | × | × | × | असिना | खडेरी | जं.ज.आ. |
| हिमपात | × | × | × | × | × | × | खडेरी | जं.ज.आ. |
| खडेरी | × | × | × | × | × | × | × | जं.ज.आ. |
| जं.ज.आ. | × | × | × | × | × | × | × | × |
| जम्मा | ७ | ६ | १ | ४ | २ | ० | ३ | ५ |

**गन्यापधुरा गाउँपालिका वडा नं. २ मा सम्पन्न योजना तर्जुमा गोष्ठीमा वडा स्तरीय प्रकोप स्तरीकरण**

| प्रकोप | बाढी | पहिरो | आगलागी | भूकम्प | हावाहुरी | असिना | खडेरी | जं.ज.आ. | चट्याङ | महामारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| बाढी | × | पहिरो | बाढी | बाढी | हावाहुरी | बाढी | खडेरी | जं.ज.आ. | बाढी | बाढी |
| पहिरो | × | × | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो |
| आगलागी | × | × | × | आगलागी | हावाहुरी | असिना | खडेरी | जं.ज.आ. | आगलागी | महामारी |
| भूकम्प | × | × | × | × | हावाहुरी | असिना | खडेरी | जं.ज.आ. | भुकम्प | महामारी |
| हावाहुरी | × | × | × | × | × | असिना | खडेरी | जं.ज.आ. | हावाहुरी | महामारी |
| असिना | × | × | × | × | × | × | खडेरी | जं.ज.आ. | असिना | महामारी |
| खडेरी | × | × | × | × | × | × | × | जं.ज.आ. | खडेरी | खडेरी |
| जं.ज.आ. | × | × | × | × | × | × | × | × | जं.ज.आ. | जं.ज.आ. |
| चटयांग | × | × | × | × | × | × | × | × | × | महामारी |
| महामारी | × | × | × | × | × | × | × | × | × | × |
| जम्मा | ५ | ९ | २ | १ | ४ | ४ | ७ | ८ | ० | ५ |

**गन्यापधुरा गाउँपालिका वडा नं. ३ मा सम्पन्न योजना तर्जुमा गोष्ठीमा वडा स्तरीय प्रकोप स्तरीकरण**

| प्रकोप | पहिरो | बाढी | आगलागी | भूकम्प | असिना | चट्याङ | जं.ज.आ. | खडेरी | हावाहुरी | महामारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | × | बाढी | पहिरो | पहिरो | पहिरो | पहिरो | जं.ज.आ. | खडेरी | पहिरो | महामारी |
| बाढी | × | × | बाढी | बाढी | बाढी | बाढी | जं.ज.आ. | खडेरी | बाढी | महामारी |
| आगलागी | × | × | × | आगलागी | असिना | आगलागी | जं.ज.आ. | खडेरी | हावाहुरी | महामारी |
| भूकम्प | × | × | × | × | भूकम्प | भूकम्प | जं.ज.आ. | खडेरी | भुकम्प | महामारी |
| असिना | × | × | × | × | × | असिना | जं.ज.आ. | खडेरी | हावाहुरी | महामारी |
| चट्याङ | × | × | × | × | × | × | जं.ज.आ. | खडेरी | हावाहुरी | महामारी |
| जं.ज.आ. | × | × | × | × | × | × | × | खडेरी | जजआ | जं.ज.आ. |
| खडेरी | × | × | × | × | × | × | × | × | खडेरी | खडेरी |
| हावाहुरी | × | × | × | × | × | × | × | × | × | महामारी |
| महामारी | × | × | × | × | × | × | × | × | × | × |
| जम्मा | ५ | ६ | २ | ३ | २ | ० | ८ | ९ | ३ | ६ |

**गन्यापधुरा गाउँपालिका वडा नं. ४ मा सम्पन्न योजना तर्जुमा गोष्ठीमा वडा स्तरीय प्रकोप स्तरीकरण**

| प्रकोप | बाढी | पहिरो | भूकम्प | चट्याङ | आगलागी | जं.ज.आ. | खडेरी | असिना | हावाहुरी | महामारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| बाढी | × | पहिरो | बाढी | बाढी | बाढी | जं.ज.आ. | खडेरी | बाढी | बाढी | बाढी |
| पहिरो | × | × | पहिरो | पहिरो | पहिरो | जं.ज.आ. | खडेरी | पहिरो | पहिरो | पहिरो |
| भूकम्प | × | × | × | चट्याङ | आगलागी | जं.ज.आ. | खडेरी | असिना | हावाहुरी | महामारी |
| चट्याङ | × | × | × | × | आगलागी | जं.ज.आ. | खडेरी | असिना | हावाहुरी | महामारी |
| आगलागी | × | × | × | × | × | जं.ज.आ. | खडेरी | असिना | हावाहुरी | महामारी |
| जं.ज.आ. | × | × | × | × | × | × | जं.ज.आ. | जं.ज.आ. | जं.ज.आ. | जं.ज.आ. |
| खडेरी | × | × | × | × | × | × | × | खडेरी | खडेरी | खडेरी |
| असिना | × | × | × | × | × | × | × | × | असिना | महामारी |
| हावाहुरी | × | × | × | × | × | × | × | × | × | महामारी |
| महामारी | × | × | × | × | × | × | × | × | × | × |
| जम्मा | ६ | ७ | ० | १ | २ | ९ | ८ | ४ | ३ | ५ |

**गन्यापधुरा गाउँपालिका वडा नं. ५ मा सम्पन्न योजना तर्जुमा गोष्ठीमा वडा स्तरीय प्रकोप स्तरीकरण**

| प्रकोप | पहिरो | चट्याङ | असिना | भूकम्प | बाढी | आगलागी | खडेरी | जं.ज.आ. | हावाहुरी | महामारी | लम्पी स्किन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | × | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | जं.ज.आ. | पहिरो | पहिरो | पहिरो |
| चट्याङ | × | × | असिना | चट्याङ | बाढी | आगलागी | खडेरी | जं.ज.आ. | हावाहुरी | महामारी | लम्पी स्किन |
| असिना | × | × | × | असिना | बाढी | असिना | असिना | जं.ज.आ. | असिना | महामारी | लम्पी स्किन |
| भूकम्प | × | × | × | × | बाढी | आगलागी | खडेरी | जं.ज.आ. | हावाहुरी | महामारी | लम्पी स्किन |
| बाढी | × | × | × | × | × | बाढी | बाढी | जं.ज.आ. | बाढी | बाढी | बाढी |
| आगलागी | × | × | × | × | × | × | खडेरी | जं.ज.आ. | हावाहुरी | महामारी | लम्पी स्किन |
| खडेरी | × | × | × | × | × | × | × | जं.ज.आ. | खडेरी | खडेरी | खडेरी |
| जं.ज.आ. | × | × | × | × | × | × | × | × | जं.ज.आ. | जं.ज.आ. | जं.ज.आ. |
| हावाहुरी | × | × | × | × | × | × | × | × | × | महामारी | हावाहुरी |
| महामारी | × | × | × | × | × | × | × | × | × | × | लम्पी स्किन |
| लम्पी स्किन | × | × | × | × | × | × | × | × | × | × | × |
| जम्मा | ९ | १ | ५ | ० | ८ | २ | ६ | ९ | ४ | ५ | ५ |

गन्यापधुरा गाँउपालिकाका पाँच वटा वडाहरुमा वडास्तरमा सम्पन्न योजना तर्जुमा गोष्ठीका क्रममा सहभागीले व्यक्त गरेका विचार र जोडागत स्तरीकरणमा सहभागीहरुकै स्कोरिङलाई उल्लेख गरिएको छ। तत्काल असर र प्रभाव देखिएका प्रकोपहरुले बढि स्कोर पाएका छन। तर, एकैपल्ट ठुलो जनधनको क्षति हुनसक्ने भूकम्प जस्ता प्रकोपको उच्च जोखिम कायमै रहेको भए पनि हालसम्म भूकम्पका कारण ठुलो मानवीय क्षति ब्योहर्नु नपरेका कारण भूकम्पले कम स्कोर पाएको देखिन्छ। बाढी, पहिरो र जङ्गली जनावरहरुको आतंक जस्ता प्रकोपले तत्काल बढि क्षति पुगाएकाले बढि स्कोर पाएका छन।

# ३.३) सम्भाव्य विपद्को पुर्वानुमान, क्षतिको आकलन तथा विपद् जोखिम विश्लेषण

गन्यापधुरा गाउँपालिकामा विगतका बर्षहरुमा विपद्ले क्षति पुऱ्याएको आधारमा पुर्वानुमान गर्नुपर्दा बाढी, पहिरो, जङ्गली जनावरको आतंक, खडेरी, आगलागी, चट्याङ्ग, महामारी, कृषि बालीमा रोग किरा, असिना, खडेरी, हावाहुरी, शितलहर र भूकम्प जस्ता प्रकोपहरुले निम्त्याउने विपद्ले विशेष गरेर जन धनको क्षति पुऱ्याउने गरेको देखिन्छ। जंगली जनावरको आतंकले गाँउपालिकाका सम्पूर्ण वडाहरुमा क्षति पुऱ्याउने गरेको देखिएको छ भने बाढी तथा पहिरोले वडा नं. १ र ३ लाई बढि प्रभावित पारेको छ। बाढी र पहिरोले वडा नं.४ र ५ लाई पनि आंशिक असर गरेको देखिन्छ। आगलागीले गन्यापधुरा गाँउपालिकाका सबै वडाहरुमा बर्षेनी छिटपुट रुपमा असर पुगाएको देखिए पनि उल्लेख्य रुपमा जन धनको क्षति भएको देखिदैन। आगलागी जस्तै खडेरीका कारण पछिल्लो समय बाली नालीमा क्षति पुग्ने गरेको छ। प्राय: हरेक वर्ष सामान्य खडेरी भोग्नु परेको भएता पनि उल्लेखनीय रुपमा भने केहि वर्ष मात्र खडेरीले क्षति पुगाएको देखिन्छ। कृषिमा रोग किराले विशेष गरेर अन्नवाली धान, गहुँ, मकै, मसुरो, तोरी, सिमी, काक्रा, ताजा तरकारी, आलु, टमाटर, लौका, फर्सी जस्ता बालीहरुमा क्षति गरेको देखिन्छ। गन्यापधुरा गाँउपालिकाको सबै वडाहरुमा खेतीपातीमा लाग्ने रोग किराहरुले असर गरेको देखिन्छ। महामारीले गन्यापधुरा गााउपालिकाको वडा नं.४ र ५ मा थुप्रै मान्छेको ज्यान गएको देखिन्छ भने पशुपन्छीहरुमा देखिएको लम्पी स्कीन महामारीले पछिल्लो समय गन्यापधुरा गाउँपालिकाका सबै वडा र बस्तीहरुमा क्षति पुगाएको देखिन्छ। त्यसैगरि असिना, हिमपात, हावाहुरी जस्ता प्रकोपका घटनाहरुले विगतमा आँशिक क्षति पुगाएको देखिन्छ। गन्यापधुरा गाँउपालिकाको सबै वडाहरु, स्थानीय विपद् व्यवस्थापन समिति, वडा अध्यक्षहरु, सुरक्षा निकाय, गैर सरकारी सस्थाहरुहरुसँगको छलफल र विश्लेषणको आधारमा सम्भाव्य विपद् र त्यसले पार्न सक्ने प्रभाव तथा जोखिमको विवरण यसरी तालिकामा नक्साङ्कन गरिएको छ।

**क) सम्भावित प्रकोप प्रभावित क्षेत्र तथा प्रकोपको मानवीय प्रभाव आकलन**

| क.सं. | प्रकोप | सम्भावित प्रकोप प्रभावित क्षेत्र तथा प्रभाव | |
|---|---|---|---|
| | | प्रभावित हुनसक्ने टोल | प्रभावित हुन सक्ने परिवार संख्या/ घरधुरी संख्या |
| वडा नं.१ | | | |
| १ | पहिरो | तिखातर, पर्तोल, डुम्राखोली, खोली, बडेत, जोशीना, भिटा, भात्काडा,जडपिला, सेठीगाँउ, साहुखर्क, मतकट्टे, फलटाँडी, चिरा, सुन्न, धामी गाँउ | ३५० घरधुरी |

| क्र.सं. | प्रकोप | सम्भावित प्रकोप प्रभावित क्षेत्र तथा प्रभाव | |
|---|---|---|---|
| | | प्रभावित हुनसक्ने टोल | प्रभावित हुन सक्ने परिवार संख्या/ घरधुरी संख्या |
| वडा नं.१ | | | |
| २ | बाढी | तिखातर, पर्तोल, डुम्राखोली, खोली, बडेत, जोशीना, भिटा, भात्काडा,जडपिला, सेठीगाँउ, साहुखर्क, मतकट्टे, फलटाँडी, चिरा, सुन्न, धामी गाँउ | १७४ घरधुरी |
| ३ | जंगली जनावरको आतंक | गन्यापधुरा गाँउपालिका वडा नं.१ का सबै समुदायहरु | ४०० घरधुरी |
| ४ | खडेरी | गन्यापधुरा गाँउपालिका वडा नं.१ का सबै समुदायहरु | ४०० घरधुरी |
| वडा नं.२ | | | |
| १ | पहिरो | बामनगाँउ, रिठा, चम्साल, मैलोडा, कोरगाँउ, अरकट्टे, थापली, सुतारीगाँउ, सिमलपुर, कुवाकोज,भुवाकोट, मालीगाँउ, जिम्रोडा, जाईकोट | २१० घरधुरी |
| २ | बाढी | कुजाकोट, जिम्रोडा, रन्तोला, अर्कट्टे, मेलमुडा, चम्साल, सिमलपुर, लमकट्टे, जाईकोट, कोरगाँउ | २५० घरधुरी |
| ३ | जंगली जनावरको आतंक | वडा नं.२ का सबै समुदाय | ७५० घरधुरी |
| ४ | खडेरी | सुतारीगाँउ, मैलोडा, बामनगाँउ, कोरगाँउ, थापली , भुवाकोट | ४९० |

| क्र.सं. | प्रकोप | सम्भावित प्रकोप प्रभावित क्षेत्र तथा प्रभाव | |
|---|---|---|---|
| | | प्रभावित हुनसक्ने टोल | प्रभावित हुन सक्ने परिवार संख्या/ घरधुरी संख्या |
| वडा नं.३ | | | |
| १ | पहिरो | गर्खा, डिल, हल्डयाम, सजना, रुलाकोट, कापडी,ग्वान्नी, चोरेला,कठायत गाँउ, धामीगाँउ, कोल्खी, गौली गाँउ , आटाँभ्वा, छिपला, देवल | ६७५ घरधुरी |
| २ | बाढी | गुयलीखेत, सेल्तडा,पौतडा, सकायल, | १७५ घरधुरी |
| ३ | जंगली जनावरको आतंक | वडा नं.३ का सबै समुदायहरु | ५०० घरधुरी |
| ४ | खडेरी | गर्खा, डिल, हल्डयाम, सजना, रुलाकोट, कापडी,ग्वान्नी, चोरेला,कठायत गाँउ, धामीगाँउ, कोल्खी, गौली गाँउ , आटाँभ्वा, छिपला, देवल | ६७५ घरधुरी |
| वडा नं.४ | | | |
| १ | पहिरो | गैरीगडा, भुवा, रुमायल, कुलेडी, मेड्डि, कोलेउडा | १३७ घरधुरी |
| २ | बाढी | भुल्यौडा, मेड्डि, कुलेडी, रुमायल, जैशेरा, गैरीगडा | १०३ घरधुरी |
| ३ | खडेरी | वडा नं.४ का सबै बस्तीहरु | ६७५ घरधुरी |
| ४ | जंगली जनावरको आतंक | वडा नं.४ का सबै बस्तीहरु | ६७५ घरधुरी |

| क्र.सं. | प्रकोप | सम्भावित प्रकोप प्रभावित क्षेत्र तथा प्रभाव | |
|---|---|---|---|
| | | प्रभावित हुनसक्ने टोल | प्रभावित हुन सक्ने परिवार संख्या/ घरधुरी संख्या |
| वडा नं.५ | | | |
| १ | पहिरो | गनेडा, अम्तोला, कोराल, रेल, ओखलवाटा, खड्खेत, मोई, झुल्ढुंग, जाजर, कापडीखेत | १७५ घरधुरी |
| २ | बाढी | कोराल | ६० परिवार |
| ३ | खडेरी | गनेडा, अम्तोला, कोराल, रेल, ओखलवाटा, खड्खेत, मोई, झुल्ढुंग, जाजर, कापडीखेत | ६७५ घरधुरी |
| ४ | जंगली जनावरको आतंक | वडा नं.५ का सबै समुदायहरु | ६७५ घरधुरी |

**ख) आर्थिक प्रभाव**

कुनै पनि किसिमको विपद्ले आर्थिक क्षेत्रलाई कमजोर पार्नुका साथै ठुलो धनजनको क्षति तथा अर्थतन्त्रलाई समेत तहस नहस बनाई समग्र मानवीय जनजीवन नै अस्तव्यस्त बनाउँदछ। मानिसहरुको दैनिक जीवनलाई विपद्ले कष्टकर बनाई आर्थिक क्षति निम्त्याउनुका साथै घर, जग्गा, धन, सम्पति, सुनचाँदी, गरगहना, पशु चौपाय ासवै क्षेत्रमा विपद्का क्षति व्यहोर्नु पर्ने भएकाले आर्थीक क्षेत्रमा नराम्रो प्रभाव पार्दछ। वित्तीय संघ सस्था तथा व्यापार व्यावसाय तथा सबै आम्दानीका श्रोतहरु बन्द हुँदा मानव जीवनलाई विपद्ले ठुलो क्षति पुऱ्याउंन सक्छ। विपद्ले भौतिक संरचनाहरुमा समेत क्षति पुगाउने भएकाले क्षतिग्रस्त संरचनाहरुको पुर्ननिर्माण तथा मर्मत सम्भार कार्यमा समेत ठुलो धनराशी खर्च हुने गर्दछ।

**ग) सामाजिक प्रभाव**

विपद्ले सामाजिक क्षेत्रमा पनि नराम्रो असर पुऱ्याउँदछ। शिक्षा क्षेत्रमा विद्यालय कलेज तथा विभिन्न शैक्षिक र स्वास्थ क्षेत्र लाई प्रत्यक्ष रुपमा असर गर्दछ। विद्यालयमा बालबालिकाहरुको शैक्षिक क्रियाकलापमा प्रत्यक्ष असर पर्नुका साथै समग्र शैक्षिक गतिविधिहरुमा असर गर्दछ। स्वास्थ्य क्षेत्रमा बिभिन्न समस्याहरु आउने,

खानेपानीका मुहानहरु फोहर हुने, सुक्ने र खानेपानी अभाव हुने, मानिस र पशुचौपायाहरुलाई बगाउने तथा घाईते भई मृत्यु हुने, गर्भवती, सुत्केरी, अपाङ्गता तथा रोगी भएका व्यक्तिहरुलाई विपद्ले झन असर गरिरहेको हुन्छ । प्रयाप्त स्वस्थ्यवर्धक खाद्यान्न बाली नष्ट हुने, स्वास्थ्य सेवाहरु प्रभावित हुने, स्वास्थ्य संस्थाहरुमा विरामीको चाप बढने, प्रयाप्त मात्रामा औषधि उपचार नपाउने जस्ता समस्याहरु आउछन् । बढ्दो शैक्षिक असमानता, कमजोर स्वास्थ्य अवस्था, हिंसा, बालश्रम तथा बालविवाह जस्ता जोखिम बढ्न सक्ने सम्भावना देखिन्छ। बालिबालिकाले विद्यालयबाट हासिल गरेका सिकाई उपलव्धीहरु गुम्ने खतरा हुन्छ। शिक्षण सिकाईमा भएको क्रमभंगताका कारण विद्यार्थीहरुमा मनोवैज्ञानिक असर परी तत्काल शिक्षण सिकाई कार्यमा जीवन्त सहभागिताका लागी प्रेरित हुनसक्ने न्युन सम्भावना जस्ता नकारात्मक असर देखिन्छन ।

**घ) भौतिक प्रभाव**

विपद्ले मानवीय क्षतिको साथमा भौतिक रुपमा पनि ठुलो क्षति पुऱ्याउने गर्दछ। विपद्ले घरबासस्थान भौतिक संरचनाहरुको पुर्ण रुपमा क्षतविक्षत पार्ने, मानिसहरु विस्थापित हुने, धन सम्पति, गाई बस्तु, बन जंगल, खोला नाला तथा पशु चौपायालाई समेत क्षति पुऱ्याउँछ। समग्रमा भन्दा विपद्ले कसैलाई प्रभावित तुल्याउन बाँकी राख्दैन । भइरहेका भौतिक संरचना, संस्कार, चालचलनलाई समेत उथल पुथल बनाउँछ । विगतका विपद्को कारणले विद्यालय, स्वास्थ्य चौकी, बाटो, सडक लगायत घर, छाना, बासस्थानमा समेत क्षति पुऱ्याएको छ। नेपालको भौगोलिक अवस्थिति (चलायमान तथा परिवर्तित), परिस्थिति (गरिबी, जलवायु परिवर्तन) तथा बिना योजनाका विकास निर्माण (डोजर आतंक तथा अनियन्त्रित सहरीकरण) ले गर्दा ८० प्रतिसत भन्दा बढी नेपालीहरू कुनै न कुनै विपद्को जोखिममा छन । विपद्ले भौतिक साधनहरुमा क्षति पुऱ्याउने गरेको छ ।

**ङ) वातावरणीय प्रभाव**

विपद्ले मानवीय, आर्थिक, सामाजिक, भौतिक क्षतिको साथै वातावरणमा समेत प्रतिकुल प्रभाव र असर पार्ने गर्दछ । वातावरणलाई दुर्गन्धित तथा प्रदुषण गर्ने, हावा पानी, बोट विरुवालाई समेत असर पुऱ्याई वातावरणीय असर गर्ने गर्दछ। पानीका मुहान खोला, नाला दुषित हुनुका साथै अतिवृष्टि र अनावृष्टि जस्ता प्राकृतिक प्रकोपजन्य परिस्थिति ल्याउने अवस्था विपद्ले ल्याउछ।

## ३.४) विपद् जोखिम आकलन

गन्यापधुरा गाउँपालिका घरहरूको कमजोर बनावटले गर्दा ७ रेक्टर स्केल म्याग्नेट्युडको भूकम्प गएमा कम्तिमा दुईतिहाई घरहरू (करिव २,९५०) बस्न नमिल्ने गरी भत्कन सक्ने सम्भावना आकलन गरिएको छ। यस गाउँपालिकामा बाढीले विगत वर्षहरूमा धेरै क्षति गरेको छ। विगतको जत्तिकैमात्राको ठुलो बाढी आएमा यस गाउँपालिकाका पाँच सय बढि घरहरू (झण्डै २६०० मानिस), जमिन कटान/पटान र डुवानबाट प्रत्यक्ष प्रभावित हुनसक्ने देखिन्छ। गन्यापधुरा गाउँपालिकामा जलवायु परिवर्तनको प्रक्षेपण अनुसार भविष्यमा वर्षा हुने दिनहरू घट्ने तर कुल वर्षा ०.०८ देखि ७.०५ प्रतिशत सम्म बढ्न सक्ने भएकोले यस क्षेत्रमा भविष्यमा बाढीको जोखिम बढ्ने सम्भावना छ। अव्यवस्थित बसोवास तथा भौतिक संरचना निर्माणले गर्दा जोखिम थप बढ्ने अनुमान गरिएको छ। तसर्थ, कम्तिमा पनि १,००० भन्दा बढी घरधुरी (करिव पाँच हजार जनसंख्या) लाई

आपत्कालीन व्यवस्था गर्न सक्ने गरी बाढीको विपद् पुर्वतयारी गर्न आवश्यक देखिन्छ। कमजोर भूबनोटका कारण बर्षातका समयमा बाढीसँगै पहिरोले बस्तीमा क्षति पुगाउने र विपद् निम्त्याउने अनुमान गरिएको छ। पहिरोबाट पनि ठुलो जनधनको क्षति हुनसक्ने अनुमान छ। उच्च गतिको शक्तिशाली हावाहुरीले १,२३५ घरधुरी प्रभावित गर्न सक्ने पुर्वानुमान गरिएको छ। यसैगरी, शीतलहरले सबै वडाका करिब सबै मानिसहरू, हिउँदे खेतिबाली र सबै पशुचौपायाहरू प्रभावित हुनेछन्। मध्यम घनत्व र अवधीको शीतलहरबाट प्रत्यक्ष प्रभावित हुनसक्ने जनसंख्या हावाहुरीले जस्तै न्युनतम १,२३५ घरधुरी हुनसक्ने अनुमान गरिएको छ। तापनि, आवश्यक कपडा र खानेकुराको अभाव भोग्नुपर्ने र बाह्य सहयोग चाहिने जनसंख्या १,००० जना अनुमान गरिएको छ. सुख्खा/खडेरीले गर्दा वर्षेनी अन्नबाली उत्पादनमा कमि भई रहेको जनगुनासो छ। तालतलैया हिउँदयाममा बढी सुक्दै गएको र भविष्यमा तापक्रम १.०६ देखि १.९ प्रतिशत (यदि हरितगृह ग्यास न्युनतम उत्सर्जन भएमा) सम्म बढ्ने अनुमान गरिएकोले गन्यापधुरा गाउँपालिकामा सुख्खा/खडेरीको अवस्था झन् जटिल हुन सक्नेछ। तर, कति जनसंख्याका लागि खडेरीका कारण हुने विपद् पुर्वतयारी गर्नुपर्ने हुनसक्छ भन्ने आँकलन गर्न सकिने अवस्था छैन।

गन्यापधुरा गाँउपालिकामा अहिले जंगली जनावर वस्तीमा आउने क्रम बढेको, अन्नबाली नोक्सान गर्दै गएको गुनासाहरू छन। भविष्यमा बाढी, सुख्खा/खडेरी, आगलागी, अखाद्य वनस्पतीको प्रकोप आदिका कारण वनमा जनावरको लागि आवश्यक चरिचरन तथा वासस्थानको विनाश हुन सक्ने हुँदा खेतिबाली र वस्तीमा जङ्गली जनावरहरू आउने क्रम बढ्न सक्ने देखिन्छ। यसबाट मानव तथा वन्यजन्तुबीच द्वन्द्व बढ्दै जानसक्ने सम्भावना छ। खडेरी हरेक वर्ष लगातार बढ्दै गएमा कतिपय वन्यजन्तु कम हुने वा मासिन सक्ने सम्भावना हुन्छ। सामुदायिक वन र आशाप्रद संरक्षण प्रयासहरूले वन्यजन्तुको समस्या सहजै समाधान गर्न सकिने हुन सक्छ। विकास तथा जीविकोपार्जन गतिविधिहरूमा विपद् जोखिम न्यून गर्ने, उत्थानशील क्षमता अभिबृद्धि गर्ने साथै जलवायु परिवर्तनको असरको सामना गर्न अनुकूल हुनेगरी हुन सकेका छैनन्। यो अवस्थामा सुधार नभएमा थप प्रकोपहरूबाट पनि गन्यापधुरा गाउँपालिकामा उत्तिकै जोखिममा रहनेछ।

## ३.५) गन्यापधुरा गाउँपालिकामा पूर्वसूचना प्रणाली र आपत्कालिन कार्य सञ्चालन केन्द्रको विवरण

नेपालमा जल तथा मौसम विज्ञान विभागले देशभर संचालनमा रहेका जलसतह तथा वर्षामापन (स्वचालित र म्यानुअल) उपकरणहरुवाट प्राप्त तथ्याङ्कहरुका साथै विभिन्न जल मौसम प्रारुपहरुको पूर्वानुमान नतिजाका आधारमा पूर्वानुमान तथा पूर्वसूचनाहरु सम्प्रेषण अन्तर्गतका वर्षा तथा पानीको सतह मापन केन्द्रहरुले दिएको जानकारीको आधारमा पूर्व सुचनाका सम्यन्त्रहरु विकास गरेको छ। बाढी पूर्वानुमान माहाशाखाले मनसुन अवधिभर र अन्य समयमा निरन्तर रुपमा मौसम प्रणाली र नदीहरुको अनुगमन गरी पूर्वानुमान तथा पूर्वसूचना सेवा सञ्चालन गर्दछ। जल तथा मौसम विज्ञान विभागले दैनिक मौसम पूर्वानुमान वुलेटिन, बाढी पूर्वानुमान वुलेटिन, विशेष मौसम तथा बाढीजन्य प्रणालीको प्रक्षेपण, विशेष मौसम वुलेटिन र बाढी अलर्ट मार्फत पूर्वसूचना

दिने गरेको छ। विभागले नियमित रुपमा तीन दिनको मौसम पूर्वानुमानको सूचना सम्प्रेषण गर्ने गरेको छ। यसका साथै विभागले संकटसन्न क्षेत्रका सरोकारवाला र स्थानीयहरुको मोवाईल नम्वरको तथ्याङ्क राखी सतर्कता र सुरक्षित स्थानमा जानको लागि म्यासेज पठाउने व्यवस्था समेत गरेको छ। विभागको वेवसाईटमा गएर बाढीको लेवल हेर्न र सोहि अनुसार पूर्वतयारी गर्न सकिने व्यवस्था पनि रहेको छ। विभागले पूर्वसूचना तथा जानकारी प्राप्त गर्न सर्वसाधारणको लागि नेपाल टेलिकम र एनसेल प्रयोगकर्ताको लागि चौबिसै घण्टा निःशुल्क टेलिफोन (११५५) सेवा समेत प्रदान गर्दछ। गन्यापधुरा गाँउपालिकाको जनसमुदायहरुसम्म जल तथा मौसम विज्ञान विभागले दिएका पुर्वानुमानका पुर्वसूचनाहरु पुग्न सकिरहेको छैन। गाँउपालिकाले यस्ता सूचनाहरु गाँउ गाँउ तथा संकटासन्न वस्तिहरुसम्म पुऱ्याउन वडाहरु, जिल्ला, जल तथा मौसम विज्ञान विभागका कार्यलयहरुसँग सहकार्यमा आगामी दिनमा कार्यहरु गर्नुपर्ने देखिन्छ। गन्यापधुरा गाउँपालिकाले पुर्व सूचना प्रणाली र स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र स्थापना गर्न जरुरी छ।

## ३.६) कानूनी, नीतिगत तथा संस्थागत व्यवस्था

गन्यापधुरा गाँउपालिकामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ अनुसार गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ। समितिमा हाल रहेका पदाधिकारीहरूको विवरण अनूसूची १ मा संलग्न गरिएको छ। स्थानीय विपद व्यवस्थापन समितिले गन्यापधुरा गाउँपालिका क्षेत्र भित्र समग्र विपद जोखिम न्युनिकरण तथा व्यवस्थापनका लागी प्रयास गरिहरहेको छ। गन्यापधुरा गाउँपालिकाको विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७५ जारी भई कार्यान्वयन भईरहेको छ। **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ ले प्रवधान गरेको विपद् जोखिम न्यूनीकरणसम्बन्धी संस्थागत संरचना देहाय बमोजिम रहेको छ।**



**स्थानीय तह देखि केन्द्रीय तहसम्मको विपद् पूर्वतयारी तथा प्रतिकार्य संयन्त्र**




**स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहका विपद् जोखिम न्यूनीकरणसम्बन्धी अधिकारहरू**

- विपद् व्यवस्थापन सम्बन्धि स्थानीय नीति, कानुन, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन।
- स्थानीयस्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय।
- स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन।
- विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरुको पहिचान र स्थान्तरण।
- विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, सङ्घ संस्था तथा निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य।

- विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन ।

- विपद् जोखिम न्युनिकरण सम्बन्धि स्थानीयस्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन ।

- विपद् पश्र्चात स्थानीयस्तरको पुनर्स्थापना र पुर्ननिर्माण ।

- स्थानीय स्तरको विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान ।

- स्थानीय आपतकालिन कार्य सञ्चालन प्रणाली ।

- समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको सञ्चालन ।

- विपद् सम्बन्धी अन्य कार्य ।

## ३.७) विषयगत क्षेत्रहरू तथा जिम्मेवार निकायहरू

गन्यापधुरा गाउँपालिकाको विपद् व्यवस्थापन ऐन २०७५ अनुरुप गन्यापधुरा गाउँपालिकामा विपद् प्रतिकार्यका लागि देहाय अनुसारका ८ वटा विषयगत क्षेत्रहरू निर्धारण गरी कार्य समुहहरू गठन गरेको छ। .

**(क) समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार**

यस विषयगत क्षेत्रले विपद्को समयमा सम्पुर्ण सरोकारवालाहरूसँग समन्वय कायम गर्ने, विपद्को अवस्था आउन सक्ने पुर्वानुमान प्राप्त भएपछि स्थानीय सञ्चार माध्यमबाट सूचना सम्प्रेषण गर्ने, प्रकोपको कारण समस्यामा परिरहेका वा घाईतेलाई उद्धार गर्ने, हराएकाहरूको खोजी गर्ने, मानिसको मृत्यु भएमा सनाखत (वा शव हस्तान्तरण) को लागि प्रवन्ध मिलाउने, पीडितहरूलाई राहत रकम वितरण गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ ।

**(ख) खाद्य तथा कृषि**

यस विषयगत क्षेत्रले विपद्को अवस्थामा पीडितहरूलाई तत्काल सुख्खा खानेकुरा, विस्थापित भई शिविरमा बसेकालाई चामल, दाल, नुन, तेल आदि खाद्य सामग्री उपलब्ध गराउने, पकाउनको लागि प्रवन्ध मिलाउने र कृषि क्षेत्रमा भएको क्षति विवरण तयार गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ।

**(ग) स्वास्थ्य तथा पोषण**

यस विषयगत क्षेत्रले विपद्मा घाईते भएकाहरूको प्राथमिक उपचार गर्ने, महामारी हुनबाट बचाउने विधिहरू अवलम्वन गर्ने, शिविरमा उपचार गर्न नसकिने प्रकृतिका स्वास्थ्य समस्या भएमा विरामीलाई अस्पताल सम्म पुऱ्याई स्वास्थ्य उपचारको सुनिश्चितता गर्ने, बालबालिकामा पोषणको कमि भएमा त्यसबाट हुनसक्ने समयस्या बारे पीडित र सरोकारवालालाई सचेत गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ।

(घ) **खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन**

यस विषयगत क्षेत्रले विपद्को अवस्थामा खानेपानी आपुर्ति, प्रकोपको कारण ढलेका बोटबिरूवाहरू हटाउने, विपद्जन्य घटनाबाट सिर्जना भएका फोहोरहरू सरसफाई गर्ने, मरेका पशुपंक्षीहरूको व्यवस्थापन गर्ने, व्यक्तिगत सरसफाईको लागि स्वच्छता सम्बन्धी सरसामानहरू (जस्तैः हाईजिन किट) उपलब्ध गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ।

(ङ) **आपत्कालीन आश्रय तथा गैर-खाद्य सामग्री**

यस विषयगत क्षेत्रले विपद्को कारण घरमा क्षति पुगी बस्न नसक्ने अवस्थाका पीडितहरूलाई आपत्कालीन आश्रय वा वासको लागि अस्थायी संरचना निर्माण गर्ने, पीडितहरूलाई गैर-खाद्य सामग्री वितरण आदि जिम्मेवारी निर्वाह गर्नेछ।

(च) **संरक्षण तथा सुरक्षा**

यस विषयगतक्षेत्रले विपद्को समयमा महिला, गर्भवती महिला, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरू, शिशु, बालबालिका, बृद्धबृद्धाहरूलाई संरक्षण गर्ने, उनीहरूलाई आवश्यकता बमोजिमका सरसामानहरू (जस्तैः डिग्निटी किट) उपलब्ध गर्ने, घरपरिवारका सदस्य गुमाएकाहरू तथा विपद्का कारण त्रसित व्यक्तिहरूलाई मनोसामाजिक परामर्श सेवा दिने, हिंसामुक्त वातावरण सिर्जना गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ।

(छ) **आपत्कालीन शिक्षा**

यस विषयगतक्षेत्रले विपद्को कारण यदि गाँउपालिका भित्ररहेका कुनै पनि विद्यालय ३ दिन भन्दा बढी बन्द भएमा विद्यार्थीहरूलाई आपत्कालीन शिक्षाको व्यवस्था गर्ने, प्रकोपले विद्यार्थीको पठनपाठनका शैक्षिक सामग्री हराएमा सो को व्यवस्था गर्ने र विद्यालयको शिक्षण सामग्रीहरू नष्ट भएमा पनि व्यवस्था गर्ने, आदि जिम्मेवारी निर्वाह गर्नेछ।

(ज) **शीघ्र पुर्नलाभ**

यस विषयगत क्षेत्रले विपद्को कारण अवरूद्ध हुन पुगेका अत्यावश्यक सेवाहरू (जस्तैः सडक, विद्युत, खानेपानी, टेलिफोन) तत्काल सूचारू गर्ने र त्यस्ता सेवा प्रदान गर्ने निकायका कार्यालयहरूमा क्षति पुगेमा वैकल्पिक व्यवस्था गर्ने आदि जिम्मेवारी निर्वाह गर्नेछ।

उल्लेखित आठ वटा विषयगत क्षेत्रहरुले योजनावद्ध रुपमा विपद् पुर्व तयारी तथा प्रतिकार्यका लागि तोकिएको जिम्मेवारी अनुरुप काम गर्नेछन। विषयत क्षेत्रसँगको छलफल अन्तरक्रिया र गन्यापधुरा गाउँपालिकाका पाँच वटै वडामा सम्पन्न योजना तर्जुमा गोष्ठीका आधारमा गन्यापधुरा गाउँपालिकाको विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना २०८० तर्जुमा गरिएको छ। गन्यापधुरा गाँउपालिकामा उल्लेखित सबै विषयगतक्षेत्र अन्तर्गतका सरोकारवाला निकाय तथा संस्थाहरूको हालको विवरण अनुसूची ३ मा दिईएको छ।

# परिच्छेद-४

# विषयगत क्षेत्रहरूको समान्य पुर्व तयारी योजना

विपद् प्रतिकार्यका कार्यहरुलाई प्रभावकारी बनाउन विषयगत क्षेत्र अनुसार समान्य पुर्व तयारीका गतिविधीहरु निम्न अनुसार योजना गरिएको छ।

**क) सामाग्री व्यवस्थापन, सूचना, खोज तथा उद्धार विषयगत क्षेत्रको सामान्य पुर्व तयारी योजना**

| क्र. सं. | समान्य पुर्व तयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय संस्था |
|---|---|---|---|---|---|
| १ | विपद्को क्षति नोक्सानी मुल्यांकनका लागि अनुसूचीमा उल्लेख भए बमोजिम सर्वेक्षण टोली गठन वा पुर्नगठन गर्ने र आवश्यकता बमोजिम सर्वेक्षणका लागि सहायक टोलीहरु गठन गर्ने, तालिम योजना गर्ने | हरेक सिजन शुरु हुनासाथ | गन्यापधुरा गाँउकार्यपालिकाको कार्यालय र हरेक वडाहरुमा | गाँउपालिका स्तरीय १ र हरेक वडामा १ | गन्यापधुरा गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समिति |
| २ | प्रारम्भिक द्रुत लेखाजोखा, क्षति लेखाजोखा गर्न विस्तृत घरधुरी सर्वेक्षण फाराम तयार गर्ने। | हरेक बर्षको चैत महिना भित्रै | गन्यापधुरा गाँउपालिकामा | २००० प्रति | सामाजिक विकास शाखा, गन्यापधुरा गाँउपालिका |
| ३ | राहात वितरणका लागि सिफारिस फाराम लगायतका कागजात तयार गर्ने | हरेक बर्षको बैशाख महिना भित्र | गन्यापधुरा गाउँपालिकास्तरमा | २००० प्रति | वातावरण तथा विपद् व्यवस्थापन शाखा, गन्यापधुरा गाँउपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | प्रकोपको प्रकृति अनुसार खोज तथा उद्धारका लागि टोली गठन गर्ने, सम्बन्धित विषयको तालिम योजना गर्ने र परिचालन हुने प्रकृया निर्धारण गर्ने | जेठ २०७७ | गन्यापधुरा गाँउपालिकाका ५ वटै वडा कार्यालयहरुमा | हरेक वडामा एक पटकका दरले | वातावरण तथा विपद् व्यवस्थापन शाखा, गन्यापधुरा गाँउपालिका |
| ५ | खोज तथा उद्धार सामाग्रीहरु खरिद, भण्डारण, मर्मत, व्यवस्थापन गर्ने | निरन्तर | गन्यापधुरा गाउँपालिका र सबै वडाहरुमा | गाँउपालिकास्तरमा एक सेट र हरेक वडामा कम्तिमा एक सेट, | गन्यापधुरा गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति र वडा स्तरीय विप्द व्यवस्थापन समितिहरु |
| ६) | खोज तथा उद्धारका लागि प्रयोग गर्न सकिने सवारी साधनहरु र एम्वुलेन्सको सम्पर्क सूची तयार गर्ने | निरन्तर | गन्यापधुरा गाँउ कार्यपालिकाको कार्यालय | आवश्यक सवारी साधन र एम्वुलेन्स | वातावरण तथा विपद् व्यवस्थापन शाखा, स्वास्थ्य शाखा, गन्यापधुरा गाँउपालिका |
| ७) | बाढीबाट बच्न र बचाउन सुरक्षित स्थान पहिचान र अद्यावधिक गर्न हरेक वडामा वडास्तरीय विपद् व्यवस्थापन समितिलाई अनुरोध गर्ने र सो को सुँची तयार एवं अद्यावधिक गर्ने | निरन्तर | वडास्तरमा | हरेक वडामा १ वटा | वातावरण तथा विपद् व्यवस्थापन शाखा, गन्यापधुरा गाँउपालिका |
| ८) | आपतकालिन अवस्थामा प्रयोग गर्ने स्थलहरुको सूची राजपत्रमा प्रकाशित भएपछि आश्रयस्थलका रुपमा प्रयोग गर्न चाहिने भौतिक पुर्वाधार निर्माण र सेवाहरु विस्तार गर्ने | तत्कालै शुरुवात गर्ने | तोकिएको मापदण्ड अनुसार | एक योजना बनाएर | गन्यापधुरा गाउँपालिका र सम्बन्धित वडा कार्यालयहरु |

| | | | | | |
|---|---|---|---|---|---|
| ९) | प्रकोपबाट समुदायलाई बचाउन आपतकालिन आश्रय भवनहरु निर्माण गर्ने | आवश्यकता अनुसार | हरेक वडामा जोखिममा रहेका समुदाय नजिक | आवश्यकतामा आधारित परिणाममा | गन्यापधुरा गाँउ कार्यपालिका र सम्बन्धित वडा कार्यालयहरु |
| १० | बाढी, शितलहर, हावाहुरी, भूकुम्प, चट्टयाङ, आगलागी आदि प्रकोपबाट समुदायमा पर्न सक्ने असर र सोबाट बच्ने उपायका बारेमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | गन्यापधुरा गाँउपालिकामा पहुँच भएका र सञ्चालित एफ.एफ रेडियो मार्फत | सिजन शुरु हुनुभन्दा अगावै कम्तिमा दुई पटक | वातावरण तथा विपद् व्यवस्थापन शाखा, गन्यापधुरा गाउँपालिका र सम्बन्धित वडा कार्यालयहरु |
| ११) | मानिसको ज्यान लिन सक्ने किसिमका जंगली जनावरहरु बस्तीमा प्रवेश गरेमा सम्बन्धित समुदायलाई सूचना दिने प्रणालीको विकास गर्ने | निरन्तर | वडास्तरमा | हरेक वडामा १ पटक | वातावरण तथा विपद् व्यवस्थापन शाखा, गन्यापधुरा गाउँपालिका र सम्बन्धित वडा कार्यालयहरु |
| १२ | खोज तथा उद्धारलाई प्रभावकारी बनाउन प्रकोपमा आधारित कृतिम घटना अभ्यास गर्ने, गराउने | हरेक सिजन शुरु हुनुभन्दा अगाडी | हरेक वडा र गाँउपालिका स्तरमा | मुख्य प्रकोपहरुमा आधारित रहि हरेक बर्ष कम्तिमा एक/एक पटक | गन्यापधुरा गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति |

ख) खाद्य तथा कृषि क्षेत्रको समान्य पुर्व तयारी योजना

| क्र. सं. | समान्य पुर्व तयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय संस्था |
|---|---|---|---|---|---|
| १) | विपद्मा खाद्यान तथा आपुर्तिका लागि सम्भाव्य उद्योगहरु, पहिचान गर्ने साथै सहयोग लिन सक्ने कार्यालय, संस्थाहरुसँग समन्वय गर्ने | निरन्तर | गन्यापधुरा गाउँपालिकास्तरमा | बार्षिक रुपमा १ वा २ पटक | गन्यापधुरा गाउँपालिका कृषि शाखा र सम्बन्धित कार्य समुह |
| २) | विपद्बाट प्रभावित हुनसक्ने जनसंख्याको आधारमा खाद्य सामाग्री ( चामल, दाल, तेल, नुन आदि) भण्डारण गर्ने | हरेक सिजन शुरु हुनुभन्दा अगाडी | गन्यापधुरा गाउँपालिकास्तरमा | बार्षिक रुपमा २ पटक | गन्यापधुरा गाउँपालिका कृषि शाखा र सम्बन्धित कार्य समुह |
| ३) | तयारी खानेकुराका लागि तत्काल खरिद गर्न सकिनेगरि पसलहरु पहिचान गर्ने वा अनुबन्ध करार गर्ने | हरेक सिजन शुरु हुनुभन्दा अगाडी | गन्यापधुरा गाउँपालिकास्तरमा | कम्तीमा २ वटा ठुला पसलहरु वा उद्योगहरु | गन्यापधुरा गाउँपालिका कृषि शाखा र बिषयगत क्षेत्रका सदस्यहरु |
| ४) | विपदको समयमा खाद्य सामाग्रीहरु वितरण गर्ने तौरतरिका प्रकृयाबारे यस विषयगत क्षेत्रका सदस्यहरुबीच छलफल तथा कृतिम घटना अभ्यास गर्ने | हरेक सिजन शुरु हुनुभन्दा अगाडी | वडास्तरमा | मुख्य प्रकोपहरु देखापर्नु भन्दा पहिले कम्तिमा १ पटक | गन्यापधुरा गाउँपालिका कृषि शाखा र बिषयगत क्षेत्रका सदस्यहरु |

ग) स्वास्थ्य तथा पोषण क्षेत्रको समान्य पुर्व तयारी योजना

| क्र. सं. | समान्य पुर्व तयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय संस्था |
|---|---|---|---|---|---|
| १) | विपद् पश्चात तत्काल देखापर्ने स्वास्थ्य समस्या समाधानका लागि चाहिने औषधीहरु भण्डारण गर्ने | हरेक महिना औषधीको गुण अनुसार | गन्यापधुरा गाउँपालिकास्तरमा | १००० जनाका लागि | गन्यापधुरा गाउँपालिका स्वास्थ्य शाखा र सम्बन्धित कार्य समुह |
| २) | द्रुत प्रतिकार्य टोली (Rapid Response team-RRT) गठन गर्ने, क्षमता विकास र कार्यसूची अद्यावधिक गर्ने | स्वास्थ्य क्षेत्रको प्रटोकल अनुसार | गन्यापधुरा गाउँपालिकास्तरमा | बार्षिक रुपमा १ पटक | गन्यापधुरा गाउँपालिका स्वास्थ्य शाखा र सम्बन्धित कार्य समुह |
| ३) | प्रतिकार्यको लागि आवश्यक दक्ष जनशक्ती तयार गर्ने | आवश्यकता अनुसार तत्कालै | गन्यापधुरा गाउँपालिकाहरेक वडा स्तरमा | गाँउपालिका स्तरमा १० जना र हरेक वडामा ५/५ जनाका दरले | गन्यापधुरा गाउँपालिका स्वास्थ्य शाखा र सम्बन्धित कार्य समुह |
| ४) | स्वास्थ्य सम्बन्धि शिक्षण सामाग्रीको व्यवस्था तथा स्वास्थ्य शिक्षाका लागि स्वास्थ्यकर्मीको व्यवस्था गर्ने | नियमित रुपमा | हरेक वडास्तरमा | हरेक एक वडामा एक जनाका दरले | गन्यापधुरा गाउँपालिका स्वास्थ्य शाखा र सम्बन्धित विषयत क्षेत्रका सदस्यहरु |
| ५) | महामारी सम्बन्धि जनचेतना अभिवृद्धी कार्यक्रम सञ्चालन गर्ने | नियमित रुपमा | हरेक वडामा रहेका जोखिमयुक्त वस्तीस्तरमा | बर्षमा ३ पटक | गन्यापधुरा गाउँपालिका स्वास्थ्य शाखा र सम्बन्धित विषयत क्षेत्रका सदस्यहरु |

घ) खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको समान्य पुर्व तयारी योजना

| क्र. सं. | समान्य पुर्व तयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय संस्था |
|---|---|---|---|---|---|
| १) | विपद्को समयमा खानेपानी शुद्धीकरणका लागि आवश्यक पर्ने औषधीको उचित भण्डारण गर्ने | प्रकोप जोखिम अनुसार हरेक महिना | गन्यापधुरा गाउँपालिकास्तरमा | बार्षिक रुपमा कम्तिमा १ पटक | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुरासँगको सहकार्यमा गन्यापधुरा गाउँपालिका |
| २) | सरसफाईका लागि आवश्यक पर्ने सामाग्री तथा उपकरणहरु उपयुक्त ठाँउमा भण्डारण गर्ने | प्रकोप जोखिम अनुसार हरेक महिना | गन्यापधुरा गाउँपालिकास्तरमा | बार्षिक रुपमा कम्तिमा १ पटक | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुरासँगको सहकार्यमा गन्यापधुरा गाउँपालिका |
| ३) | खानेपानी ओसार्ने, जम्मा गर्ने र वितरण गर्ने साधनहरु मर्मत सम्भार गर्ने | प्रकोप जोखिम अनुसार हरेक महिना | गन्यापधुरा गाउँपालिकास्तरमा | बार्षिक रुपमा कम्तिमा १ पटक | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुरासँगको सहकार्यमा गन्यापधुरा गाउँपालिका |
| ४) | आपतकालिन अवस्थामा प्रयोग गर्न सकिने खानेपानीको श्रोतहरु पहिचान र संरक्षण गर्ने | निरन्तर | गन्यापधुरा गाउँपालिका हरेक वडा तथा समुदायस्तरमा | हरेक प्रभावित वडाहरुमा | गन्यापधुरा गाउँपालिका र खानेपानीसँग सम्बन्धित गाँउपालिका स्तरमा कृयासिल निकायहरु |

ङ) **आपतकालिन आश्रय र गैर खाद्य सामाग्री क्षेत्रको समान्य पुर्व तयारी योजना**

| क्र. सं. | समान्य पुर्व तयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय संस्था |
|---|---|---|---|---|---|
| १) | विपद् प्रभावितहरुका लागि अस्थायी आश्रयस्थल वा बासको व्यवस्था गर्न आवश्यक सरसमान तथा औजारहरुको बन्दोबस्त गर्ने | हरेक सिजन शुरु हुनु भन्दा अगाडी | गन्यापधुरा गाउँपालिकाका सबै वडाहरुमा | १०० परिवारका लागि | गन्यापधुरा गाउँपालिका, सम्बन्धित वडा कार्यालयहरु, नेपाल रेडक्रस सोसाईटी |
| २) | आपतकालिन अवस्था आई परेमा तुरुन्त खरिद गर्न सक्नेगरि अनुबन्ध करार गर्ने | आवश्यकता अनुसार | गन्यापधुरा गाउँपालिकास्तरमा | ३०० परिवारका लागि | गन्यापधुरा गाउँपालिका, सम्बन्धित वडा कार्यालयहरु, नेपाल रेडक्रस सोसाईटी |
| ३) | अस्थायी आश्रयस्थल बनाउन सुविधायुक्त खुला क्षेत्रको व्यवस्था र उचित संरक्षण गर्ने | निरन्तर | गन्यापधुरा गाँउपालिकाका सबै वडास्तरमा | कम्तीमा १०० परिवारका लागि | गन्यापधुरा गाउँपालिका र सम्बन्धित वडा कार्यालयहरु |
| ४) | गैर खाद्य सामाग्री सेटहरु भण्डार गर्ने | निरन्तर | गन्यापधुरा गाँउपालिका | कम्तिमा १०० परिवारका लागि | गन्यापधुरा गाउँपालिका र नेपाल रेडक्रस सोसाईटी |
| ५) | विपद् प्रभावित स्थान वा शिविर खडा गर्नुपर्ने स्थानसम्म सरसमान तथा औजारहरु लैजान सवारी साधनहरुको व्यवस्था गर्ने । | निरन्तर | गन्यापधुरा गाउँपालिकास्तरमा | १ बर्षमा कम्तीमा २ पटक | गन्यापधुरा गाउँपालिका र नेपाल रेडक्रस सोसाईटी |
| ६) | अस्थायी आश्रयस्थल वा वास निर्माणका लागि टोली गठन गर्ने र दक्षता अभिवृद्धीका लागि कृतिम घटना अभ्यास गर्ने | हरेक सिजन शुरु हुनुभन्दा अगाडी | गन्यापधुरा गाँउपालिकाका हरेक वडास्तरमा | हरेक वडामा १ पटक | विषयगत क्षेत्रका सबै सदस्यहरु |

च) संरक्षण तथा सुरक्षा क्षेत्रको समान्य पुर्व तयारी योजना

| क्र.सं. | समान्य पुर्व तयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय संस्था |
|---|---|---|---|---|---|
| १) | महिला, बालबालिका, अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकको संरक्षणका तरिकाहरु बारे जानकारी पुस्तिका तयार गर्ने | निरन्तर | गन्यापधुरा गाउँपालिकास्तरमा | कम्तीमा ५०० प्रति | गन्यापधुरा गाउँपालिका, सम्बन्धित वडा कार्यालयहरु, नेपाल रेडक्रस सोसाईटी र गैर सरकारी संस्थाहरु |
| २) | विपद्को समयमा आवश्यक सेवाका लागि चाहिने सामाग्रीहरु जस्तै (डिग्नीटी किट) खरिद जोहो गरि भण्डारण गर्ने | निरन्तर | गन्यापधुरा गाउँपालिकास्तरमा | कम्तिमा ५०० | विषयत क्षेत्रका सम्पुर्ण सदस्यहरु |
| ३) | उमेर, शारिरिक अवस्था अपांगता अनुसार गरिनुपर्ने सेवा सहयोगका लागि प्रटोकल तयार गर्ने र लागु गर्ने | तत्काल | गन्यापधुरा गाउँपालिकास्तरमा | १ पटक | गन्यापधुरा गाँउपालिका, महिला विकास शाखा र नेपाल रेडक्रस सोसाईटी |
| ४) | विद्यालयका शिक्षकहरु र महिला स्वास्थ्य स्वयमसेविकालाई आधारभुत मनोसमाजिक परामर्श तालिम दिने | निरन्तर | वडास्तरमा | एउटा विद्यालयबाट १ जना, वडामा एक जना महिला स्वास्थ्य स्वयमसेविका, स्वास्थ्यकर्मी | गन्यापधुरा गाँउपालिका, महिला विकास शाखा र नेपाल रेडक्रस सोसाईटी |
| ५) | विपद्को समयमा परिचालन हुने विषयगत क्षेत्रका सदस्यहरुलाई कृतिम घटना अभ्यास गर्ने | निरन्तर | गन्यापधुरा गाउँपालिकास्तरमा र आवश्यक देखिएमा वडास्तरमा | प्रकोप अनुसार कम्तिमा १ पटक | विषयत क्षेत्रका सबै सदस्यहरु |

छ) आपतकालिन शिक्षा विषयत क्षेत्रको समान्य पुर्व तयारी योजना

| क्र. सं. | समान्य पुर्व तयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय संस्था |
|---|---|---|---|---|---|
| १) | बाढी, हावाहुरी, शितलहरले प्रभावित गर्न सक्ने विद्यालयहरुको सुँची आद्यावधिक गर्ने, सम्भावित क्षतिको आकलन गर्ने | बर्षको १ पटक | गन्यापधुरा गाँउपालिकाका हरेक वडा स्तरमा | सबै वडाका विद्यालय | गन्यापधुरा गाँउपालिका, शिक्षा शाखा र सम्बन्धित विद्यालय |
| २) | आपतकालिन शिक्षाका लागि आवश्यक पर्ने शिक्षण सामाग्रीहरु तयार अवस्थामा राख्ने | निरन्तर | गन्यापधुरा गाउँपालिकास्तरमा | कम्तीमा ५ वटा विद्यालयको लागि | गन्यापधुरा गाँउपालिका, शिक्षा शाखा र सम्बन्धित विद्यालय |
| ३) | शितलहरबाट विद्यार्थीमा हुनसक्ने प्रभावहरुको बारेमा विद्यालयमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | जोखिममा रहेका विद्यालयस्तरमा | कम्तिमा ६ ओटा विद्यालय | गन्यापधुरा गाँउपालिका, शिक्षा शाखा र सम्बन्धित विद्यालय |
| ४ | चट्याङ पर्ने समयमा त्यसबाट बच्न, जोगिन अपनाउनु पर्ने उपायहरु बारेमा विद्यालयहरुमा चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने र आमसञ्चार माध्यमबाट सन्देशमुलक कार्यक्रम सम्प्रेषण गर्ने | निरन्तर | विद्यालयस्तरमा | कम्तिमा ६ वटा विद्यालय र १ एफएम रेडियो मार्फत कम्तिमा १० पटक | गन्यापधुरा गाँउपालिका, शिक्षा शाखा र सम्बन्धित विद्यालय |
| ५) | प्रकोपले प्रभावित गर्ने सम्भावना भएको जानकारी प्राप्त भएमा विद्यालयमा पठनपाठन चलिरहेको बेला विद्यार्थी र शिक्षकले गर्ने कृयाकलापहरु समेटी आपतकालिन अवस्थाका लागि कार्यविधी बनाउने | निरन्तर | विद्यालयस्तरमा | प्रकोपमा आधारित रही १ पटक | गन्यापधुरा गाँउपालिका, शिक्षा शाखा र सम्बन्धित विद्यालय |

ज) शिघ्र पुर्नलाभ विषयत क्षेत्रको समान्य पुर्व तयारी योजना

| क्र. सं. | समान्य पुर्व तयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय संस्था |
|---|---|---|---|---|---|
| १) | बाढी, लगायतका अन्य प्रकोपहरुले असर नगर्ने सुरक्षित स्थानमा आपतकालिन प्रयोजनका लागि खानेपानी ट्यांकी, शौचालय व्यवस्था गर्ने | निरन्तर | गन्यापधुरा गाँउपालिकाका हरेक वडा स्तरमा | सबै वडामा | गन्यापधुरा गाँउपालिका, प्राविधक शाखा र सम्बन्धित विषयत क्षेत्रका सदस्यहरु |
| २) | अत्यावश्यक सेवाहरु (जस्तै: सडक, खानेपानी, विजुली आदि) अवरुद्ध भएमा सेवा सुचारु गर्न तत्काल परिचालनका लागि प्राविधक टोली गठन गर्ने र आवश्यक सामाग्रीको प्रबन्ध मिलाउने | निरन्तर | गन्यापधुरा गाउँपालिका र र गाउँपालिकाका हरेक वडा स्तरमा | गाँउपालिकामा १ र हरेक वडामा १/१ का दरले | गन्यापधुरा गाँउपालिका, प्राविधक शाखा र सम्बन्धित विषयत क्षेत्रका सदस्यहरु |
| ३) | विपद् हुनसक्ने अबस्थालाई ख्याल गरेर प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि स्वरोजगारमुखी कार्यक्रमहरु कार्यान्वयन गर्ने | निरन्तर | गन्यापधुरा गाउँपालिका र र गाउँपालिकाका हरेक वडा स्तरमा | गाँउपालिकामा १ र हरेक वडामा १/१ का दरले | गन्यापधुरा गाँउपालिका, कृषि तथा पशुपन्छी शाखा र सम्बन्धित विषयत क्षेत्रका सदस्यहरु |
| ४) | तत्काल अस्थायी टहरा वा शिविर व्यवस्थापन गर्नुपर्ने अबस्थाका लागि पुर्व तयारी गर्ने | निरन्तर | गन्यापधुरा गाउँपालिका र र गाउँपालिकाका हरेक वडा स्तरमा | गाँउपालिकामा १ र हरेक वडामा १/१ का दरले | गन्यापधुरा गाँउपालिका, योजना शाखा र सम्बन्धित विषयत क्षेत्रका सदस्यहरु |

# परिच्छेद-५

# पुर्वानुमानमा आधारित पुर्व तयारी योजना

प्रकोप आउने समय सिमा नजिक हुन थालेपछि वा प्रकोपको पुर्वानुमान प्राप्त भएपछि गरिने कृयाकलापहरुको योजना तर्जुमा देहाय बमोजिम गरिएको छ।

**क) सामाग्री व्यवस्थापन, सूचना, खोज तथा उद्धार विषयगत क्षेत्रको सामान्य पुर्व तयारी योजना**

| क्र. सं. | पुर्वानुमानमा आधारित पुर्व तयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय संस्था |
|---|---|---|---|---|---|
| १) | बर्षा र आँधी हावाहुरीको पुर्वानुमान सम्बन्धि जानकारी जल तथा मौसम विज्ञान विभाग र जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रबाट आदानप्रदान गर्ने | हरेक बर्ष माघदेखि असोज सम्म | गन्यापधुरा गाँउपालिका | दैनिक कम्तिमा १ पटक | गन्यापधुरा गाउँपालिका विपद् व्यवस्थापन शाखा |
| २) | अत्याधिक बर्षा भई बाढी आउन सक्ने अवस्था वा खराब मौसमको कारण हावाहुरी आउन सक्ने सम्भावना भएमा सूचना जारी गर्ने, आपतकालनि अवस्थामा अपनाउनुपर्ने कार्यविधीको सन्देश प्रशारण गर्ने | पुर्वानुमान प्राप्त भए लगत्तै | गन्यापधुरा गाँउकार्यपालिकाको कार्यालयमार्फत बस्तीसम्म पहुँच हुने गरेर | पुर्वानुमानको खबरपश्चात दैनिक रुपमा कम्तिमा ३ पटक | गन्यापधुरा गाउँपालिका विपद् व्यवस्थापन शाखा |
| ३) | विपद् हुनसक्ने सम्भावना देखिएमा सबै विषयगत क्षेत्रहरुलाई तयार अवस्थामा रहन आग्रह गर्ने | पुर्वानुमान प्राप्त भए लगत्तै | गन्यापधुरा गाँउ कार्यपालिकाको कार्यालय | सूचना प्राप्त भएपछि कम्तिमा १ पटक र आवश्यकता अनुसार थप | गन्यापधुरा गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति वा गाउँपालिका स्तरीय आपतकालिन कार्य सञ्चालन केन्द्र |
| ४) | विपद पुर्वानुमान अनरुप वडास्तरीय समितिलाई जानकारी गर्ने । प्रभावित हुन सक्ने समुदायलाई सुरक्षित स्थानमा सार्न आग्रह गर्ने, सघाउने | पुर्वानुमान प्राप्त भए लगत्तै | गन्यापधुरा गाउँपालिकाक्षेत्रभर | जोखिम रहेका सबै समुदायमा | गन्यापधुरा गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति वा गाँउपालिका स्तरीय आपतकालिन कार्य सञ्चालन केन्द्र |
| ५) | खोज तथा उद्धार टोली र क्षति सर्वेक्षण टोली तयार अवस्थामा राख्ने | पुर्वानुमान प्राप्त भए लगत्तै | गन्यापधुरा गाउँपालिकार हरेक वडा स्तरमा | प्रकोप अनुसार | गन्यापधुरा गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समिति |

ख) खाद्य तथा कृषि क्षेत्रको पुर्वानुमानमा आधारित पुर्व तयारी योजना

| क्र. सं. | पुर्वानुमानमा आधारित पुर्व तयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय संस्था |
|---|---|---|---|---|---|
| १) | गाँउ विपद् व्यवस्थापन समितिबाट विपद् हुनसक्ने सम्भावना भएको सूचना जारी भएमा यस विषयगत क्षेत्रका सदस्यहरुलाई प्रभावित स्थानमा परिचालनका लागि विषयत क्षेत्रको समन्वयात्मक बैठक बस्ने | पुर्वानुमानको जानकारी प्राप्त भए पश्चात | गन्यापधुरा गाउँपालिकास्तरमा | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार थप | गन्यापधुरा गाउँपालिका विपद् व्यवस्थापन समिति, कृषि शाखा र खाद्य तथा कृषि विषयगत समितिका सदस्यहरु |
| २) | विपद्को समयमा खाद्य सामाग्रीहरु विपद् प्रभावित स्थानमा लैजान सवारी साधन तयारी अवस्थामा राख्ने र भण्डारण गरिएका खाद्य सामाग्रीहरुको अवस्था निरिक्षण गर्ने | पुर्वानुमानको जानकारी प्राप्त भए पश्चात | गन्यापधुरा गाउँपालिकास्तरमा | प्रकोपको सिजन अनुसार | खाद्य तथा कृषि विषयगत समितिका सदस्यहरु |

**ग) स्वास्थ्य तथा पोषण क्षेत्रको पुर्वानुमानमा आधारित पुर्व तयारी योजना**

| क्र. सं. | पुर्वानुमानमा आधारित पुर्व तयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय संस्था |
|---|---|---|---|---|---|
| १) | विपद् हुनसक्ने सम्भावना भएको सूचना प्राप्त भएपछि आवश्यक परिचालनका लागि विषयत क्षेत्रको समन्वयात्मक बैठक आयोजना गरेर आपतकालिन योजना लागू गर्ने । | पुर्वानुमानको जानकारी प्राप्त भए पश्चात तत्कालै | गन्यापधुरा गाउँपालिका | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार थप | गन्यापधुरा गाउँपालिका स्वास्थ्य शाखा र विषयगत समितिका सदस्यहरु |
| २) | विपद् प्रभावित स्थानमा लैजाने औषधी तथा उपकरण्ण ठिक अवस्थामा भए नभएको निरिक्षण गर्ने | पुर्वानुमानको जानकारी प्राप्त भए पश्चात तत्कालै | गन्यापधुरा गाउँपालिका | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार थप | गन्यापधुरा गाउँपालिका स्वास्थ्य शाखा र विषयगत समितिका सदस्यहरु |
| ३) | प्राथमिक उपचार र स्वास्थ्य सेवा उपलब्ध गराउन जनशक्ति र सवारी साधन तयारी अवस्थामा राख्ने | पुर्वानुमानको जानकारी प्राप्त भए पश्चात तत्कालै | गन्यापधुरा गाउँपालिका | प्रकोपको सिजन अनुसार | गन्यापधुरा गाउँपालिका स्वास्थ्य शाखा र विषयगत समितिका सदस्यहरु |
| ४) | विपद् प्रतिकार्यको विषय क्षेत्रगत कृतिम घटना अभ्यास गरि कमजोरीहरुको निराकरण गर्ने | पुर्वानुमानको जानकारी प्राप्त भए पश्चात | गन्यापधुरा गाउँपालिका र हरेक वडा स्तरमा | मुख्य प्रकोपको आधारमा कम्तिमा बार्षिक १ पटक | गन्यापधुरा गाउँपालिका स्वास्थ्य शाखा र विषयगत समितिका सदस्यहरु |

**घ) खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको पुर्वानुमानमा आधारित पुर्व तयारी योजना**

| क्र. सं. | पुर्वानुमानमा आधारित पुर्व तयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय संस्था |
|---|---|---|---|---|---|
| १) | विपद् हुनसक्ने सम्भावना भएको सूचना जारी भएमा यस विषयत क्षेत्रका सदस्यहरुलाई प्रभावित स्थानमा परिचालनका लागि विषयत क्षेत्रको समन्वयात्मक बैठक बस्ने | पुर्वानुमानको जानकारी प्राप्त भए पश्चात तत्कालै | गन्यापधुरा गाउँपालिका | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार थप | गन्यापधुरा गाउँपालिका सामाजिक विकास शाखा र विषयगत समितिका सदस्यहरु |
| २) | खानेपानी शुद्धीकरणका लागि प्रयाप्त औषधी तथा प्रविधीको व्यवस्था गर्ने, तुरुन्त प्रयोग गर्न सक्नेगरि तयारी अवस्थामा राख्ने | पुर्वानुमानको जानकारी प्राप्त भए पश्चात तत्कालै | गन्यापधुरा गाउँपालिका | प्रकोपको सिजन अनुसार | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुरासँगको समन्वयमा विषयगत समितिका सदस्यहरु |
| ३) | सरसफाईका लागि परिचालन हुन आवश्यक सवारी साधन उपकरणहरु तयारी अवस्थामा राख्ने | पुर्वानुमानको जानकारी प्राप्त भए पश्चात तत्कालै | गन्यापधुरा गाउँपालिका | प्रकोपको सिजन अनुसार | सरसफाई इकाई, गन्यापधुरा गाँउपालिका |
| ४) | विपद् प्रभावित स्थानमा खानेपानी वितरण र सरसफाईका लागि परिचालित हुन विषयगत क्षेत्रका सदस्यहरुलाई तयारी अवस्थामा राख्ने | पुर्वानुमानको जानकारी प्राप्त भए पश्चात तत्कालै | गन्यापधुरा गाउँपालिका | प्रकोपको सिजन अनुसार | सामाजिक विकास शाखा, गन्यापधुरा गाउँपालिका र विषयत क्षेत्रका सदस्यहरु |

**ङ) आपतकालिन आश्रय र गैर खाद्य क्षेत्रको पुर्वानुमानमा आधारित पुर्व तयारी योजना**

| क्र. सं. | पुर्वानुमानमा आधारित पुर्व तयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय संस्था |
|---|---|---|---|---|---|
| १) | विपद् हुनसक्ने सम्भावना भएको सूचना जारी भएमा यस विषयत क्षेत्रका सदस्यहरुलाई प्रभावित स्थानमा परिचालनका लागि विषयत क्षेत्रको समन्वयात्मक बैठक बस्ने | पुर्वानुमानको जानकारी प्राप्त भए पश्चात | गन्यापधुरा गाउँपालिका | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार थप | गाँउपालिका स्तरीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाईटी र विषयगत समितिका सदस्यहरु |
| २) | अवस्था हेरि गाँउपालिका क्षेत्रका १०० जनालाई करिब ३ दिनसम्म राख्न सक्नेगरि आपतकालिन आश्रयस्थल तयारी अवस्थामा राख्ने | तत्कालै | गन्यापधुरा गाउँपालिका र हरेक वडा स्तरमा | प्रकोप अनुसार | गन्यापधुरा गाँउपालिका, नेपाल रेडक्रस सोसाईटी र विषयगत क्षेत्रका सदस्यहरु |
| ३) | अस्थायी आश्रयस्थल वा आवास निर्माणका सामाग्रीहरु तथा औजारहरु तयारी अवस्थामा राख्ने | पुर्वानुमानको जानकारी प्राप्त भए पश्चात | गन्यापधुरा गाउँपालिका | प्रकोपको सिजन अनुसार | गन्यापधुरा गाँउपालिका, नेपाल रेडक्रस सोसाईटी र विषयगत क्षेत्रका सदस्यहरु |
| ४) | अस्थायी आश्रय वा आवास निर्माण सामाग्री तथा औजारहरु ढुवानीका लागि सवारी साधन निर्माण, जनशक्ति तयारी अवस्थामा राख्ने | पुर्वानुमानको जानकारी प्राप्त भए पश्चात | गन्यापधुरा गाउँपालिका | प्रकोपको सिजन अनुसार | गन्यापधुरा गाँउपालिका, नेपाल रेडक्रस सोसाईटी र विषयगत क्षेत्रका सदस्यहरु |

ङ) आपतकालिन आश्रय र गैर खाद्य क्षेत्रको पुर्वानुमानमा आधारित पुर्व तयारी योजना

| क्र. सं. | पुर्वानुमानमा आधारित पुर्व तयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय संस्था |
|---|---|---|---|---|---|
| १) | विपद् हुनसक्ने सम्भावना भएको सूचना जारी भएमा यस विषयत क्षेत्रका सदस्यहरुलाई प्रभावित स्थानमा परिचालनका लागि विषयत क्षेत्रको समन्वयात्मक बैठक बस्ने | पुर्वानुमानको जानकारी प्राप्त भए पश्चात | गन्यापधुरा गाउँपालिकाा | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार थप | गाँउपालिका स्तरीय विपद् व्यवस्थापन समिति, महिला विकास शाखा र विषयगत समितिका सदस्यहरु |
| २) | विपद्जन्य घटनाबाट प्रभावितलाई परामर्श सेवा दिन परामर्श टोली तयार अवस्थामा राख्ने | पुर्वानुमानको जानकारी प्राप्त भए पश्चात | गन्यापधुरा गाउँपालिका | प्रकोपको सिजन अनुसार | महिला विकास शाखा र विषयगत समितिका सदस्यहरु |
| ३) | विपद् प्रभावित स्थान वा शिविर सञ्चालन भएको स्थानमा लैजाने सरसमानहरु जस्तैः डिक्निटी किट) तयारी अवस्थामा राख्ने | पुर्वानुमानको जानकारी प्राप्त भए पश्चात | गन्यापधुरा गाउँपालिका | प्रकोपको सिजन अनुसार | महिला विकास शाखा र विषयगत समितिका सदस्यहरु |
| ४) | सम्भावित आश्रयस्थलहरुको पहिचान गरेर तयारी अबस्थामा राख्ने | पुर्वानुमानको जानकारी प्राप्त भए पश्चात | गन्यापधुरा गाउँपालिका | प्रकोपको सिजन अनुसार | महिला विकास शाखा र विषयगत समितिका सदस्यहरु |

छ) आपतकालिन शिक्षा क्षेत्रको पुर्वानुमानमा आधारित पुर्व तयारी योजना

| क्र. सं. | पुर्वानुमानमा आधारित पुर्व तयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय संस्था |
|---|---|---|---|---|---|
| १) | विपद् हुनसक्ने सम्भावना भएको सूचना जारी भएमा यस विषयत क्षेत्रका सदस्यहरुलाई प्रभावित स्थानमा परिचालनका लागि विषयत क्षेत्रको समन्वयात्मक बैठक बस्ने । | पुर्वानुमानको जानकारी प्राप्त भए पश्चात | गन्यापधुरा गाउँपालिका | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार थप | गाँउपालिका स्तरीय विपद् व्यवस्थापन समिति, शिक्षा शाखा, गन्यापधुरा गाउँपालिकार विषयगत समितिका सदस्यहरु |
| २) | सबै विद्यालयहरुलाई शिक्षण सामाग्रीहरु सुरक्षित ठाँउमा राख्न अनुरोध गर्ने । | समन्वयात्मक बैठक पश्चात | विद्यालय स्तरमा | प्रकोपको सिजन अनुसार | शिक्षा शाखा, गन्यापधुरा गाउँपालिकार विषयगत समितिका सदस्यहरु |
| ३) | विपदुको समयमा अपनाउनुपर्ने सावधानी, सुरक्षाका उपाय तथा अनुशासनका बारेमा विद्यार्थीलाई सचेत गर्ने । | तत्काल | विद्यालय स्तरमा | प्रकोपको सिजन अनुसार | शिक्षा शाखा, गन्यापधुरा गाँउपालिका, सम्बन्धि विद्यालयहरु र विषयगत समितिका सदस्यहरु |
| ४) | विपद्को समयमा पठनपाठन निरन्तर गर्न आवश्यक तयारी गर्ने । | तत्काल | गन्यापधुरा गाउँपालिका | प्रकोपको सिजन अनुसार | शिक्षा शाखा, गन्यापधुरा गाँउपालिका, सम्बन्धित विद्यालयहरु र विषयगत समितिका सदस्यहरु |

ज) सिघ्र पुर्नलाभ क्षेत्रको पुर्वानुमानमा आधारित पुर्व तयारी योजना

| क्र. सं. | पुर्वानुमानमा आधारित पुर्व तयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय संस्था |
|---|---|---|---|---|---|
| १) | विपद् हुनसक्ने सम्भावना भएको सूचना जारी भएमा यस विषयत क्षेत्रका सदस्यहरुलाई प्रभावित स्थानमा परिचालनका लागि विषयत क्षेत्रको समन्वयात्मक बैठक बस्ने | पुर्वानुमानको जानकारी प्राप्त भए पश्चात | गन्यापधुरा गाउँपालिका | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार थप | गाँउपालिका स्तरीय विपद् व्यवस्थापन समिति, प्राविधिक शाखा, गन्यापधुरा गाउँपालिकार विषयगत समितिका सदस्यहरु |
| २) | अत्यावश्यक सेवा सुचारु गर्नका लागि भण्डारण गरिएको आवश्यक सामाग्री तथा उपकरणहरु निर्धारण गर्ने र दक्ष जनशक्ति तयारी अवस्थामा राख्ने | पुर्वानुमानको जानकारी प्राप्त भए पश्चात | गन्यापधुरा गाउँपालिका | प्रकोपको सिजन अनुसार | गाँउपालिका स्तरीय विपद् व्यवस्थापन समिति, प्राविधिक शाखा, गन्यापधुरा गाउँपालिकार विषयगत समितिका सदस्यहरु |
| ३) | सर्वेक्षण टोलीमा समावेश हुने ब्यक्तिलाई तयारी अवस्थामा रहन अनुरोध गर्ने | पुर्वानुमानको जानकारी प्राप्त भए पश्चात | गन्यापधुरा गाउँपालिका | प्रकोपको सिजन अनुसार | गाँउपालिका स्तरीय विपद् व्यवस्थापन समिति, प्राविधिक शाखा, गन्यापधुरा गाउँपालिकार विषयगत समितिका सदस्यहरु |
| ४) | तत्काल पुर्नलाभ हुने किसिमका कृयाकलापहरुको योजना तर्जुमा गरेर कार्यान्वयन गर्ने | पुर्वानुमानको जानकारी प्राप्त भए पश्चात | गन्यापधुरा गाउँपालिका | प्रकोपको सिजन अनुसार | गाँउपालिका स्तरीय विपद् व्यवस्थापन समिति, प्राविधिक शाखा, गन्यापधुरा गाउँपालिकार विषयगत समितिका सदस्यहरु |

# परिच्छेद-६

# आपतकालिन प्रतिकार्य योजना

कुनै पनि प्रकोपबाट सिर्जित विपद्मा प्रतिकार्य गर्नका लागि गन्यापधुरा गाँउपालिकामा गठित सम्पुर्ण विषयगत क्षेत्रहरु प्रभावकारी रुपमा परिचालन गर्दै विपद् प्रभावित समुदायलाई स्थानीय सरकारको प्रत्याभुती दिन तपसिल बमोजिमका प्रतिकार्य सम्बन्धित कृयाकलापहरु तर्जुमा गरिएको छ।

**क) सामाग्री व्यवस्थापन, सूचना, खोज तथा उद्धार विषयगत क्षेत्रको आपतकालिन प्रतिकार्य योजना**

| क्र. सं. | प्रतिकार्य सम्बन्धि कृयाकलापहरु | समय | मुख्य जिम्मेवार निकाय संस्था |
|---|---|---|---|
| १) | विपद्जन्य घटना हुनसक्ने एकिन भएपछि गाँउपालिका स्तरीय विपद् व्यवस्थापन समितिको बैठक बस्ने।<br>प्रकोपले असर गर्नसक्ने समुदायलाई सुरक्षित स्थानमा बस्न, सार्नका लागि तत्कालै अनुरोध गर्ने। | पुर्वानुमान प्राप्त भएपछि<br>तत्काल | गन्यापधुरा गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति |
| २) | जोखिममा रहेका समुदाय र उनीहरुको जिन्सी तथा नगद सम्पत्ती र सरसमानहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नका लागि सुरक्षा निकाय र खोज तथा उद्धार टोली/ कार्यदल परिचालन गर्ने | पुर्वानुमान प्राप्त भएपछि तत्काल | गन्यापधुरा गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति |
| ३) | विपद्मा परि घाईते भएकालाई उद्धार गर्ने र हराई रहेका ब्यक्तिहरुको तथ्यांक तयार गरेर खोजी कार्य जारी गर्ने | विपद्को समयमा | सुरक्षा निकाय, खोज तथा उद्धार कार्यदल र स्वयम्सेवकहरु |
| ४) | सर्वेक्षण टोली परिचालन भई तत्कालै घटनाको अवलोकन निरिक्षण गर्ने र घटनाको अवस्थाको बारेमा गाँउपालिका स्तरीय विपदु व्यवस्थापन समितिलाई जानकारी गर्ने साथै प्रारम्भीक द्रुत लेखाजोखा (Intial Rapid Assessment-IRA) को प्रतिवेदन पेश गर्ने | विपद्को समयमा | सुरक्षा निकाय, खोज तथा उद्धार कार्यदल र स्वयम्सेवकहरु |
| ५) | विपद्बाट यदि कसैको मृत्यु भएमा सो को तथ्यांक तथा विस्तृत लागत कायम गरि सनाखत गर्ने व्यवस्था मिलाउने, शव हस्तान्तरण गर्ने। | विपद्को समयमा | गन्यापधुरा गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति |

| | | | |
|---|---|---|---|
| ६) | घटनाको परिस्थतीका आधारमा पीडित समुदायलाई सम्भाव्य थप जोखिमबाट बचाउन र सहयोग पुऱ्याउन अन्य विषयगत क्षेत्रहरु, सरोकारवाला निकायहरुसँग समन्वय गर्ने । | विपद् पश्चात | गन्यापधुरा गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति |
| ७) | विस्तृत सर्वेक्षण गरि सबै विषयतगत क्षेत्रहरुमा भएका क्षति, प्रभावित अवस्था र तत्काल गर्नुपर्ने कार्यहरु समेटी सुझावसहितको प्रतिवेदन गन्यापधुरा गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समितिमा प्रस्तुत गर्ने । | विपद् पश्चात | सर्वेक्षण टोली |
| ८) | विपद् पुर्व तयारी तथा प्रतिकार्य सम्बन्धि कार्यको समिक्षा तथा योजना तर्जुमा बैठक बस्ने ।<br>तयार गरिएको योजना प्रभावकारी रुपमा लागू गर्ने, गराउने । | आवश्यकता अनुसार | गन्यापधुरा गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति र विषयत समितिका सदस्यहरु |
| ९) | विस्थापित भई शिविरमा बसेका, छरछिमेकी वा आफन्तको घरमा आश्रय लिएका, घर गोठ पुर्ण रुपमा नष्ट भएका, आफन्त गुमाएका, घाईते भएकाहरुलाई स्वीकृत मापदण्ड बमोजिम रकम उपलब्ध गराउने । | विपद् पश्चात तत्कालै | गन्यापधुरा गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति |
| १०) | विपद्को प्राकृतिक अवस्था अनुसार संकटकाल घोषणा गर्नुपर्ने स्थिति भएमा जिल्ला विपद् व्यवस्थापन समितिसँग अनुरोध/सिफारिस गर्ने । | विपद् पश्चात | गन्यापधुरा गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति |
| ११) | विपद् प्रभावित स्थान कार्य सञ्चालन तथा समन्वय केन्द्र स्थापना गर्ने । | आवश्यकता अनुसार | गन्यापधुरा गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति र सरोकारवाला निकायहरु |
| १२) | बहुक्षेत्रीय प्रारम्भिक द्रुत लेखाजोखा (MIRA) गर्ने । | विपद् पश्चात | सर्वेक्षण टोली |

**ख) खाद्य तथा कृषि क्षेत्रको आपतकालिन प्रतिकार्य योजना**

| क्र. सं. | प्रतिकार्य सम्बन्धि कृयाकलापहरु | समय | मुख्य जिम्मेवार निकाय संस्था |
|---|---|---|---|
| १) | सर्वेक्षण टोलीमा प्रतिनिधी पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचानमा सहयोग गर्ने । | विपद् पश्चात तत्काल | कृषि शाखा, गन्यापधुरा गाउँपालिका र विषयगत क्षेत्रका सदस्यहरु |
| २) | विपद्बाट प्रभावित भएका ब्यक्तिहरुलाई उपयुक्त खानेकुरा वितरण गर्ने । | विपद्को पहिलो दिन | विषयगत क्षेत्रका सदस्यहरु |
| ३) | सर्वेक्षण टोलीको प्रतिवेदनको आधारमा खाद्य सामाग्री व्यवस्था गर्ने र पुर्व निर्धारित मापदण्ड बमोजिम वितरण गर्ने । | दोस्रो दिनदेखि निरन्तर | कृषि शाखा, गन्यापधुरा गाउँपालिका र विषयगत क्षेत्रका सदस्यहरु |
| ४) | भण्डारण गरिएको खाद्य सामाग्री वितरणका लागि अपुग हुने सम्भावना भएमा तत्काल खरिद, आपुर्तीको व्यवस्था मिलाउने । | तेस्रो दिन देखि निरन्तर | कृषि शाखामार्फत गाउँ पालिका स्तरीय विपद् व्यवस्थापन समिति |
| ५ | गन्यापधुरा गाउँपालिकाको क्षमता बाहिरको अवस्थामा भएमा अध्यक्षले थप सहयोगका लागि जिल्ला तथा प्रदेश विपद् व्यवस्थापन समितिमा जानकारी गर्ने र सहयोग उपलब्ध गराउन अनुरोध गर्ने । | विपद् पश्चात आवश्यकता हेरेर | अध्यक्ष वा तोकिएको अधिकारी |
| ६) | थप खाद्य सामाग्रीका लागि मानविय कार्यक्रममा संलग्न निकायहरुसँग समन्वय गर्ने र सहयोग उपलब्ध गराउनका लागि अनुरोध गर्ने । | निरन्तर | कृषि शाखामार्फत गाउँ स्तरीय विपद् व्यवस्थापन समिति |
| ७) | खाद्य सामाग्री वितरणमा आईपरेका समस्या तथा चुनौतीहरुको विषयमा विषयगत क्षेत्रका सदस्यहरुबीच समिक्षा बैठक गर्ने र निष्कर्ष गन्यापधुरा गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समितिमा पेश गर्ने । | निरन्तर | कृषि शाखामार्फत गाउँ स्तरीय विपद् व्यवस्थापन समिति |

ग) स्वास्थ्य तथा पोषण क्षेत्रको आपतकालिन प्रतिकार्य योजना

| क्र. सं. | प्रतिकार्य सम्बन्धि कृयाकलापहरु | समय | मुख्य जिम्मेवार निकाय संस्था |
|---|---|---|---|
| १) | सर्वेक्षण टोलीमा प्रतिनिधी पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | विपद् पश्चात | स्वास्थ्य शाखा, गन्यापधुरा गाउँपालिका र विषयगत क्षेत्रका सदस्यहरु |
| २) | विपद्को घटनामा घाईते भएकाहरुको प्राथमिक उपचार गर्ने । | आवश्यकता अनुसार | गन्यापधुरा गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति मार्फत स्वास्थ्य टोली |
| ३) | विपद् प्रभावित वा अस्थायी शिविर स्थापना गरिएको स्थानमा उपचार हुन नसक्ने घाईतेहरुलाई नजिकको स्वास्थ्य केन्द्र वा अस्पताल लैजान सिफारिस गर्ने । | आवश्यकता अनुसार | गन्यापधुरा गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति मार्फत स्वास्थ्य टोली |
| ४) | महामारी रोकथाम र व्यक्तिगत सरसफाई कायम राख्न शिविर तथा आश्रयस्थलमा बसेकाहरुलाई स्वास्थ्य शिक्षा प्रदान गर्ने । | आवश्यकता अनुसार | गन्यापधुरा गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति मार्फत स्वास्थ्य टोली |
| ५) | विपद् प्रभावित स्थानमा स्वास्थ्य शिविर खडा गर्ने । | आवश्यकता अनुसार | गन्यापधुरा गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति मार्फत स्वास्थ्य टोली |
| ६) | सुत्केरी, गर्भवती महिलाहरु, शिशु, बालबालिका तथा वृद्धवृद्धाहरुलाई आवश्यकता अनुसार स्वास्थ्य सेवा प्रदान गर्ने । | आवश्यकता अनुसार | गन्यापधुरा गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति मार्फत स्वास्थ्य टोली |
| ७) | बालबालिकामा कुपोषण हुन सक्ने सम्भावना देखिएमा पोषणयुक्त खानेकुरा वितरणका लागि खाद्य विषयगत क्षेत्रलाई सल्लाह दिने । | आवश्यकता अनुसार | स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रका सदस्यहरु |

**घ) खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको आपतकालिन प्रतिकार्य योजना**

| क्र. सं. | प्रतिकार्य सम्बन्धि कृयाकलापहरु | समय | मुख्य जिम्मेवार निकाय संस्था |
|---|---|---|---|
| १) | सर्वेक्षण टोलीमा प्रतिनिधी पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | विपद् पश्चात तत्कालै | सामाजिक विकास शाखा, गन्यापधुरा गाउँपालिका र विषयगत क्षेत्रका सदस्यहरु |
| २) | विपद् प्रभावित स्थान वा शिविर सञ्चालन भएको स्थलमा शुद्ध खानेपानीको प्रबन्ध गर्ने । | विपद् पश्चात तत्कालै | खानेपानी तथा सरररसफाई डिभजिन कार्यालय डडेल्धुरासँगको सहकार्य समन्वयमा विषयगत क्षेत्रका सदस्यहरु |
| ३) | विपद्का कारण सिर्जित फोहर व्यवस्थापनको कार्य गर्ने । | विपद् पश्चात तत्कालै | सरसफाई इकाई, गन्यापधुरा गाँउपालिका |
| ४) | खानेपानी शुद्धीकरणका लागि आवश्यक औषधी, ब्यक्तिगत सरसफाईका लागि हाईजिन किट वितरण गर्ने र सरसफाई तथा स्वच्छता कायम गर्ने सम्बन्धि चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने । | विपद् पश्चात तत्कालै | खानेपानी तथा सरररसफाई डिभजिन कार्यालय डडेल्धुरासँगको समन्वय सहकार्यमा विषयगत क्षेत्रका सदस्यहरु |
| ५) | प्रभावित क्षेत्रको खानेपानी गुणस्तर परिक्षण तथा प्रशोधनको व्यवस्था मिलाउने । | २४ घण्टा देखि ७२ घण्टा सम्म | सामाजिक विकास शाखा, गन्यापधुरा गाउँपालिकार विषयगत क्षेत्रका सदस्यहरु |
| ६) | क्याम्प/समुदाय, विद्यालय, स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको अवस्थाको लेखाजोखा गरी सोको व्यवस्थापन गर्ने । | २४ घण्टा देखि ४८ घण्टा सम्म | सामाजिक विकास शाखा, गन्यापधुरा गाउँपालिकार विषयगत क्षेत्रका सदस्यहरु |
| ७) | विपद् प्रतिकार्यमा आईपरेका समस्या तथा सिकाईहरुका बारेमा विषयत क्षेत्रका सदस्यहरुबीच समिक्षा बैठक बस्ने । | विपद् पश्चात तत्कालै | सामाजिक विकास शाखा, गन्यापधुरा गाउँपालिकार विषयगत क्षेत्रका सदस्यहरु |

**ङ) आपतकालिन आश्रयस्थल र गैर खाद्य क्षेत्रको आपतकालिन प्रतिकार्य योजना**

| क्र. सं. | प्रतिकार्य सम्बन्धि कृयाकलापहरु | समय | मुख्य जिम्मेवार निकाय संस्था |
|---|---|---|---|
| १) | सर्वेक्षण टोलीमा प्रतिनिधी पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | विपद् पश्चात तत्कालै | गन्यापधुरा गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति मार्फत विषयगत क्षेत्रका सदस्यहरु |
| २) | विपद् प्रभावित समुदायले निर्धारण गरेको सुरक्षित स्थलको पहिचान गरि आश्रय या वासको लागि अस्थायी संरचना निर्माण गर्ने । | विपद् पश्चात तत्कालै | ,, ,, |
| ३) | अस्थायी संरचना निर्माणका लागि थप सामाग्री वा औजारहरु आवश्यक भएमा अध्यक्षज्युसँग सल्लाह गरि आवश्यक थप परिमाण जुटाउने । | विपद् पश्चात | गन्यापधुरा गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति मार्फत नेपाल रेडक्रस सोसाईटी र विषयगत क्षेत्रका सदस्यहरु |
| ४) | आबश्यक गैर खाद्य सामाग्रीहरुको व्यवस्था र वितरण गर्ने । | आवश्यकता अनुसार | गन्यापधुरा गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति मार्फत विषयगत क्षेत्रका सदस्यहरु |
| ५) | शेल्टर, स्वस्थ्य एवं पोषण जस्ता क्लस्टर सँग समन्वय गरि थप हुन सक्ने विपत को सूचना आदान प्रदान गर्ने । | २४ घण्टा देखि ४८ घण्टा सम्म | ,, ,, |
| ६) | विपद् प्रतिकार्यमा आईपरेका समस्या तथा सिकाईहरुको बारेमा विषयगत क्षेत्रका सदस्यहरुबीच समिक्षा बैठक बस्ने । | निरन्तर | ,, ,, |

च) संरक्षण तथा सुरक्षा क्षेत्रको आपतकालिन प्रतिकार्य योजना

| क्र. सं. | प्रतिकार्य सम्बन्धि कृयाकलापहरु | समय | मुख्य जिम्मेवार निकाय संस्था |
|---|---|---|---|
| १) | सर्वेक्षण टोलीमा प्रतिनिधी पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | विपद् पश्चात तत्कालै | महिला विकास शाखा, गन्यापधुरा गाउँपालिका र विषयगत क्षेत्रका सदस्यहरु |
| २) | गर्भवती महिला, सुत्केरी महिला, बालबालिका, अपांगता भएका ब्यक्तिहरु र वृद्धवृद्धाको अबस्थाको आवश्यकता अनुसार सहयोग गर्ने । | विपद् पश्चात सकेसम्म छिटो | महिला विकास शाखा, गन्यापधुरा गाउँपालिका र विषयगत क्षेत्रका सदस्यहरु |
| ३) | महिला, गर्भवती महिला, सुत्केरी महिला, बालबालिका, अपांगता भएका ब्यक्तिहरु र वृद्धवृद्धाको लागि आवश्यक सामाग्रीको सुँची तयार गर्ने, सामाग्री जुटाएर वितरण गर्ने । | विपद् पश्चात तत्काल र निरन्तर | महिला विकास शाखा, गन्यापधुरा गाउँपालिका र विषयगत क्षेत्रका सदस्यहरु |
| ४) | विशिष्ट आवश्यकता अनुसार सामाग्री (जस्तैः डिक्निटी किट) वितरण गर्ने । | विपद पश्चात | महिला विकास शाखा, गन्यापधुरा गाँउपालिका |
| ५) | विपद्का घटनाबाट मानसिक रुपमा प्रभावित ब्यक्ति र परिवारका सदस्य गुमाएका ब्यक्तिहरुलाई परिस्थितीको आकलन गरि मनोसमाजिक परामर्श सेवा उपलब्ध गराउने । | विपद पश्चात तत्कालै र निरन्तर | महिला विकास शाखा, गन्यापधुरा गाउँपालिका र विषयगत क्षेत्रका सदस्यहरु |
| ६) | पूर्वानुमानका साथै पूर्व सूचना प्रणाली, सुरक्षा तथा सामग्री र उपकरणको व्यवस्थापन गर्ने । | निरन्तर | ,, ,, |
| ७) | अस्थायी आपत्कालिन आश्रयस्थल र केन्द्र आवश्यकता अनुसार स्रोत सामाग्रीको आँकलन र नपुग सामाग्रीको जोहो गर्ने । | निरन्तर | ,, ,, |
| ८) | विपद् कार्यमा आईपरेका समस्या तथा सिकाईहरुको बारेमा विषयगत क्षेत्रका सदस्यहरुबीच समिक्षा बैठक बैठक बस्ने । | विपद पश्चात तत्कालै र निरन्तर | महिला विकास शाखा, गन्यापधुरा गाउँपालिका र विषयगत क्षेत्रका सदस्यहरु |

छ) **आपतकालिन शिक्षा क्षेत्रको आपतकालिन प्रतिकार्य योजना**

| **क्र. सं.** | **प्रतिकार्य सम्बन्धि कृयाकलापहरु** | **समय** | **मुख्य जिम्मेवार निकाय संस्था** |
|---|---|---|---|
| १) | सर्वेक्षण टोलीमा प्रतिनिधी पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | विपद् पश्चात तत्कालै | शिक्षा शाखा, गन्यापधुरा गाउँपालिका र विषयगत क्षेत्रका सदस्यहरु |
| २) | प्रकोपबाट प्रभावित विद्यालयको सुँची तयारगरि सम्बन्धित विद्यालयका विद्यार्थीहरुले गुमाएका पठनपाठन सामाग्रीहरुको विवरण तयार गर्ने । | विपद् पश्चात तत्कालै | शिक्षा शाखा, गन्यापधुरा गाउँपालिका र विषयगत क्षेत्रका सदस्यहरु |
| ३) | यदि विद्यालय ३ दिनभन्दा बढि बन्द हुने अबस्थामा भएमा आपतकालिन शिक्षाका लागि आवश्यक सबै प्रबन्ध मिलाउने । | विपद् पश्चात आवश्यकता हेरेर | शिक्षा शाखा, गन्यापधुरा गाउँपालिका र विषयगत क्षेत्रका सदस्यहरु |
| ४) | आपतकालिन शिक्षाका लागि सरसमानको व्यवस्था गरि पठनपाठन सुचारु गर्ने । | विपद् पश्चात | शिक्षा शाखा, गन्यापधुरा गाउँपालिका र विषयगत क्षेत्रका सदस्यहरु |
| ५) | विद्यालयहरूको जोखिमको आधारमा वर्गिकरण गर्दै सुरक्षा योजना तयार गर्ने, आकश्मिक योजना बनाउने र सुरक्षाका उपायबारे योजना बनाउने । | निरन्तर | शिक्षा शाखा, गन्यापधुरा गाउँपालिका र विषयगत क्षेत्रका सदस्यहरु |
| ६) | एसएमएस, व्लग, अनलाइन समाचार तथा लेख लगायतका सामग्रीहरु उत्पादन, तयार, प्रकाशन तथा प्रसारण गर्ने साथै सन्देशहरु तयार गरी एफएम रेडियो, टेलिभिजन, केबुल नेटवर्क, अनलाइन पोर्टल, पत्रपत्रिका जस्ता आम सञ्चारमाध्यमबाट व्यापक रुपमा प्रसारण गर्ने । | निरन्तर | शिक्षा शाखा, गन्यापधुरा गाउँपालिका र विषयगत क्षेत्रका सदस्यहरु |
| ७) | समिक्षा बैठक बसेर तत्कालिन आवश्यकता अनुसार योजना तर्जुमा गरि कार्यान्वयन गर्ने । | उपयुक्त समयमा | शिक्षा शाखा, गन्यापधुरा गाउँपालिका र विषयगत क्षेत्रका सदस्यहरु |

ज) सिघ्र पुर्नलाभ क्षेत्रको आपतकालिन प्रतिकार्य योजना

| क्र. सं. | प्रतिकार्य सम्बन्धि कृयाकलापहरु | समय | मुख्य जिम्मेवार निकाय संस्था |
|---|---|---|---|
| १) | सर्वेक्षण टोलीमा प्रतिनिधी पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने । | विपद् पश्चात तत्कालै | योजना शाखा, विपद् व्यवस्थापन शाखा , प्राविधिक शाखा, गन्यापधुरा गाउँपालिका र विषयगत क्षेत्रका सदस्यहरु |
| २) | भौतिक संरचना नोक्सान भई सेवा अवरुद्ध भएको स्थान पहिचान गरेर तथ्यांक संकलन गर्ने र तत्काल सुचारु गर्नुपर्ने सेवाहरु प्राथमिकरण गर्ने । | विपद् पश्चात | गन्यापधुरा गाउँपालिका र विषयगत क्षेत्रका सदस्यहरु |
| ३) | सार्वजनिक सेवा अवरुद्ध भएका भौतिक संरचनाहरुको मर्मत सम्भारका लागि टोली परिचालन गर्ने । | विपद् पश्चात | गन्यापधुरा गाउँपालिका र विषयगत क्षेत्रका सदस्यहरु |
| ४) | प्रभावित क्षेत्रमा श्रममा आधारित नगद कार्यक्रम स्थानीय पूर्वाधार निर्माण एवं जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्ने । | विपद्को एक महिना भित्र | योजना शाखा |
| ५) | तत्कालिन पुनर्स्थापनाको लागि आवश्यक लेखाजोखा तथा विश्लेषण गरी विस्थापितहरूको बसोवास र तत्कालिन जिविकोपार्जन जस्ता प्रमुख क्षेत्रको विकास कार्यलाई अघि बढाउने । | विपद्को १५ दिन देखि ३ महिनासम्म | महिला तथा बालबालिका शाखा, कृषि तथा पशुपन्छी विकास शाखा |
| ६) | तत्काल जिविकोपार्जनको लागि आवश्यक पर्ने सीपमूलक तालिमहरू, आवश्यक सामाग्रीहरू, विउ विजनहरू वितरण गर्ने । | विपद्को ३ महिना देखि ६ महिनाभित्र | कृषि तथा पशुपन्छी विकास शाखा र विषयगत क्षेत्रका सदस्यहरु |
| ७) | प्रभावित घरपरिवारलाई मौसमप्रतिरोधि बालीनाली लगाउन कृषि सामग्री सहयोग गर्ने । | विपद्को १ महिना देखि ६ महिना भित्र | कृषि तथा पशुपन्छी विकास शाखा र विषयगत क्षेत्रका सदस्यहरु |
| ८) | विपद् प्रतिकार्यमा आईपरेका समस्या तथा सिकाईहरुको बारेमा विषयगत क्षेत्रका सदस्यहरुबीच समिक्षा बैठक बस्ने र निष्कर्षका आधारमा थप कार्यहरु गर्ने । | विपद् पश्चात | योजना शाखा, विपद् व्यवस्थापन शाखा , प्राविधिक शाखा, गन्यापधुरा गाउँपालिका र विषयगत क्षेत्रका सदस्यहरु |

ज) सिघ्र पुर्नलाभ क्षेत्रको प्रतिकार्य योजना

| | | | |
|---|---|---|---|
| ९) | गल्छी पहिरो नियन्त्रण, संरक्षण पोखरी, पहिरो रोकथाम, सिँचाई कुलो सुधार, खोला किनारा संरक्षण, पानी मुहान संरक्षण, भूक्षय नियन्त्रण, बाटो मर्मत कार्यक्रमहरू कार्यान्वयन गर्ने । | विपद्को ३ महिना भित्र | योजना शाखा र विषयगत क्षेत्रका सदस्यहरु |
| १०) | बाढी एंव पहिरोबाट प्रभावित परिवारका पशुपंक्षीका लागि पशु स्वास्थ्य शिविर सञ्चालन गर्ने र कृषि सम्बन्धि सेवा तथा सामग्री उपलब्ध गर्ने । | विपद्को ३ महिना भित्र | कृषि तथा पशुपन्छी विकास शाखा र विषयगत क्षेत्रका सदस्यहरु |
| ११) | विपद् प्रभावितहरूको लागि अनुदान तथा ऋृण वितरण गर्न वित्तिय संस्थाहरूसंग समन्वय गर्ने । | विपद् पश्चात तुरुन्त शुरु गर्ने | गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति |
| १२ | विपद् प्रभावितहरूको लागि अस्थायी आवास निर्माण गर्न आवास क्लष्टरसंग समन्वय गरी आवश्यक समाग्रीहरू सहयोग गर्ने । | विपद् पश्चात तुरुन्त शुरु गर्ने | गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति |
| १३ | विपद् प्रभावितका लागि खानेपानी तथा सरसफाइ व्यवस्थापनको लागि सम्वन्धित क्लस्टरसंग समन्वय सहकार्य गर्ने । | विपद्पश्चात तुरुन्त शुरु गर्ने | गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति |
| १४) | शीघ्र पुनर्लाभका कार्यक्रमहरूमा स्थानीय सीप, श्रोतसाधन र स्थानीयहरूको सहभागिता वृद्धि गर्ने । | विपद्को १ महिना देखि ३ महिना भित्र | गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति |
| १५) | वातावरण संरक्षण, वृक्षारोपण जस्ता कार्यक्रमहरू सञ्चालन गर्ने । | विपद्को १ महिना देखि ३ महिनादेखि निरन्तर | गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति |
| १६) | संरक्षण विषयगत क्षेत्रसँगसमन्वय गरी महिला,बालबालिका, जेष्ठ नागरिक र अपांगता भएका व्यक्तिहरूमाथि हुन सक्ने हिंसा, भेदभाव, वेचविखन, दुरूपयोग जस्ताकार्य रोक्न कार्य गर्ने । | विपद्को तत्काल पश्चात तथा निरन्तर | गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति |

# परिच्छेद-७

# बन्दोबस्तीका सामाग्रीहरूको आकलन तथा आवश्यकताको लेखाजोखा

कुनै पनि प्रकोपको कारण हुने विपद्जन्य घटनामा सम्बन्धित विषयगत क्षेत्रबाट वितरण गरिने राहात सामाग्रीहरु तथा तत्काल सेवा पुऱ्याउनका लागि चाहिने सामानहरु देहायका तालिकाहरुमा उपलब्ध भए बमोजिम सामावेश गरिएको छ।

## ७.१) विषयत क्षेत्र अन्तर्गत रहेका श्रोत साधनहरुको अबस्था

